स्वस्थ चर्चहरूको निर्माण

# चर्चका एल्डरहरु

येशूले जसरी
परमेश्वरका
जनहरुको हेरचाह
गर्ने तरिका

जेरमी रिनी

***Church Elders:***
***How to Shepherd God’s People Like Jesus***
Copyright © 2014 by Jeramie Rinne

Published by Crossway
A publishing ministry of Good News Publishers
Wheaton, Illinois 60187 U.S.A.

This edition published by arrangement with Crossway.

All rights reserved.

ISBN 978-9937-0-7060-7

Printed in Nepal by Samdan Publishers.

2020 – 1000 copies

# चर्चका एल्डरहरू

# परमेश्वरका जनहरूलाई येशूले जसरी हेरचाह गर्ने तरिका

## जेरमी रिनी

"पवित्र आत्माका अन्य दानहरूजस्तै, अगुवापन पनि ख्रीष्टको शरीरको सुधार गर्नको लागि हो । पावल तीतसलाई प्रष्टरूपमा भन्दछन् कि उचित अगुवापन स्थापित नभएसम्म चर्चमा सबै कुराहरू मिलेका हुँदैनन् । चर्चको जीवनमा हुने समाधान नभएका अधिकांश समस्याहरूको जरा त्रुटिपूर्ण अगुवापनमा रहेको हुन्छ । जेरमी रिनीले स्थानीय चर्चको एल्डरको परिचय र क्रियाकलापको बारेमा बाइबलले बताउने कुरालाई नयाँ तथा प्रष्ट तरिकाले प्रस्तुत गर्नुहुन्छ जुन अत्यन्तै उपयोगी छ । एल्डरहरूले एकसाथ बसेर यो पुस्तकलाई पढेर फाइदा लिन सक्दछन् र यो पुस्तकले चर्चलाई आफ्ना अगुवाहरूको निम्ति प्रार्थना गर्न र उनीहरूलाई सहायता गर्न लगाउँदछ ताकि तिनीहरूको काम आनन्दमय बनोस्, बोझ होइन ।"

**अलिस्टार बेग,** वरिष्ठ पास्टर, पार्कसाइड चर्च, क्लिभल्यान्ड, ओहायो

"जेरमी रिनी यो कुरा प्रमाणित गर्नुहुन्छ कि चर्चका एल्डरहरूको ओहोदा र सेवाको विषयमा पूर्ण तरिकाले र सङ्क्षिप्तरूपमा लेख्न

सम्भव हुन्छ । अनि यो कस्तो अमूल्य पुस्तक! मेरो विचारमा यो जानकारीमूलकमात्र छैन, तर आराधनामय पनि छ । म एक पास्टरको रूपमा प्रभु येशू र उहाँको चर्चलाई प्रेम गर्नमा यसले सहायता गर्दछ । यस विषयमा अति सजिलै पढ्न सकिने अर्को पुस्तकको बारेमा म सोच्न सक्दिनँ ।”

**जेरड सी. विल्सन,** पास्टर, मिडलटाउन स्प्रिङ्गस् कम्युनिटी चर्च, मिडलटाउन स्प्रिङ्गस्, भर्मन्ट;
गोस्पल वेकफुलनेस र द पास्टर्स जस्टिफिकेसनका लेखक

“के तपाईं आफ्नो चर्चमा परिपक्व मानिसहरूको भक्त समूह वृद्धि भइरहेको देख्न चाहनुहुन्छ जसले पूर्णकालीन पास्टरहरूसँग मिलेर चेला बनाउने कार्यमा चर्चमा गोठालो गर्ने, सिकाउने र तालिम दिने काम गर्दछन् ? बाइबलीयरूपमा प्रखर, बुद्धिले भरिपूर्ण र अति राम्रोसँग लेखिएको यो सानो पुस्तकले चर्च सेवकाइ तथा अगुवापनको अत्यन्तै सामूहिक स्वभावको बारेमा चर्चा गर्दछ । ‘एल्डरहरू’ कसरी नियुक्त गरिनुपर्दछ, उनीहरूलाई कसरी संयोजन गर्नुपर्दछ वा नाम दिनुपर्दछ भन्ने विषयमा तपाईको विचार जेसुकै भए पनि तपाईले यहाँ चुनौती पाउने, हौसला लिने र मार्गदर्शन पाउने धेरै कुरा भेट्टाउनुहुनेछ ।”

**टोनी पेइन,** प्रकाशक निर्देशक, मथियास मिडिया;
द ट्रेलिस एन्ड द भाइन का सहलेखक

## ९चिन्हहरू: स्वस्थ चर्चहरूको निर्माण

मार्क डेभर तथा जोनाथन लिमन्द्वारा सम्पादित

*व्याख्यात्मक प्रचार:* आज हामीले परमेश्वरको वचन बोल्ने तरिका
डेभिड हेल्म

*साँचो सिद्धान्त:* चर्च परमेश्वरको प्रेम र पवित्रतामा वृद्धि हुने तरिका
बबी जेमिसन

*सुसमाचार:* चर्चले ख्रीष्टको सुन्दरता झल्काउने तरिका
रे ओर्टलन्ड

*सुसमाचार प्रचार:* समग्र चर्चले येशूको बारेमा बोल्ने तरिका
जे. म्याक स्टाइल्स्

*चर्च सदस्यता:* संसारले येशूका प्रतिनिधिलाई चिन्ने तरिका
जोनाथन लीमन्

*चर्च अनुशासन:* चर्चले येशूको नामको सुरक्षा गर्ने तरिका
जोनाथन लीमन्

*चर्चका एल्डरहरू:* परमेश्वरका जनहरूलाई येशूले जसरी हेरचाह गर्ने तरिका
जेरमी रिनी

साउथ शोर ब्याप्टिस्ट चर्चका एल्डरहरू,
मेरा दाजुभाइको समूहप्रति समर्पित

# विषय सूची


श्रृङ्खलाको भूमिका ७

परिचयः "म एल्डर हुँ। अब के ?" ९

१. कुनै कुरा साँचो हो भनी यत्तिकै मानिलिने नगर्नुहोस् १५
२. भेडाजस्तै गन्ध आउने हुनुहोस् ३६
३. वचनको सेवा गर्नुहोस् ५४
४. बरालिएकाहरूलाई ठीक बाटोमा ल्याउनुहोस् ७१
५. अधिकार नजमाईकन अगुवाइ गर्नुहोस् ८८
६. मिलेर हेरचाह गर्नुहोस् १०६
७. परिपक्वता देखाउनुहोस् १२१
८. बगालको पक्षमा उभिनुहोस् १३६

निष्कर्षः गोठाले हेरचाह गर्नुको अनन्त महत्व १५३

टिपोटहरू १५६

साधारण सूची

पवित्रशास्त्रको सूची

# श्रृङ्खलाको भूमिका

एउटा स्वस्थ चर्च निर्माण गर्न सहायता गर्नु तपाईंको जिम्मेवारी हो भनी के तपाईं विश्वास गर्नुहुन्छ ? यदि तपाई क्रिश्चियन हुनुहुन्छ भने त्यो तपाईंको जिम्मेवारी हो भनी हामी विश्वास गर्दछौं ।

येशूले तपाईंलाई चेलाहरू बनाउन आज्ञा दिनुहुन्छ (मत्ती २८:१८-२०) । तपाईंले आफूलाई विश्वासमा बलियो पार्नुपर्दछ भनी यहूदा भन्दछन् (यहूदा २०-२१) । तपाईंका दानहरू प्रयोग गरेर अरूको सेवा गर्नुहोस् भनी पत्रुस तपाईंलाई आह्वान गर्दछन् (१ पत्रुस ४:१०) । प्रेममा सत्य बोल्न पावल तपाईंलाई आग्रह गर्दछन् ताकि तपाईंको चर्च परिपक्व बनोस् (एफिसी ४:१३, १५) । हामी यो कुरा कहाँ पाउँदैछौं भन्ने के तपाई देख्नुहुन्छ ?

स्वस्थ चर्चहरूको निर्माण पुस्तक श्रृङ्खलाको लक्ष्यचाहिँ तपाईंलाई यस्ता बाइबलीय आज्ञाहरू पूरा गर्न र त्यसो गरेर एउटा स्वस्थ चर्च निर्माणमा तपाईंको भूमिका पूरा गर्न सहायता गर्नु हो, चाहे तपाईं कुनै चर्चको सदस्य हुनुहोस्, चाहे अगुवा । यो कुरालाई यसरी पनि भन्न सकिएला: हामी आशा गर्दछौं

कि येशूले तपाईंको चर्चलाई प्रेम गर्नुभए जसरी तपाईंले पनि आफ्नो चर्चलाई प्रेम गर्ने गरी यी पुस्तकहरूले तपाईंलाई वृद्धि गराउनेछन् ।

९चिन्हहरूले एउटा स्वस्थ चर्चका नौ चिन्हहरू भनी हामीले भन्ने कुराहरू हरेकको बारेमा एउटा छोटो, पठनीय पुस्तक तयार पार्ने योजना गर्दछ । साथसाथै साँचो सिद्धान्तको विषयमा एउटा अर्को पुस्तक पनि प्रकाशन गर्ने यसको योजना छ । व्याख्यात्मक प्रचार, बाइबलीय ईश्वरशास्त्र, सुसमाचार, हृदय परिवर्तन, सुसमाचार प्रचार, चर्च सदस्यता, चर्च अनुशासन, चेलापन तथा वृद्धि र चर्च अगुवापनसम्बन्धी पुस्तकहरूको खोजी गर्नुहोस् ।

परमेश्वरको महिमा जातिजातिहरूको सामु प्रकट गर्नको निम्ति स्थानीय चर्चहरू अस्तित्वमा रहन्छन् । येशू ख्रीष्टको सुसमाचारमाथि हाम्रो आँखा केन्द्रित गराएर, मुक्तिको निम्ति उहाँमाथि भरोसा गरेर र त्यसपछि परमेश्वरको आफ्नै पवित्रता, एकता र प्रेमसहित एकअर्कालाई प्रेम गरेर हामी परमेश्वरको महिमा जातिजातिहरूको माझमा प्रकट गर्दछौं । तपाईले समातिरहनुभएको पुस्तकले तपाईलाई सहायता गरोस् भनी हामी प्रार्थना गर्दछौं ।

**पूरै आशाको साथमा**

**मार्क डेभर र जोनाथन लीमन्**

**श्रृङ्खला सम्पादकहरू**

# परिचय

## 'म एल्डर हुँ । अब के ?'

"मलाई सेमिनारीमा पास्टरीय सेवकाइको बारेमा नबताइएको कुरा" शीर्षक भएको पुस्तक धेरै पास्टरहरूले लेख्न सक्नुहुन्छ । त्यो पुस्तकमा सम्भवतः केही पीडादायी, गहन अध्यायहरू होलान्, जस्तै "विवादयुक्त व्यावसायिक वैठक सम्पन्न गर्ने तरिका" वा "तीन वर्षीय बालकको दाहसंस्कारमा बोल्ने कुरा" । पास्टरीय सेवकाइमा विभिन्न किसिमका कष्ट, निराशा र मन नै टुटाउने अवस्थाहरू आउँदछन् जसको निम्ति कुनै पनि विद्यालयले मानिसलाई तयार पार्न सक्दैन ।

तर सेवकाइमा अचम्म प्रकारले खुशीका क्षणहरू पनि आउँदछन् । म मेरो झुण्डसँग प्रेममा फस्नेछु वा मैले सबैभन्दा अगाडि बसेर परमेश्वरको विश्वासयोग्यता तथा सुसमाचारको शक्तिले मानिसहरूका जीवनमा काम गरेको हेर्न पाउनेछु भनी कुनै पनि सेमिनारीले मलाई बताएन ।

अनि मैले साधारण एल्डरहरूसँग काम गर्दाखेरी पाउने आनन्द र सन्तुष्टिको बारेमा कसैले मलाई अलिकति पनि बताएन ।

म साधारण एल्डरहरूलाई प्रेम गर्दछु। म ती मानिसहरूलाई देखेर आश्चर्यचकित भएको छु जसले कामको व्यस्तता र घरेलु जीवनको व्यवस्तताको बावजुद पनि आफ्ना स्थानीय चर्चहरूलाई अगुवाइ गर्नको लागि समय र पैसा, आँसु र प्रार्थनाको बलिदान चढाउँदछन् । तिनीहरूले मिलेर चुनौतीहरूको सामना गरेका, गल्तीहरू गरेका र उक्त प्रक्रियामा परिपक्व भएका नियाल्न मलाई मन पर्दछ । त्यो त बाह्रजना चेलाहरूसँग रहनुजस्तै हुन्छ जो परमेश्वरको अनुग्रहद्वारा असाधारण बोलावट पूरा गर्ने साधारण, त्रुटिपूर्ण मानिसहरू थिए। मेरो झुण्डका एल्डरहरू मेरो लागि त साँच्चै नै दाजुभाइहरूको समूह नै भएका छन्; मेरा सङ्गी गोठालाहरूबिना त म सेवकाइको कल्पना पनि गर्न सक्दिनँ।

मैले एल्डरहरूलाई प्रेम गर्ने अर्को कारण पनि छ: उहाँहरू परमेश्वरका चर्चहरूको अगुवाइ गर्नको लागि परमेश्वरको योजना हुनुहुन्छ । परमेश्वरले आफ्ना जनहरूको लागि सदैव गोठालाहरू उपलब्ध गराउनुभएको छ । उहाँले इस्राएललाई मोशा, शमूएल र न्यायकर्ताहरू दिनुभयो । उहाँले इस्राएलका उत्कृष्ट अगुवाको रूपमा राजा दाऊदलाई तयार पार्नुभयो । तैपनि दाऊदलगायत यी सबै मानिसहरू कुनै न कुनै तरिकाले असफल भए। दाऊदपछिका राजाहरूले परमेश्वरको बगाललाई मूर्तिपूजा र अन्यायतर्फ पुऱ्याए । त्यसैले ती भविष्यवक्ताहरूले आउनुहुने गोठाला, एकजना नयाँ "दाऊद" को विषयमा बोल्न थाले (उदाहरणको लागि, यशैया ९:१-७; इजकिएल ३४:२०-२४)।

परमेश्वरले दाऊदका पुत्र, असल गोठाला येशूलाई पठाएर आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो जसले भेडाको निम्ति आफ्नो जीवन

अर्पण गर्नुभयो र पुनर्जीवित हुनुभयो । तर त्यो कुरा त्यत्तिमै रोकिएन । येशूले आफू फेरि नआउँदासम्मको लागि साना गोठालाहरूको रूपमा उहाँको बगालको हेरचाह गर्नको लागि प्रेरितहरू र एल्डरहरू पनि दिनुभयो (एफिसी ४:७-१३; १ पत्रुस ५:१-४) । एल्डरहरू त येशूका चर्चहरूको हेरचाह गर्नको लागि उहाँलाई सहायता गर्ने व्यक्तिहरू हुन् ।

भक्त, असल अभिप्राय भएका र .... दुविधामा परेका

मैले यी कारणहरूले गर्दा एल्डरहरूलाई जति प्रेम गरे पनि एउटा समस्या दोहोरिरहेको देखेको छु । एल्डरहरू सामान्यतया भक्त र असल अभिप्राय भएका भएतापनि, एल्डर हुनु भनेको के हो भन्ने विषयमा तिनीहरू प्रायः दुविधामा पर्दछन् । तिनीहरूले गर्नुपर्ने कुराको विषयमा तिनीहरूसँग पूर्ण ज्ञान सदैव हुँदैन । अनि, साँच्चै भन्ने हो भने, हामी तलबी पास्टरहरू पनि त्यसरी नै दुविधामा पर्दछौं ।

फलस्वरूप, एल्डरहरूले चर्चको हेरचाह गर्नको लागि अगुवापनका अरू नै नमुनाहरू भित्राउन पुग्दछन् र ती नमुनाहरू सामान्यतया तिनीहरूका आफ्नै अनुभवहरू र पेशाहरूबाट ल्याउँदछन् । एल्डरहरूको प्रष्ट, बाइबलीय कार्यविवरण नपाएर, यी मानिसहरूले स्वाभाविकरूपमा नै आफूलाई थाहा भएको कुरामाथि भर पर्दछन् । एल्डरको कामलाई तिनीहरू यस्तो मानिलिन्छन्:

- विद्यालयको प्रशासन चलाउनु
- कम्पनी चलाउनु

- युद्धपोतलाई आदेश दिनु
- परियोजनाको प्रबन्ध गर्नु
- क्रियाकलापहरूको निर्देशन गर्नु
- सहायक ठेकेदारहरूको निरीक्षण गर्नु
- सल्लाहकार समितिमा सेवा गर्नु

जीवनको अनुभवका यी पक्षहरू एल्डरको अगुवापनमा सदैव उपयोगी प्रमाणित हुन्छन् । तैपनि चर्चको निरीक्षण गर्नुचाहिँ एउटा अद्वितीय काम हो ।

## “म एल्डर हुँ । अब के ?”

यो पुस्तकको लक्ष्य एल्डरहरूको निम्ति सङ्क्षिप्त, बाइबलीय कार्यविवरण प्रदान गर्नु हो । मैले एल्डरको कामको बारेमा सजिलै पढ्न सकिने, प्रेरणा दिने सारांश तयार पार्न चाहेको छु जुन कुनै नयाँ वा सम्भावित एल्डरलाई दिन सकियोस् जसले एल्डर के हो र एल्डरले के गर्दछ भनी जान्नुपर्दछ । यो पुस्तकले एकजना भक्त, असल अभिप्राय भएको मानिसलाई जवाफ दिने आशा म गर्दछु जसले यसरी सोध्दछः “म एल्डर हुँ । अब के ?”

तर यो पुस्तक हाल सेवारत वा आकांक्षी एल्डरहरूको निम्ति मात्र होइन । यो त चर्चका सदस्यहरूको निम्ति पनि हो । समग्र झुण्डले स्थानीय चर्चको निम्ति परमेश्वरले लिनुभएको योजना बुझ्नुपर्दछ र त्यसमा अगुवापनको निम्ति उहाँले लिनुभएको योजना पनि पर्दछ । चर्चका सदस्यहरू एल्डरको कार्यविवरणको बारेमा एल्डरहरूजत्तिकै दुविधामा पर्न सक्दछन् ।

त्यसैले म प्रार्थना गर्दछु कि चर्चका सदस्यहरू र अगुवाहरू

स्थानीय चर्चमा सेवकाइ तथा अगुवापनको बारेमा बाइबलीय दर्शनको आधारमा एकीकृत हुँदा यो पुस्तकले झुण्डहरूलाई स्वस्थ बनाओस् । म आशा गर्दछु कि आत्मिकरूपमा सुस्त, कुर्सी तातो हुने गरी बस्ने क्रिश्चियन मानिसहरूले यो पुस्तक पढून् र आफ्ना परिवारहरू तथा चर्चहरूको हेरचाह गर्ने उत्कट चाहना अनुभव गरून् । अन्त्यमा, परमेश्वरले यो सानो पुस्तकलाई चलाएर केही मानिसहरूलाई पेशाकै रूपमा पास्टरीय सेवकाइमा बोलावट दिएर तिनीहरूको जीवनको बाटो नै परिवर्तन गरिदिऊन् भनी म प्रार्थना गर्दैछु ।

## एल्डरहरू, निरीक्षकहरू र पास्टरहरू

शब्दभण्डारको विषयमा छोटो भनाइः म एल्डर र निरीक्षक शब्दहरूलाई एकअर्काको सट्टामा चलाउनेछु किनभने नयाँ करारले तिनलाई साटफेर गर्दै चलाउँदछ । एल्डरपदचाहिँ दुई नामहरू भएको एउटा काम हो ।

अँ, वास्तवमा त्यसका त तीनवटा नामहरू छन् । पास्टर (अर्थात् "गोठालो") शब्दले चर्चमा एल्डर र निरीक्षकको जस्तै ओहोदालाई जनाउँदछ भनी म अध्याय २ मा तर्क गर्नेछु । बाइबलीयरूपमा भन्नुपर्दा, एल्डरहरू पास्टर हुन्, जो निरीक्षकहरू हुन् । चर्चमा हामीले सामान्यतया "पास्टर" भन्ने व्यक्तिचाहिँ तलबी एल्डर हो र चर्चमा हामीले सामान्यतया "एल्डर" वा "निरीक्षक" भन्ने व्यक्तिचाहिँ बेतलबी, साधारण पास्टर हो ।

एल्डर वा गोठालो, निरीक्षक वा पास्टर, तलबी वा बेतलबी । यी सबै एउटै काम हुन् । तर त्यो काम के हो त ? एल्डरहरूले

स्थानीय चर्चमा के गर्नुपर्दछ ? येशूले आफ्ना साना गोठालाहरूको निम्ति के आज्ञा दिनुभएको छ ? तिनीहरूले त्यो मिसन पूरा गरिरहेका छन् कि छैनन् भनी तिनीहरूले कसरी जान्ने त ?

ती प्रश्नहरूको जवाफ दिनुभन्दा पहिला हामीले अझ साधारण एउटा काम गर्नुपर्दछ। हामीले एल्डर हुनको निम्ति आवश्यक पर्ने बाइबलीय योग्यताहरूलाई बुझ्नुपर्दछ । यदि तपाईंले एल्डरको पद धारण गर्ने बारेमा सोचिरहनुभएको छ भने तपाईंले सर्वप्रथम आफू तयार छु कि छैन भनी पत्ता लगाउनुपर्दछ !

# १

# कुनै कुरा साँचो हो भनी यत्तिकै मानिलिने नगर्नुहोस्

म किशोर छँदा नेभाडा राज्यको लस भेगस सहरको बाहिरपट्टि एउटा ब्याप्टिस्ट चर्चमा जाने गर्दथेँ । एल्डरहरूले अगुवाइ गरेका उक्त चर्चको विश्वासयोग्य सुसमाचारीय सेवकाइद्वारा म येशूको चेला बनेँ । छब्बीस वर्षको उमेरमा म मासाच्युसेट्स् राज्यको बस्टन उपनगरको बाहिरपट्टि रहेको एउटा सानो ब्याप्टिस्ट चर्चको वरिष्ठ पास्टर (वा तपाईंले वरिष्ठ एल्डर भन्न सक्नुहुन्छ) बनेँ । त्यसैले एल्डरहरूको बारेमा मलाई सबै कुरा थाहा थियो भनी तपाईंले मानिलिनुहोला । तर विश्वास गर्नुहोस् वा नगर्नुहोस्, एल्डर बनेपछि मात्र मैले एल्डरहरूको बारेमा बाइबलले भन्ने कुराबारे वास्तविकरूपमा अध्ययन गर्न थालेँ ।

मैले त्यसो गर्दाखेरि, दुई कुराहरूले मलाई छक्कै पारे । पहिलो, बाइबलले कति धेरै कुरा बताउँदछ भन्ने कुरा देखेर म अचम्मित भएँ । नयाँ करारका लगभग सबै लेखकहरूले एल्डरहरूको बारेमा बताउँदछन् । एल्डरको बारेमा एक दर्जनभन्दा बढी खण्डहरू पाइन्छन् । मलाई यो कुरा प्रष्ट भयो कि ख्रीष्टजस्ता एल्डरहरू चर्चका ऐच्छिक विशेषता होइनन्; तिनीहरू त परमेश्वरले आफ्ना

चर्चहरूको हेरचाह गर्नको लागि बनाउनुभएको योजनाका मुख्य भाग हुन् । मैले त्यो कसरी छुटाएँ त ?

दोस्रो, एल्डरहरूको बारेमा बाइबलले दिने कार्यविवरण र योग्यताहरू मैले मानिलिएको भन्दा कति भिन्दै रहेछन् भन्ने देखेर म छक्कै परेँ । मैले येशूलाई प्रेम गरेको, मसँग सेमिनारीको डिग्री भएको र मैले राम्रोसँग प्रचार गर्न सक्ने कारणले म पास्टर र एल्डर हुनको योग्य थिएँ भनी मैले सोचेको थिएँ । अरू के नै पो चाहिन्छ र ?

तपाईंले पनि मेराभन्दा भिन्दै कारणहरूले गर्दा एल्डर हुनु पो पर्दछ कि भनेर सोच्नुहुन्छ होला । सायद तपाईं एल्डर समितिमा सामेल हुने समय आइपुगेको छ भनी तपाईं विश्वास गर्नुहुन्छ होला किनभने तपाईं चर्चको विश्वासयोग्य सदस्य हुनुभएको छ । तपाईंले मिसन समितिमा दुई कार्यकाल सेवा गर्नुभएको छ, घरेलु बाइबल अध्ययन आयोजना गर्नुभएको छ र अरू शिक्षक नभेट्टाइएको बेलामा सन्डे स्कुलका नानीबाबुहरूलाई पढाउनुपनि भएको छ । तपाईंले आफ्ना उधारोहरू चुक्ता गर्नुभएको छ र अब तपाईंले अगुवाइ गर्ने पालो आएको छ ।

अथवा तपाईंले सोच्नुहोला कि तपाईं एल्डर समितिमा हुनै पर्दछ किनभने तपाईंले धेरै भेटी दिनुहुन्छ । तपाईंले चेक नकाटिदिनुभएको भए चर्च यो आर्थिक वर्षमा ऋणमुक्त हुनेथिएन । धेरै भेटी दिएको कारण धेरै कुरा बोल्न पाइन्छ र ठूल्ठूला समितिहरूमा बस्न पाइन्छ । तीचाहिँ नियमहरू हुन् । साथसाथै, तपाईंको चर्चले व्यवसायको थोरै ज्ञान भएको अगुवालाई चलाउन पनि सक्दछ ।

तपाईंले चर्चमा अगुवाइ गर्नुपर्दछ भन्ने पनि तपाईंले सोच्न सम्भव छ किनभने तपाईंले चर्चबाहिर अगुवाइ गर्नुहुन्छ। सायद तपाईंले एउटा कम्पनीको सफलतापूर्वक प्रबन्ध मिलाउनुहुन्छ, गैरनाफामूलक संस्थाको समितिमा हुनुहुन्छ, कुनै विभागको अध्यक्षता गर्नुहुन्छ, बटालियनलाई आदेश दिनुहुन्छ, वा कुनै समूहलाई प्रशिक्षण गर्नुहुन्छ । तपाईंको अगुवापनका सीपहरू, अनुभव र दानले तपाईंलाई एल्डरको उम्मेदवारको निम्ति योग्यको बनाइदिन्छन् भनी मानिलिनु उचित नै हो ।

ठीक ?

मैले परिचयमा उल्लेख गरेजस्तै, एल्डरको विषयमा तपाईंको पहिलो कर्त्तव्य भनेको बाइबलले दिने योग्यताहरूको आधारमा तपाईं साँच्चै एल्डर हुनुपर्दछ कि हुनुहुँदैन भनी अनुसन्धान गर्नु हो । यत्तिकै मानिलिने नगर्नुहोस् । तपाईंले एल्डरको रूपमा पहिला पनि सेवा गर्नुभएको छ भने पनि तपाईंको उम्मेदवारीलाई परमेश्वरको वचनले मूल्याङ्कन गर्नुहोस् ।

नयाँ करारबाट सङ्कलन गरिएका एल्डरका छवटा योग्यताहरू तल दिइएका छन् । तिनलाई प्रार्थनासहित पढ्नुहोस् । बारम्बार रोकिनुहोस् र मनन् गर्नुहोस् । त्यसबारेमा वार्तालाप गर्न अरूलाई निम्तो दिनुहोस् । यो खण्ड तपाईंकी श्रीमती, केही साथीहरू वा कोही एल्डरलाई देखाउनुहोस् र सोध्नुहोस्, "के यी योग्यताहरूले मलाई जनाउँदछन् ?"

## तपाईं एल्डरको रूपमा सेवा गर्न योग्यको हुनुहुन्छ भनी तपाईं जान्नुहुन्छ यदि....

### १. तपाईं एल्डर हुन चाहनुहुन्छ भने

एल्डरहरूको विषयमा नयाँ करारले दिने सबैभन्दा लामो शिक्षाहरूमध्ये एउटामा, प्रेरित पावल यसो भनेर सुरु गर्दछन्, "यो वचन विश्वासयोग्य छ- 'यदि कुनै मानिसले निरीक्षक पदको चाह गर्छन् भने उनले असल कामको चाह गर्छन्'" (१ तिमोथी ३:१)। पत्रुस यसलाई यसरी लेख्दछन्, "तिमीहरूका बीचमा भएको परमेश्वरको बगाललाई रेखदेख गर्दै गोठाला गर, करले होइन, तर स्वेच्छाले, परमेश्वरको इच्छा अनुसार" (१ पत्रुस ५:२)।

आकांक्षा । चाहना । स्वतन्त्रता । तपाईंले त्यसको चाहना गर्नुपर्दछ । विश्वासयोग्य गोठालोपनले तपाईंबाट धेरै कुरा माग्दछ। यदि तपाईंसँग उक्त भूमिकाको निम्ति भित्रैदेखि भोक छैन भने तपाईं अत्यन्तै थकित हुन सक्नुहुन्छ। साँच्चै नै, त्यसको अर्थचाहिँ एल्डर हुन चाहने हरेक व्यक्ति योग्यको हुन्छ भन्ने होइन । तर यसको अर्थ यो हो कि पर्याप्त चाहना छैन भने समस्या हुन्छ।

मेरो चर्चमा एकजना मानिस छन् जो एल्डर हुनको लागि अत्यन्त योग्यका छन्। हाम्रो नामाङ्कन समूहले तिनलाई एल्डरको रूपमा सेवा गर्न अनुरोध गऱ्यो । वास्तवमा, हामीले तिनलाई तीनपटक अनुरोध गऱ्यौं। तेस्रोपटकमा त जादू नै भयो किनभने तिनले अन्ततः मञ्जुरी जनाए। तर मैले तिनीसँग थप कुराकानी गर्दा यो कुरा प्रष्ट भयो कि तिनमा एल्डर हुने प्रबल चाहना नै

रहेनछ। तिनले आंशिकरूपमा सेवा गर्न सहमति जनाए किनभने तिनले त्यो प्रस्तावलाई पहिला दुईपटक अस्वीकार गरेका थिए। अन्त्यमा, तिनको चर्चप्रतिको कर्त्तव्यको भावनाले तिनलाई सेवा गर्नको लागि सहमति जनाउन बाध्य पाऱ्यो – यो त्यही कुरा हो जसको विरुद्धमा पत्रुसले चेतावनी दिए।

तिनले आफ्नो छिमेक र नगरमा सुसमाचार प्रचार गर्नको निम्ति फुर्सद निकाल्ने आफ्नो चाहनाको बारेमा पनि मलाई बताए। तिनले सुसमाचार प्रचार गरेर बगाल बढाउने चाहना गरेका बेलामा तिनले बगालको हेरचाह गर्नमा आफूलाई समर्पण गर्दा तिनमा आउन सक्ने निराशाको म कल्पनामात्रै गर्न सक्दथेँ। त्यसैले थप प्रार्थना गरेपछि तिनले आफ्नो मन परिवर्तन गरे र तेस्रोपटक पनि उक्त नामाङ्कनलाई साहसका साथ अस्वीकार गरे। हामीले सुसमाचार प्रचारकलाई झण्डै एल्डर बनाइदिएका थियौं।

सबै अभिप्रायहरू भक्तिमय नभए तापनि, तपाईंमा एल्डर हुने चाहना भित्रैदेखि हुनुपर्दछ। स्थानीय चर्चको हेरचाह गर्ने भक्तिमय लालसा के पवित्र आत्माले तपाईंको हृदयमा राखिदिनुभएको छ ? तपाईंलाई कुन कुराले अभिप्रेरणा दिइरहेको छ ?

## २. तपाईंले इश्वरीय चरित्रको उदाहरण देखाउनुहुन्छ भने

एल्डर हुनको लागि सबैभन्दा महत्वपूर्ण विशेषताचाहिँ एउटा संस्था चलाउने सीप हो भनी तपाईंले मानिलिनुहोला। व्यवस्थापन गर्ने दक्षताचाहिँ चर्चको निरीक्षक हुनुको एउटा अंश भए तापनि, नयाँ करारका लेखकहरूले पवित्र चरित्रमाथि अति धेरै जोर दिन्छन्। येशूका साना गोठालाहरूले येशूको चरित्र

देखाउनुपर्दछ । प्रष्टै देखिने नैतिक कमजोरीहरू भएका आकर्षक अगुवाभन्दा सामान्य अगुवापनका दानहरू भएका भक्त एल्डर उत्तम हुन् ।

पावलले दिएका निरीक्षकको योग्यताका दुईवटा सूचिहरूका यी खण्डहरू पढ्नुहोस् । यी गुणहरू त शूट सिलाएर लगाएझैं एल्डरलाई सुहाउने हुनुपर्दछः

> "यसकारण अध्यक्ष निर्दोष, एउटै पत्नीका पति, सतर्क, आत्मसंयमी, असल व्यवहार भएको, अतिथिलाई सत्कार गर्ने, सिकाउनमा सिपालु हुनुपर्छ, पियक्कड, मारपीट गर्ने, नीच कमाइको लोभी हुनुहुँदैन, तर कोमल हुनुपर्छ, झगडालु, पैसाको लोभी हुनुहुँदैन ।" (१ तिमोथी ३:२-३)

> "किनभने अध्यक्ष परमेश्‍वरका भण्डारी हुनाले दोषरहित हुनुपर्छ । आफ्नो हठमा चल्ने, झडङ्ग रिसाउने, पियक्कड, कुटामारी गर्ने, नीच कमाइको लोभी हुनुहुँदैन, तर पाहुनाहरूको सत्कार गर्ने, भलोको प्रेमी, आत्मसंयमी, न्यायी, पवित्र, इन्द्रियहरूलाई वशमा राख्ने हुनुपर्छ ।" (तीतस १:७-८)

ख्रीष्टको जस्तो चरित्रलाई महत्व दिँदै, आउनुहोस् अलि सुस्ताऔं र यी गुणहरूमध्ये केहीको बारेमा अझ विस्तृतमा हेरौं ।

निर्दोष । पावलले यी गुणहरूका सूचिहरूलाई "निर्दोष" र "दोषरहित" सहित सुरु गर्दछन् । यी विवरणहरूको अर्थ यो होइन कि एल्डरले पाप नै गरेको छैन र नैतिकरूपमा निष्कलङ्क जीवन जिउँदछ । त्यस्तो भएको भए त, चर्चहरूले आफ्ना एल्डरहरूलाई पदबाट हटाउनुपर्दथ्यो – तिनीहरू सबैलाई । बरू, एक निर्दोष

मानिसले त उदाहरणीय मात्रामा ख्रीष्टको जस्तो चरित्र प्रदर्शन गर्दछ जुन प्रष्ट देखिने पापदेखि मुक्त हुन्छ। "निर्दोष" हुनु भनेको "आदरणीय" (१ तिमोथी ३:२), "धर्मी" र "पवित्र" (तीतस १:८) हुनुजस्तै हो।

एल्डरका योग्यताहरूसम्बन्धी आफ्नो पुस्तकमा, थबिती अन्याब्विली यसलाई राम्रोसँग लेख्दछन्: "निर्दोष हुनुको अर्थ यो हो: एक एल्डर यस्तो किसिमको मानिस हुनुपर्दछ जसलाई कसैले पनि कुकर्म गरेको वा अनैतिकताको बारेमा शङ्का गर्दैन। यस्तो किसिमको मानिसलाई त्यस्ता कुराहरूको आरोप लगाइएको सुन्दा मानिसहरू झसङ्ग हुन्छन्।"

निर्दोष मानिसहरूलाई एल्डर हुन नामाङ्कन गर्नुले चर्चका अगुवाहरूप्रति चर्चको भरोसा जगाइदिन्छ। थप कुरा, चर्चका निर्दोष अगुवाहरूले समुदायमा चर्चको साक्षीलाई जोगाउँदछन्, किनकि पावलले यसो भने, "योबाहेक बाहिरकाहरूबाट पनि उनले असल नाम पाएको हुनुपर्छ; नत्र ता उनी निन्दा र शैतानको पासोमा पर्लान्" (१ तिमोथी ३:७)।

आत्मसंयमी। पावलका सूचिअनुसार, एल्डरहरू आत्मसंयमी, गम्भीर मनको, झडङ्ग नरिसाउने र अनुशासित हुनुपर्दछ। आत्मसंयमचाहिँ पवित्र आत्माको एउटा फल (गलाती ५:२३) र क्रिश्चियन जीवनको एउटा चिन्ह हो। छोटकरीमा, पवित्र आत्माले भरिएको मानिस आत्मसंयमी मानिस हो।

रोचक कुरा के भने, दुवै सूचिहरूमा पावल आत्मसंयमको कमीको एउटा निश्चित व्यवहारको विरुद्ध चेताउनी दिए:

पियक्कड कुलत । पियक्कड कुलतले जीवनहरू विनाश गर्दछ र मानिसहरूलाई थप पापमा पुऱ्याउँदछ । म एकजना मानिसलाई चिन्दछु जसले एल्डर भएपछि पियक्कड बानी त्यागिदिए । मद्यपान गर्ने सवालमा तिनी निर्दोष हुन र मद्यपानको कुलतसँग सङ्घर्ष गर्ने चर्चका सदस्यहरूको निम्ति नमुना बन्न चाहे । एल्डरहरू मद्यदेखि टाढै रहनुपर्दछ भनी पवित्रशास्त्रले माग नगरे तापनि, ती दाजुले देखाएका जस्तै आफैले अस्वीकार गर्ने क्षमता तिनीहरूमा हुनुपर्दछ ।

के तपाईंले मद्यपान, लागूऔषध, अश्लील चलचित्र वा जूवा खेल्ने गोप्य कुलतलाई लुकाउनुहुन्छ ? के तपाईंको रिसाउने, पैसा उडाउने, कसम खाने वा कुरा काट्ने बानी छ ? के तपाईंले आफ्ना केही बानी लागेका पापहरूलाई क्रूसमा टाँग्न र आत्मसंयम विकास गर्नको निम्ति केही समयको लागि एल्डरपदमा बस्न स्थगित गर्नुपर्दछ ?

कोमल । एउटा प्रख्यात स्वाहिली उखान छः "हात्तीहरूको झगडा भयो भने घाँस माडिन्छ ।" त्यसै गरी, चर्चका गोठालाहरू झगडालु र मारपीट गर्ने भए भने भेडाहरूलाई चोट पुग्छ । त्यसैकारण पावलले भने कि योग्यको एल्डरचाहिँ "मारपीट गर्ने हुनुहुँदैन, तर कोमल हुनुपर्छ; झगडालु हुनुहुँदैन" (१ तिमोथी ३:३) र "आफ्नो हठमा चल्ने, झडङ्ग रिसाउने हुनुहुँदैन" (तीतस १:७) । अहङ्कारी, अधिकार चलाउने, वादविवाद गर्ने, बलजफती गर्ने, रूखो, रिसाहा, झडङ्ग रिसाउने निरीक्षकहरूले चर्चका सदस्यहरूलाई कुल्चिमिल्ची पार्दछन् ।

बरू, एल्डरहरू त कोमल तथा बलियो हुनुपर्दछ। कोमलताको अर्थ कमजोरी वा कायरता होइन। कोमल एल्डरहरूले गोठालाको नम्रता र प्रेमी बुबाको सम्वेदनशीलतासहित आफ्नो अधिकारलाई चलाउँदछन् । एकपटक मैले एउटा टेलिभिजन कार्यक्रम हेरेँ जसमा एउटा कछुवा घस्रिँदै एउटा हात्तीको छेउमा गयो जसले पानी पिइरहेको थियो। त्यो हात्तीले तल हेऱ्यो र त्यो कछुवालाई खुट्टाले सावधानीसाथ एकातिर सारिदियो ताकि त्यसले दुर्घटनावश त्यो कछुवालाई नकुल्चियोस् । त्यो विशाल जनावरले त्यस्तो वास्ता गरेको देख्दा म छक्कै परेँ । चर्चका अगुवाबाट कोमलता अनुभव गर्दा मानिसहरू त्यसरी नै अचम्मित हुन्छन् ।

तपाईं कोमल हुनुहुन्छ कि रूखो हुनुहुन्छ ? तपाईं शान्ति स्थापना गराउने हुनुहुन्छ कि झगडा सुरु गराउने हुनुहुन्छ ? तपाईं अरूको कुरा राम्रोसँग सुन्नुहुन्छ कि अरू बोल्दाबोल्दै आफ्ना विचारहरू व्यक्त गर्नुहुन्छ ? यी कुराहरू आफैले नाप्न कठिन हुन्छ । साहसिलो हुनुहोस् र तपाईंको साँचो मूल्याङ्कन गरिदिन चर्चका बुद्धिमान् सदस्यहरूमध्ये केहीलाई अनुरोध गर्नुहोस् ।

लोभी हुनुहुँदैन। एल्डरहरू "पैसाको लोभी" हुनुहुँदैन। पत्रुसले भने कि एल्डरहरूले "नीच कमाइको निम्ति होइन, तर इच्छापूर्वक" सेवा गर्नुपर्दछ (१ पत्रुस ५:२) । यी शब्दहरूले ती पास्टरहरूलाई नमीठो तरिकाले हप्काउँदछन् जसले आफ्ना सेवकाइहरूलाई धनी हुने र सम्पन्न जीवन जिउनको लागि प्रयोग गर्दछन् । भेडाको ऊन कत्रने गोठालाहरूदेखि होसियार रहनुहोस् ।

नीच कमाइको लोभचाहिँ तलबी पास्टरहरूको मात्र समस्या

होइन । पैसा कमाउने पेशामा लागेका साधारण एल्डरहरूले झुण्डको वास्ता गर्नको लागि समय र शक्ति खर्च गर्न कठिन हुन्छ । कहिलेकाहीँ लोभी साधारण एल्डरहरूले चन्दाहरू दिएर चर्चलाई चलाउन खोज्दछन् । तिनीहरूले चर्चका बजेटहरू नियन्त्रण गर्लान् र आफूलाई मन पर्ने सेवकाइहरूको लागि रकम छुट्ट्याउलान् । तिनीहरूले कोषाध्यक्षको मासिक प्रतिवेदनको आधारमा चर्चको स्वास्थ्य तथा सफलताको मूल्याङ्कन गर्दछन् । पैसाको लोभ गर्ने मानिसहरूले चर्चको अगुवाइ गर्दा गरीबहरूको निम्ति खर्च गर्ने, चर्च स्थापना गर्ने र विश्वव्यापी सुसमाचार प्रचारका कामहरू सुकेर जान्छन् । लोभी एल्डरको सानो राज्यलाई प्रत्यक्षरूपमा लाभ नपुऱ्याउने कामहरूमा किन प्रशस्त लगानी गर्ने ?

तपाईंले पैसासँग कस्तो व्यवहार गर्नुहुन्छ ? के तपाईं त्यसलाई प्रेम गर्नुहुन्छ र त्यो थुपार्नकै निम्ति जिउनुहुन्छ ? कि तपाईं स्थानीय चर्चलाई, सुसमाचार प्रचारको लागि र अरूको खाँचो पूरा गर्नको लागि दिन पाउँदा आनन्द मान्नुहुन्छ ? के तपाईं प्रेमसहित दिनुहुन्छ वा केहि पाउने अपेक्षा राखी दिनुहुन्छ ? के तपाईंले शर्त राखेर भेटी दिनुहुन्छ ? होसियारीपूर्वक आफैलाई जाँच्नुहोस्, "किनकि रुपियाँ-पैसाको प्रेमचाहिँ सबै खराबीको जरा हो" (१ तिमोथी ६:१०) ।

अगाडि बढ्नुभन्दा पहिला, केही बेर रोकिनुहोस् र प्रभु येशूको बारेमा सोच्नुहोस् । धार्मिक अगुवाहरूले उहाँलाई दियाबलससँग मिलेको आरोप लगाउँदा ती आरोपहरू टिकेनन् किनभने उहाँ निर्दोष हुनुहुन्थ्यो । तरवार घुमाउने पत्रुसले उहाँलाई पक्रनेहरूदेखि

उम्कने मौका प्रदान गर्दा उहाँ आत्मसंयमी रहनुभयो र उहाँ तथा पिताले क्रूसमा योजना गर्नुभएको कुरा पूरा गर्न अटल रहनुभयो । कमजोर, दुःखित र बिरामीहरूसँग व्यवहार गर्दा उहाँ कोमल हुनुहुन्थ्यो । दियाबलसले उहाँलाई संसारका राज्यहरू दिने प्रस्ताव गर्दा उहाँ लोभी हुनुभएन । यी सबै क्षणहरूमा प्रभु येशूले परमेश्वरका भेडाहरूका सिद्ध गोठालाको रूपमा काम गरिरहनुभएको र आजका चर्चहरूमा रहेका एल्डरहरूको निम्ति एउटा नमुना दिइरहनुभएको थियो ।

## ३. तपाईंले बाइबल पढाउन सक्नुहुन्छ भने

एक निरीक्षक "सिकाउनमा सिपालु" हुनुपर्दछ भनी पावलले भने (१ तिमोथी ३:२) । बाइबल सिकाउनुचाहिँ एल्डरको गोठाले कामको प्रमुख पक्ष हो । हामी अध्याय ३ मा शिक्षणको बारेमा बढी चर्चा गर्नेछौं । तर अहिलेको लागि, यो कुराबारे मनन् गर्नुहोस्: "के मैले परमेश्वरको वचनबाट उल्लेखनीय प्रभाव पार्ने गरी अरूलाई सिकाएको छु ?"

वर्षौंसम्म, हाम्रा चर्चका एल्डरहरूले एल्डरपदका सम्भावित उम्मेदवारहरूको बारेमा छलफल गरेका छन् । कतिपटक, कसैले एकजना मानिसलाई प्रस्ताव गर्दछ जो वर्षौंदेखी विश्वासी र चर्चको विश्वासयोग्य सदस्य भएको छ । हामी त्यो मानिसको भक्तिमय चरित्र र उसको सफल वैवाहिक जीवनको बारेमा कुरा गर्दछौं । उसले सेवा पुऱ्याएका सेवकाइहरू र समितिहरूको सूची हामी बनाउँदछौं र महसुस गर्दछौं कि यो मानिसले सयौं घन्टा स्वयंसेवा गरेको छ । हामी जति बढी कुरा गर्दछौं, त्यो मानिस

एल्डर हुनै पर्दछ भन्ने कुरा त्यति नै बढी प्रष्ट हुन्छ।

त्यसपछि कसैले सोध्दछ, "के उसले बाइबल सिकाउन सक्दछ ?"

पक्कै पनि त्यो व्यक्तिले आफ्नो भक्तिको उदाहरणद्वारा हामीलाई सिकाएको छ। तर एक एल्डर सिकाउन सिपालु हुनुपर्दछ भन्दाखेरि पावलको आशय त्यो थिएन। तिनले त फलदायी तरिकाले सुसमाचार र बाइबलीय सिद्धान्त मौखिकरूपमा सञ्चार गर्न सक्ने पो भनेका थिए। एक एल्डर "आफूले पाएको शिक्षामुताबिक विश्वासयोग्य वचन बलियोसँग पक्रेर खाँटी शिक्षाद्वारा विरोधीहरूलाई अर्ती दिन र कायल गराउन सक्ने हुनुपर्छ" (तीतस १:९)।

केही अवस्थाहरूमा, ती भाइले कहिल्यै पनि, घरेलु सङ्गतिजस्तो सानो जमघटमा पनि सिकाएका छैनन् भन्ने कुरा हामी जान्दछौं। त्यसैले हामी एल्डरको चयन गर्ने कार्यलाई थाती राख्दछौं र अनुगमन गर्ने वार्तालापहरूमा त्यो मानिससँग त्यस विषयबारे अनुसन्धान गर्दछौं।

येशूले जसरी एल्डरहरूले बगालको गोठालो गर्दछन्। जसरी प्रभु येशूले अधिकारसहित परमेश्वरको वचन घोषणा गर्नुभयो, त्यसरी नै सम्भावित एल्डरहरू पनि राम्रोसँग बाइबल सिकाउने भनी चिनिनुपर्दछ।

## ४. तपाईंले आफ्नो परिवार राम्रोसँग चलाउनुहुन्छ भने

अमेरिकी समाजले सार्वजनिक र निजी जीवन, कार्यालय र घरबीच प्रष्ट भिन्नता छुट्ट्याउँदछ। मुनाफा बढाउने र कम्पनीका

लक्ष्यहरू पूरा गर्ने क्षमताको आधारमा व्यावसायिक अगुवाको मूल्याङ्कन गरिन्छ, उसको वा उनको व्यक्तिगत जीवनको गुणस्तरको आधारमा होइन । अगुवाको घरको संसार – छोराछोरी, वैवाहिक तथा यौन जीवन – अरू कसैको सरोकारको विषय होइन ।

तर परमेश्वरको परिवारमा, एक एल्डरको घरेलु जीवन अत्यन्तै महत्वपूर्ण हुन्छ । वास्तवमा, वैवाहिक जीवन तथा अभिभावकको भूमिकाले एल्डरको योग्यतालाई प्रमाणित गर्ने आधारको रूपमा काम गर्दछन् । कुनै मानिसले निभाउने पारिवारिक अगुवाको भूमिकाले उसलाई चर्चको अगुवापदको निम्ति योग्यको बनाउने तीन तरिकाहरूबारे सोचविचार गर्नुहोस् । एक एल्डर यस्तो हुनुपर्दछ :

एउटै स्त्रीसँग बस्ने पुरुष । अधिकांश अङ्ग्रेजी बाइबलले पावलका शब्दहरूलाई यसरी अनुवाद गर्दछन्: "एउटै पत्नीको पति" (१ तिमोथी ३:२; तीतस १:६), तर कतिपयले ती शब्दहरूलाई यसरी व्यक्त गर्दछन्: "एउटै स्त्रीसँग बस्ने पुरुष" । यो वाक्यांशलाई ठीक तरिकाले कसरी उल्था गर्ने भनेर जान्न कठिन छ । तर कम्तिमा पनि, यसले एक विश्वासयोग्य पतिको अर्थ दिन्छ जसले विवाहको पवित्र करारलाई आदर गर्दछ ।

के तपाईं आफ्नी पत्नीप्रति यौनिकरूपमा विश्वासयोग्य रहनुभएको छ ? के तपाईं बारम्बार अश्लील वेभसाइटहरू हेर्नुहुन्छ ? के तपाईंले कहिल्यै विवाहविच्छेद गर्नुभएको छ ? ठीक अहिले तपाईं र तपाईंकी पत्नीबीच कस्तो सम्बन्ध छ ? कसैको पनि वैवाहिक सम्बन्ध काल्पनिक सुमधुर कथाको जस्तो, समस्यारहित

हुँदैन । तर यदि तपाईंको वैवाहिक सम्बन्धमा समस्या छ (वा अझ खराब अवस्था छ) वा विगतमा तपाईंको वैवाहिक जीवन असफल भएको छ भने तपाईंले एल्डरपदको चाहना गर्नुभन्दा पहिला केही बुद्धिमान् एल्डरहरू र पास्टरहरूसँग कुराकानी गर्नुपर्दछ । यदि तपाईंले ख्रीष्टकी दुलहीको हेरचाह गर्न चाहनुहुन्छ भने तपाईंले आफ्नी दुलहीसँग कस्तो सम्बन्ध राख्नुहुन्छ भन्ने कुरा अत्यन्तै महत्वपूर्ण हुन्छ ।

एक एल्डर "एउटै स्त्रीसँग बस्ने पुरुष" हुनुपर्दछ भन्ने योग्यताले के अविवाहित दाजुभाइहरूलाई एल्डरपदको निम्ति अयोग्य बनाइदिन्छ ? पावलले अविवाहित भएको कारण सेवकाइमा हुने फाइदाहरूबारे प्रष्टरूपमा जतातत‍ै सिकाएका छन् साथै तिनले अविवाहित प्रेरित भनी आफ्नै उदाहरण पनि दिएका छन् (१ कोरिन्थी ७:७, २५-३८) । त्यसैले अविवाहित अवस्थाले कुनै पुरुषलाई निरीक्षकको पदको निम्ति अयोग्य बनाउनुहुँदैन जस्तो देखिन्छ । तैपनि, यदि तपाईं अविवाहित हुनुहुन्छ भने आफैसँग सोध्नुहोस्: "के मैले यौनिक शुद्धता कायम राखेको छु ? मेरा केटी साथीसँगका सम्बन्धहरूमा के म निर्दोष छु ?"

एक प्रभावशाली बुबा : एल्डरहरूको निम्ति व्यवस्थापनको सीप महत्वपूर्ण हुन्छ । निरीक्षकहरूमा अगुवापनको गुण हुनुपर्दछ जुन अर्थ त "निरीक्षक" शब्दभित्रै लुकेको हुन्छ । तैपनि, हामी "व्यवस्थापन" लाई विशेषगरी कामदारहरू र नीतिहरू, आर्थिक कुराहरू र रणनैतिक योजनाहरूसँग जोडिदिन्छौं । तर पावलको दिमागमा चाहिँ व्यवस्थापन गर्ने भिन्दै स्थान थियो: छोराछोरी र घर ।

एक एल्डर “आफ्ना छोराछोरीहरूलाई सारा गम्भीरतासाथ अधीनमा राखेर आफ्नो घरलाई राम्ररी सञ्चालन गर्ने हुनुपर्छ; किनकि जसले आफ्नो घरको सञ्चालन गर्न जान्दैन, त उसले परमेश्वरको मण्डलीको रेखदेख कसरी गर्न सक्ला ?” (१ तिमोथी ३:४-५) ।

एक बुबा हुनु र एक एल्डर हुनुबीचका समानताहरू के तपाईं देख्न सक्नुहुन्छ ? दुवै अवस्थाहरूमा, एक पुरुषले अगुवापनको भूमिका बहन गर्दछ । दुवैमा, उसले नै आफ्नो मातहतमा रहेका व्यक्तिहरूलाई वृद्धि गराउने र मिलापमा एकसाथ जिउने प्रमुख जिम्मेवारी बहन गर्दछ । अभिभावकको भूमिका निभाउने र एल्डरको भूमिका निभाउने दुवैको लक्ष्यचाहिँ सामुदायिक सन्दर्भमा मानिसहरूलाई परिपक्वतातर्फ अगुवाइ गर्नु हो । पहिला आफ्नै परिवारको गोठालो गरेर परमेश्वरको परिवारको गोठालो गर्न सिक्नुहोस् ।

तपाईंका छोराछोरी सुबासिला छन् कि छाडा छन् ? के तपाईंले घरमा आफ्ना छोराछोरीलाई परमेश्वरको वचन र सुसमाचारबाट शिक्षा दिइरहनुभएको छ ? कि तपाईंका छोराछोरी तपाईंको अति धेरै कठोरताद्वारा वा तपाईंले पर्याप्त समय नदिनुभएर रिसाएका छन् (एफिसी ६:४) ? के तपाईंको घरको वातावरण अत्यन्तै शिक्षा दिने र क्रमबद्ध छ कि विषाक्त र भद्रगोल छ ?

के यो खण्डले निसन्तान दाजुभाइहरूलाई एल्डरपदमा बस्न दिँदैन ? अहँ, सैद्धान्तिकरूपमा त होइन । तैपनि, यदि कुनै विवाहित पुरुषले छोराछोरीले दखल नपुऱ्याऊन् भनी निश्चित

जीवनशैलीमा आनन्द लिनको निम्ति सन्तान जन्माउन अस्वीकार गर्दछ भने हामी चनाखो हुनुपर्दछ । के संसारप्रतिको प्रेमले उसलाई यो आधारभूत वैवाहिक आज्ञा पालन गर्नदेखि रोकेको छ, “फल्दै र वृद्धि हुँदै जाओ” (उत्पत्ति १:२८) ? तर कुनै पुरुष उसको नियन्त्रणभन्दा बाहिरका कारणहरूले गर्दा निसन्तान भएको छ भने उसले आफ्नो जीवनको कुनै समयमा फलदायी चेला बनाएर देखाउनुपर्दछ । त्यो सिद्धान्त यस्तो हुन्छः ती मानिसहरूलाई गोठालाहरूको रूपमा नियुक्त गर्नुहोस् जो पहिलादेखि नै प्रभावकारी गोठालोपनमा सङ्लग्न हुन्छन् ।

अतिथिसत्कार गर्ने । निरीक्षकहरू “अतिथिसत्कार गर्ने” हुनुपर्दछ भनी पावलले दुईपटक आज्ञा दिए (१ तिमोथी ३:२; तीतस १:८) ।

अतिथिसत्कार गर्ने गुणले खाँचोमा परेका, हराएका र एक्ला व्यक्तिहरूप्रति दया, कृपा र वास्ता प्रकट गरिदिन सक्दछ, जुन सबै गुणहरू एल्डरलाई सुहाउँदछन् । तर अतिथिसत्कारको गुणले अर्को एउटा काम पनि गर्दछः यसले तपाईंको परिवारको व्यवहार अरूलाई देखाइदिन्छ ।

तपाईंको घरमा खाना खान आउँदा अरूले के देख्दछन् ? साँच्चै नै, तिनीहरूले त्रुटिरहित परिवार त देख्दैनन् । तर के तपाईंका पाहुनाहरूले तपाईं र तपाईंकी पत्नीको बीचमा आत्मीय र आपसी आदरका बोलीहरू र सङ्केतहरू पत्ता लगाउँदछन् ? तपाईं र तपाईंका छोराछोरीको बीचमा पनि ? छोराछोरीले तपाईंको आज्ञापालन गरेका र छोराछोरीले तपाईंको अवज्ञा

गर्दा तपाईंले उचित तरिकाले व्यवहार गर्नुभएको के तिनीहरू देख्दछन् ? तपाईंको घर नै चर्च भएको भए के तपाईंका पाहुनाहरू अर्कोपटक पनि त्यहाँ आउन चाहन्छन् होला ?

## ५. तपाईं पुरुष हुनुहुन्छ भने

अहिलेसम्म यो कुरा प्रष्ट हुनुपर्दछ, तर म यसलाई प्रष्टरूपमा भन्न चाहन्छु: परमेश्वरले पुरुषहरूलाई, र पुरुषहरूलाई मात्र, चर्चका एल्डरहरू हुन बोलाउनुभएको छ। केही अवलोकनहरूबारे सोचविचार गर्नुहोस्:

- हामीले देखिसकेका छौं, पावलले भिन्दाभिन्दै सन्दर्भहरूमा दुईपटक भने कि एक निरीक्षक एउटै स्त्रीसँग बस्ने पुरुष हुनुपर्दछ।
- निरीक्षकहरूको बारेमा चर्चा गर्नुभन्दा ठीक अगाडि पावलले भने, "तर म स्त्रीलाई शिक्षा दिने अनुमति दिन्नँ, न त पुरुषमाथि अधिकार जमाउने अनुमति नै दिन्छु" (१ तिमोथी २:१२)। तत्कालको सन्दर्भलाई हेर्दा, यो पद कम्तिमा पनि निरीक्षकको भूमिकाप्रति लागू हुनुपर्दछ, जसलाई आधारभूतरूपमा शिक्षा दिने र अधिकार चलाउने दुवै कामद्वारा परिभाषित गरिन्छ।
- पावलले चर्चको अगुवाइ गर्नुलाई एउटा परिवारको अगुवाइ गर्नुसँग जोडिदिए। जसरी परमेश्वरले पुरुषहरूलाई वैवाहिक जीवनमा र अभिभावकको भूमिकामा अगुवाइ गर्न बोलाउनुभएको छ (एफिसी ५:२२-६:४), त्यसरी नै उहाँले चर्च परिवारमा अगुवाइ गर्नको लागि पुरुषहरूलाई बोलाउनुहुन्छ।

के यसको अर्थ स्त्रीहरूले कहिल्यै पनि सिकाउनुहुँदैन वा गोठालो गर्नुहुँदैन, पाप देखाइदिनुहुँदैन वा भक्तिको नमुना देखाउनुहुँदैन भन्ने हो त ? कदापि होइन । तपाईंले ती भक्त स्त्रीहरूको बारेमा सोच्नुहोला जसलाई परमेश्वरले तपाईंको गोठालो गर्न र तपाईंलाई साध्नको लागि चलाउनुभएको छ । म पनि त्यस्ता स्त्रीहरूको बारेमा सोच्न सक्दछु । तर एल्डरपदचाहिँ कुनै दान पाउनु वा सेवकाइभन्दा ठूलो कुरा हो । एल्डर ले एउटा निर्दिष्ट ओहोदालाई जनाउँदछ जुन परमेश्वरले दिनुभएको भूमिका हो, एउटा स्थानीय चर्चको साङ्गठनिक संरचनाभित्रको एउटा विशेष ओहोदा हो, जसरी बुबा चाहिँ परिवारमा परमेश्वरले दिनुभएको विशेष ओहोदा हुन्छ । अनि बुबाको भूमिकामा जस्तै, परमेश्वरले सार्वभौमिकरूपमा योग्य पुरुषहरूलाई एल्डरको भूमिकामा बोलाउनुभएको हुन्छ ।

## ६. तपाईं एक स्थापित विश्वासी हुनुहुन्छ भने

नयाँ क्रिश्चियनहरूले एल्डरहरूको रूपमा सेवा गर्नुहुँदैन भनी पावलले चेताउनी दिए: “नयाँ चेला नहोऊन्; नत्र त घमण्डले फुलिएर उनी शैतानको दण्डमा पर्लान्” (१ तिमोथी ३:६) ।

कहिलेकाहीँ भर्खरै उद्धार गरिएका क्रिश्चियनहरूले आत्मिक जोश, तीव्र रूपान्तरण र निडर सुसमाचार प्रचारद्वारा हामीलाई छक्कै पार्दछन् । तर त्यो सशक्त नयाँ क्रिश्चियनलाई छिट्टै एल्डरपदमा राख्नमा भने ढिलो हुनुहोस् । ऊ वृद्धि हुन र भविष्यमा परीक्षामा पर्न अझ धेरै बाँकी हुन्छ । एल्डर शब्दको अर्थ बुद्धि र अनुभव हो जुन कुराहरू नयाँ विश्वासीमा हुँदैनन् ।

यदि तपाईं भर्खरै प्रभुमा आउनुभएको छ भने तपाईंका जराहरू ख्रीष्टमा अति गहिरोसम्म गाड्नमा ध्यान केन्द्रित गर्नुहोस् । आत्मिक घमण्डमा नपर्न होसियार हुनुहोस् । वास्तवमा, एक कदम पछि हटेर यसो भनौं: तपाईं साँच्चै प्रभुमा परिवर्तन हुनुभएको छ भन्ने कुरा निश्चित गर्नुहोस् । यत्तिकै नमानिलिनुहोस् ! के तपाईंले आफ्नो पापको पश्चात्ताप गर्नुभएको र येशूले तपाईंलाई क्षमा दिनुहुन्छ भनी उहाँमाथि भरोसा गर्नुभएको छ ? प्रभु येशूको मृत्यु र पुनर्जीवनले मात्र तपाईंलाई नरकदेखि उद्धार गर्न र तपाईंलाई परमेश्वरसँग पुनर्मिलापमा ल्याउन सक्दछ भनी के तपाईं विश्वास गर्नुहुन्छ ? के तपाईं फेरि जन्मिनुभएको छ ? साँचोरूपमा प्रभुलाई ग्रहण नगरेका पास्टरहरू र एल्डरहरू नियुक्त गर्नुले जति अरू कुनै पनि कुराले चर्चहरूलाई बर्बाद पार्दैनन् । यदि कुनै व्यक्ति क्रिश्चियन नै होइन भने कसरी उसले येशूको सानो गोठालोको रूपमा सेवा गर्न र येशूको चरित्र झल्काउन सक्दछ ?

हाम्रो चर्चले वार्षिक सभामा एल्डरहरू नियुक्त गर्दछ । त्यो सभामा हामी एल्डरका उम्मेदवारहरूलाई तिनीहरूले कसरी प्रभु येशूमा पश्चात्ताप र विश्वास गरे भन्ने कथा भन्न अनुरोध गर्दछौं । ती उम्मेदवारहरू प्रायः पुरुषहरू हुन्छन् जसलाई हामीले वर्षौंदेखि जानेका हुन्छौं र जसले पहिला पनि एल्डरहरूको रूपमा सेवा गरेका हुन्छन् । तर ती पुरुषहरूले प्रभु येशूमाथिको आफ्नो विश्वासलाई एकपटक फेरि स्वीकार गरेका चर्चले सुन्न चाहन्छ । हाम्रो चर्चले यो अभ्यास कहिले सुरु गऱ्यो भन्ने मलाई थाहा छैन, तर हामी कहिल्यै पनि रोकिँदैनौं भनी म आशा गर्दछु ।

## के त्यो तपाईं हुनुहुन्छ ?

तपाईंले ठीक अहिले नै एउटा काम गर्नुहोस् भन्ने म चाहन्छु। अर्को अध्याय सुरु गर्नुभन्दा पहिला १ तिमोथी ३:१-७ पढ्नुहोस्। त्यसलाई चर्को गरी पढ्नुहोस्। म अति गम्भीर भएर भन्दैछु। आवश्यक परेमा कुनै एकान्त ठाउँमा जानुहोस् र चर्को गरी ती पदहरू पढ्नुहोस्:

> यो वचन विश्वासयोग्य छ - यदि कुनै मानिसले निरीक्षकको पदको चाह गर्छन् भने उनले असल कामको चाह गर्छन्। यसकारण निरीक्षक निर्दोष, एउटै पत्नीका पति, सतर्क, आत्मसंयमी, असल व्यवहार भएको, अतिथिलाई सत्कार गर्ने, सिकाउनमा सिपालु हुनुपर्छ, पियक्कड, मारपीट गर्ने, नीच कमाइको लोभी हुनुहुँदैन, तर कोमल हुनुपर्छ, झगडालु, पैसाको लोभी हुनुहुँदैन। आफ्ना छोराछोरीहरूलाई सारा गम्भीरतासाथ अधीनमा राखेर आफ्नो घरलाई राम्ररी सञ्चालन गर्ने हुनुपर्छ। जसले आफ्नो घरको सञ्चालन गर्न जान्दैन, त उसले परमेश्वरको मण्डलीको रेखदेख कसरी गर्न सक्ला ? नयाँ चेला नहोऊन्, नत्र त घमण्डले फुलिएर उनी शैतानको दण्डमा पर्लान्। योबाहेक बाहिरकाहरूबाट पनि उनले असल नाम पाएको हुनुपर्छ; नत्र ता उनी निन्दा र शैतानको पासोमा पर्लान्।

मलाई पास्टरीय सेवकाइको निम्ति अभिषेक गर्नको लागि जाँच गर्ने बेलामा मलाई एकजना मानिसले त्यस्तै गर्न लगाएका थिए। त्यसैले मैले मेरो बाइबल खोलेर १ तिमोथी ३:१-७ चर्को

गरी पढेर ती मानिस र त्यो कोठामा रहेका अरूलाई सुनाएँ। मैले पढिसकेपछि ती मानिसले मलाई भने: "त्यो पढ्नुभएकोमा तपाईंलाई धन्यवाद। मसँग एउटामात्र प्रश्न छ। के त्यो तपाईं हुनुहुन्छ ?" त्यसपछि तिनी बसे।

यदि हामी प्रभु येशूका चर्चहरूको अगुवाइ गर्न चाहन्छौं भने हामी येशूजस्तै हुनुपर्दछ र येशूमा यी सबै विशेषताहरू छन्। भेडाहरूले हुनेवाला साना गोठालाहरूका जीवन र चरित्रमा प्रमुख गोठालाका बलिया गुणहरू पत्ता लगाउनुपर्दछ। त्यसैले, तपाईंले भर्खरै पढ्नुभएको एक एल्डरको विवरणको आधारमा, के म सोध्न सक्छु, "के त्यो तपाईं हुनुहुन्छ ?"

# २

# भेडाजस्तै गन्ध आउने हुनुहोस्

चर्चको सेवा टुङ्गिएपछि हामी ढोकानेर उभिएका बेलामा एकजना नवआगन्तुकले भने, “उसोभए यो चर्च तपाईंहरूको व्यवसायजस्तो हो, र तपाईंहरू पसलमा हुनुहुन्छ अनि परमेश्वरचाहिँ बिक्री हुने चीज हुनुहुन्छ।” (मैले चर्चको सेवापछि गरेका अनौठा वार्तालापहरू सबैको डायरी लेखेको भए हुनेथ्यो !)

“अहँ, कदापि होइन,” मैले जवाफ दिएँ ।

त्यो मानिसले आफ्ना अनुभवहरूको आधारमा चर्चको अर्थ लगाउने प्रयासमात्र गरिरहेको थियो । प्रष्टरूपमा नै उसलाई व्यवसाय र पसलको ज्ञान थियो, त्यसैले उसले आफूलाई थाहा भएको कुराको आधारमा चर्चलाई उल्था गर्ने प्रयास गऱ्यो ।

दुर्भाग्यवश, चर्चमा नयाँ आउने व्यक्तिहरूले मात्र यो गल्ती गर्दैनन् । पास्टरहरू, एल्डरहरू र सदस्यहरूले व्यावसायिक र साङ्गठनिक चश्माले चर्चलाई प्रायः गलत प्रकारले उल्था गर्दछन् ।

हो, चर्चहरूमा व्यावसायिक पक्षहरू हुन्छन् । चर्चहरूले कोषाध्यक्षहरू र बजेटहरू, कामदारहरू र तिनीहरूका नीतिहरू, भवनहरू र बीमा, कार्यविवरणका चित्रहरू र लक्ष्यहरू, विधानहरू र समितिहरूलाई प्रायः चलाउँदछन् । यीचाहिँ एउटा झुण्डको

जीवनका अंशहरू हुन् र तिनलाई परमेश्वरको महिमाको निम्ति राम्रोसँग व्यवस्थापन गर्नुपर्दछ । एउटा स्थानीय चर्च एउटा व्यवस्थित शरीर हो ।

समस्या तब उत्पन्न हुन्छ जब व्यवसायका जस्ता यी पक्षहरू झुण्डको लागि समग्र व्यावसायिक नमुना बन्दछ र उक्त झुण्डले बाइबलीय शिक्षालाई बेवास्ता गर्दछ । त्यो यस्तै देखिन सक्दछः

- पास्टर = सभापति/हाकिम
- कर्मचारी = उपसभापतिहरू
- सदस्यहरू = लगानीकर्त्ताहरू/वफादार ग्राहकहरू
- पाहुनाहरू = सम्भावित ग्राहकहरू
- अनि एल्डरको भूमिका नि ?
- एल्डरहरू = सल्लाहकार समिति

यो नमुनामा एल्डरहरूको कार्यविवरण सल्लाहकार समितिका सदस्यहरूको जस्तै हुन्छ । तिनीहरूले सेवकाइको काम गर्न र त्यसमा अगुवाइ गर्नको लागि पास्टर(हरू)लाई नियुक्त गर्दछन् । त्यसपछि सेवकाइको मूल्याङ्कन गर्न, आर्थिक कुराहरूको हेरचाह गर्न र नीतिहरू निर्माण गर्नको लागि ती एल्डरहरू समितिका वैठकहरूमा भेला हुन्छन् । पास्टरहरूले नयाँ प्रस्तावहरू प्रस्तुत गर्दछन् र एल्डरहरूले तिनलाई अनुमोदन वा अस्वीकार गर्दछन् । पास्टरहरूले सेवा गर्दछन् र एल्डरहरूले निर्देशन गर्दछन् ।

तर एल्डरपदको यो नमुनाले एउटा प्रमुख बाइबलीय सत्यतालाई समावेश गर्न सक्दैनः एल्डरहरू पनि पास्टरहरू हुन् ।

एल्डर = पास्टर

कसै गरी, बाटोमा कतैतिर हामीले पास्टरहरू र एल्डरहरूबीच, तलब लिएर सेवकाइ गर्ने व्यावसायिक सेवकहरू र तलब नलिने सल्लाहकारहरूबीच भिन्नता छुट्ट्याइदियौं । तर नयाँ करारले त्यस्तो कुनै भिन्नता छुट्ट्याउँदैन ।

आखिर पास्टर के हो त ? ग्रीक शब्द पोइमेन लाई हामी "पास्टर" भनेर अनुवाद गर्दछौं र त्यसको अर्थ हुन्छ "गोठालो" । पोइमेन ले साँच्चैको गोठालालाई जनाउन सक्दछ, लूकाले वर्णन गरेका ख्रीष्टमसको कथामा खेतहुँदो बसेका गोठालाहरूजस्तै । तैपनि अति धेरैपटक, पोइमेन ले हाम्रा असल गोठाला येशूलाई जनाउँदछ । योसँग सम्बन्धित क्रियापद पनि छ: पोइमाइनो, जसको अर्थ हुन्छ "गोठालो गर्नु" वा "बगालको हेरचाह गर्नु" । त्यसैले पास्टर भनेको गोठालो हो र पास्टरीय काम गर्नु भनेको बगालको हेरचाह गर्नु हो । अचम्म मान्नुपर्दैन, हाम्रो नेपाली शब्द पास्टर पनि ल्याटिन शब्द पास्टर बाट आएको हो, जसको अर्थ हुन्छ....गोठालो !

यो भाग महत्वपूर्ण छ: नयाँ करारले "गोठालो" का यी नाम र क्रियापद रूपहरूको प्रयोग गर्दछ, साथसाथै गोठालोपनको अझ बृहद् अर्थ लगाउँदै एल्डरहरू र तिनीहरूका कामको व्याख्या पनि गर्दछ । निम्निलिखित पदहरू हेर्नुहोस् जसमा मैले ती ठाउँहरूमा अक्षरहरू छड्के पारेको छु जहाँ पोइमाइनो र पोइमेन लाई नेपालीमा अनुवाद गरिएको छ ।

पावल एफेससको चर्चका एल्डरहरूलाई चेताउनी दिन्छन्:

यसकारण आफ्नो विषयमा र सम्पूर्ण बगालको विषयमा होसियार हुनुहोस् जसमाथि उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरको मण्डलीलाई चराउनको निम्ति पवित्र आत्माले तपाईंहरूलाई निरीक्षक ठहऱ्याउनुभएको छ । (प्रेरित २०:२८)

त्यसै गरी पत्रुस लेख्दछन्:

म....तिमीहरूका बीचमा भएका एल्डरहरूलाई अर्ती दिन्छु – तिमीहरूका बीचमा भएको परमेश्वरको बगाललाई रेखदेख गर्दै गोठाला गर, करले होइन, तर तयार मनले; परमेश्वरको सम्पत्तिमाथि हक नचलाओ, तर बगालका निम्ति नमुनाहरू बन । अनि जब मुख्य गोठाला देखा पर्नुहुनेछ, तब तिमीहरूले नओइलिने महिमाको मुकुट पाउनेछौ । (१ पत्रुस ५:१-४)

पत्रुसका शब्दहरू त प्रभु येशूले पुनर्जीवित हुनुभएपछि तिनलाई भन्नुभएका कुराहरूजस्तै सुनिन्छन्: "मेरा थुमाहरूलाई खुवाऊ" र "मेरा भेडाहरूको गोठालो गर" (यूहन्ना २१:१५, १६) ।

अनि प्रभु येशूले आफ्नो चर्चलाई दानहरूको रूपमा दिनुभएका प्रस्तावहरूको बारेमा नि ? पावल सूची प्रस्तुत गर्दछन्: प्रेरितहरू, भविष्यवक्ताहरू, प्रचारकहरू र त्यसपछि "पास्टरहरू र शिक्षकहरू" (एफिसी ४:११) । ग्रीक व्याकरणले प्रष्ट पार्दछ कि "पास्टर" र "शिक्षक" ले मिलेर एउटै पद वा भूमिकालाई जनाउँदछन् । त्यसैले चर्चका पास्टरहरू वा गोठालाहरू त्यसका शिक्षकहरू पनि हुन् । अनि हामीले देखिसकेका छौं, शिक्षणचाहिँ एल्डरपदको मुख्य जिम्मेवारी हो ।

## वास्तविक पक्ष

मेरा एकजना साथीले साधारण एल्डरको रूपमा सेवा गर्दथे । तिनले मलाई भने, "एल्डर हुनुको सबैभन्दा कठिन कुराहरूमध्ये एउटाचाहिँ म वास्तविक पास्टर हुँ भनी विश्वास गर्नु हो ।" तर बाइबल योभन्दा बढी प्रष्ट हुन सक्दैन । यदि तपाईं आफ्नो चर्चमा एल्डर हुनुहुन्छ भने तपाईं त तलबी पास्टरजत्तिकै वास्तविक पास्टर हुनुहुन्छ ।

तपाईंलाई अझै पनि शङ्का लाग्दछ होला । पेशाको रूपमै तलबी पास्टरहरूको रूपमा सेवा गर्ने "विशेष" मानिसहरू र अन्य कामहरू गरेर एल्डरहरूको रूपमा स्वयंसेवा गर्ने "साधारण" मानिसहरूबीच भिन्नताहरू छैनन् र ? हो, भिन्नताहरू हुन्छन् । उदाहरणको लागि, तलबी पास्टरहरूले प्रायः औपचारिकरूपमा धेरै नै ईश्वरशास्त्रीय शिक्षा लिएका हुन्छन्, हप्तामा धेरै समय सेवकाइमै बिताउँदछन् र त्यसैकारण पास्टरीय सेवकाइ, चर्च सेवकाइ र सिकाउने विषयमा तिनीहरू धेरै अनुभवी हुन्छन् । तलबी पास्टरहरूसँग पास्टरीय हेरचाह गर्ने वा प्रचार गर्ने सशक्त दानहरू हुन्छन् – तर त्यस्तो हुनु नै पर्दछ भन्ने त छैन । त्यसैकारण चर्चहरूले तिनीहरूलाई पूर्णकालीन सेवकाइमा राख्दछन् ।

तर तलबी पास्टरसँग धेरै फुर्सद, शिक्षा वा दान हुन सक्ने भएको हुनाले मात्र अर्को साधारण एल्डरचाहिँ वास्तविक पास्टर हुँदैन भन्नु तार्किक (वा बाइबलीय) हुँदैन । स्वयंसेवक अग्नि नियन्त्रकहरूले तलबी अग्नि नियन्त्रकहरूले जस्तै ज्वालाहरूको सामना गर्दछन् र स्वयंसेवक एल्डरहरूले पनि तलबी पास्टरहरूले

जस्तै गोठालोपनका चुनौतीहरूको सामना गर्दछन् । साधारण एल्डरहरूले पेशागत पास्टरहरूलाई "समानहरूको माझमा प्रथम" भनेर आदर गर्लान्, तर साधारण एल्डरहरू पनि समान नै हुन्छन् ।

## एउटा आमूल परिवर्तनकारी नमुना

यो सबै कुराको प्रकाशमा, यदि हामीले एल्डरको कार्यविवरणलाई सारांशमा व्यक्त गर्नुपर्‍यो भने हामी यसो भन्न सकौंला, "बगालको गोठालो गर ।" यदि तपाईंले यो पुस्तकबाट एउटामात्र कुरा सम्झनुहुन्छ भने त्यो यही होस् कि एल्डरहरूचाहिँ पास्टरहरू/गोठालाहरू हुन् र तिनीहरूको मुख्य कामचाहिँ गोठालाहरूले आफ्ना भेडाको हेरचाह गरेजसरी चर्चका सदस्यहरूको हेरचाह गर्नु हो । अझ निर्दिष्टरूपमा भन्ने हो भने, एल्डरहरू साना गोठालाहरू हुन् जसले असल गोठालाका भेडाहरूलाई अगुवाइ गरेर उहाँको सेवा गर्दछन् ।

त्यसो भए, "गोठालो गर्नु" भनेको के हो त ? व्यवहारमा त्यो कस्तो देखिन्छ ? अबका अध्यायहरूले गोठालो गर्नुका विविध पक्षहरूलाई केलाउनेछन् । हामी सिकाउने, अगुवाइ गर्ने र प्रार्थना गर्नेजस्ता कुराहरूबारे चर्चा गर्नेछौं ।

तर गोठालो गर्ने कामका "तरिकाहरू" लाई हेर्नुभन्दा पहिला, हामीले 'गोठालोको रूपमा एल्डर' नमुनाका दुई प्रमुख अर्थहरूलाई खोतल्नुपर्दछ । एल्डरहरू गैरनाफामूलक संस्थाका सल्लाहकारहरू मात्र नभई पास्टरहरू हुन् भनी साँचोरूपमा बुझ्नुले हाम्रो एल्डर सेवकाइलाई कम्तिमा पनि दुई प्रमुख तरिकाले आमूलरूपमा

परिवर्तन गरिदिन सक्दछ ।

## भेडाजस्तै गन्ध आउने हुनुहोस्

'गोठालोको रूपमा एल्डर' नमुनाको पहिलो आमूल परिवर्तनकारी अर्थ यो हो कि एल्डरहरूले चर्चका सदस्यहरूसँगका सम्बन्धहरू गाँस्नुपर्दछ ।

केहीबेर रोकिनुहोस् र एउटा साँच्चैको गोठालोको कल्पना गर्नुहोस् । तपाईंले गाउँतिर कुनै गोठालाले काम गरिरहेको देख्नुभएको होला, वास्तविकरूपमा वा कुनै चलचित्रमा । सायद तपाईंले त्यस्तो गोठाला कहिल्यै पनि नदेख्नुभएको होला तर बाइबलमा गोठालाहरूको बारेमा धेरै नै पढ्नुभएको होला र मनमा एउटा चित्र कोर्न सक्नुहुन्छ होला । तपाईं के देख्नुहुन्छ ? के तपाईं एकजना बझाङे गोठालाले हराभरा खर्कमा आफ्नो बगाल लगिरहेको कल्पना गर्नुहुन्छ ? सायद तपाईं खुकुलो लुगा लगाएको घुमन्ते, लहुरो लिएर भेडालाईं खोरतिर धपाइरहेको कल्पना गर्नुहुन्छ । अथवा तपाईंले भजनसंग्रह २३ मनबाटै भन्नुहोला र गोठालाले आफ्ना भेडाहरूलाई हरियो खर्कमा सुताएको र शान्त पानीको मूलमा पियाएको कल्पना गर्नुहुन्छ होला ।

हामी प्रत्येकले जेसुकै कल्पना गरे पनि, हाम्रो दिमागको पर्दामा कम्तिमा पनि एउटा साझा तस्विर हुन्छ । ती सबैमा, गोठालाचाहिँ भेडाहरूको माझमा हुन्छ । ऊ टाढा अन्त कतै जाँदैन । ऊ त ती जनावरहरूकै माझमा हिँडिरहेको, तिनलाई छोइरहेको र तीसँग बोलिरहेको हुन्छ । उसले तिनलाई जान्दछ, किनभने ऊ तीसँगै बस्दछ । फलस्वरूप, ऊ भेडाजस्तै गन्ध

आउने पनि हुन्छ ।

अब, वास्तविक गोठालाहरूको कल्पना गर्नुको सट्टामा केवल प्रभु येशूको बारेमा सोच्नुहोस् । सुसमाचारका पुस्तकहरूमा, हामी येशूलाई निरन्तर मानिसहरूको माझमा देख्दछौं । व्यक्तिगत प्रार्थनाका अवधिहरूमा बाहेक, प्रभु येशूले आफ्नो सबै समय आफ्ना चेलाहरूसँग र भीडहरूसँग पनि बिताउनुभएको देखिन्छ । जहाँ गए पनि उहाँले मानिसहरूलाई छुनुभयो, सिकाउनुभयो र तालिम दिनुभयो । असल गोठालाले भेडाको निम्ति आफ्नो जीवन अर्पण मात्र गर्नुभएन, तर उहाँले तिनीहरूसित आफ्नो जीवन पनि बिताउनुभयो ।

जसरी वास्तविक गोठालाहरू आफ्ना बगालहरूको माझमा बस्दछन् र तिनीहरूले आफ्ना भेडाहरूलाई जान्दछन्, र जसरी येशूले आफ्ना चेलाहरूसँगको सम्बन्धमा आफूलाई डुबाउनुभयो, त्यसरी नै एल्डरहरू चर्चका सदस्यहरूसँगै जिउँदछन् । तिनीहरूले मानिसहरूलाई नै आफ्नो सेवकाइको रूपमा हेर्दछन् । अबका अध्यायहरूले एल्डरपदका विविध भागहरूको चर्चा गर्दछन्, तर ती सबैले यो कुरा स्वीकार गर्दछन् कि एल्डरहरू आफ्ना दाजुभाइ र दिदीबहिनीसँग नजिकको सम्बन्धमा रहेर जिउँदछन् ।

अहिलेको लागि, एउटा उदाहरण लिऔं: अतिथि सत्कार । हामीले अघिल्लो अध्यायमा देखेजस्तै, पावलले प्रस्तुत गरेका निरीक्षकको योग्यताका दुवै सूचीहरूले यो माग गर्दछन् कि त्यो पदको चाहना गर्ने व्यक्ति अतिथि सत्कार गर्ने हुनुपर्दछ (१ तिमोथी ३:२; तीतस १:८) । अतिथि सत्कारको गुणमाथि किन

यति जोर दिइएको ? अतिथि सत्कार गर्ने गुणले उदार हृदय र सेवा गर्ने भावना प्रकट मात्रै गरिदिदैन, तर त्यसले यो कुरा पनि देखाउँदछ कि आकांक्षी निरीक्षक मानिसहरूसँग रहन चाहन्छ र मानिसहरूलाई आफ्नो जीवनमा स्वागत गर्ने तरिकाहरू खोज्दछ। चर्चले अतिथि सत्कार गर्ने मानिसलाई एल्डरको रूपमा नियुक्त गऱ्यो भने ऊ मानिसहरूको माझमा रहन चाहने सम्भावना हुन्छ ।

त्यसको विपरीत, 'सल्लाहकारको रूपमा एल्डर' नमुनाअनुसार काम गर्ने निरीक्षकहरू मानिसहरूको माझमा हुनुपर्दैन । तिनीहरू मासिक बैठकहरूमा उपस्थित हुन, समितिका विवादहरूमा सहभागी हुन, मतदान गर्न र आफ्ना कर्त्तव्यहरू पूरा गरेको महसुस गर्दै घर जान सक्दछन् । यो नमुना प्रबल भएको अवस्थामा, चौध महिनासम्म बेरोजगार भएर निराश बनेको सदस्यलाई, लागूपदार्थको कुलतमा पुन: फस्ने परीक्षाहरूसँग सङ्घर्ष गर्ने भाइलाई, वा अविश्वासी केटासँग गम्भीर सम्बन्धमा फसेकी र त्यसमा कुनै गल्ती नदेख्ने बहिनीलाई के भन्नुपर्ने हो भन्ने विषयमा ती एल्डरहरूले हात हाल्नुपर्दैन । तिनीहरू सोच्दछन्, "यी समस्याहरू समाधान गर्नको लागि त हामीले पास्टर राखेका होइनौं र ?"

वास्तवमा तपाईंले पनि ती जिम्मेवारीहरू पास्टरकै हुन् भन्ने सोच्नुभएको होला । तर यदि तपाईं साधारण एल्डर हुनुहुन्छ भने अब तलबी पास्टरसँगै बगालभित्र छिर्ने र सहायता गर्ने, आफैले हृदयदेखि नै पास्टरीय सेवकाइ गर्ने समय हो ।

## तपाईंले त्यो कामको निम्ति गलत मानिस राख्नुभयो !

## के मानिसहरूसँग यसरी काम गर्नु डरलाग्दो सुनिन्छ ?

तपाईंले सोचिरहनुभएको होला: "म मानिसहरूसँग व्यवहार गर्न त्यति जान्दिनँ । बरू तथ्याङ्क वा कम्प्युटर वा औजारहरू चलाउन भने म जान्दछु । म लजाउँछु । मेरो व्यक्तित्वको परीक्षणले त्यो कुरा प्रमाणित गरेको छ । साँच्चै भन्ने हो भने म अत्यन्तै अनौठो छु ।"

तपाईंको चर्चका सदस्यहरूसँग सम्बन्ध गाँस्नको लागि तपाईं फरासिलो वा मोजमज्जा गर्ने हुनुपर्दैन । तपाईंले त तिनीहरूलाई प्रेममात्र गर्नुपर्दछ । चर्चको सेवा सुरु हुनुभन्दा अगाडि ती मौन, वृद्धा विधवासँग कुराकानी सुरु गर्ने पहल गर्नुहोस्, सङ्घर्षरत दम्पत्तिलाई खाना खान बोलाउनुहोस्, वा बाइबल अध्ययन सुरु गर्नुहोस् र त्यति घुलमिल नभएका सदस्यहरूलाई निम्तो दिनुहोस् । तपाईंले लजालु वा अलिकति अनौठो तरिकाले साँचो प्रेम र वास्ता देखाउनुहुँदा, मानिसहरूले त्यो देख्नेछन् र त्यसलाई थाहा पाउनेछन् । प्रेमले सबै किसिमका बाधाहरू पार गर्दछ ।

सदस्यहरूको माझमा पास्टरीय सेवकाइ गर्दा तपाईं अर्कै कुरामा हिचकिचाउनुहुन्छ होला । मानिसहरूका समस्याहरूमा हात हालेर सहायता गर्ने असल प्रयासहरू गर्दा समस्या झन् गहिरिन्छ कि भनेर तपाईं डराउनुहुन्छ होला । तपाईंसँग सल्लाहकारको डिग्री वा सेमिनारीको तालिम छैन होला । किन तपाईंले पास्टरको भूमिका निभाउन सुरु गर्ने ?

प्रष्टरूपमा भन्नुपर्दा, एल्डर हुन चाहेको कारणले मात्र कुनै

मानिस योग्यको हुन्छ भनेर मैले भनिरहेको छैन । म त यसो पो भनिरहेको छु कि मानिसको जीवनका सङ्घर्षहरू समाधान गर्न सकिँदैन भन्ने डरको कारण योग्य मानिसहरूले आफूलाई अनावश्यकरूपमा अयोग्य बनाउनुहुँदैन ।

ठूल्ठूला समस्याहरू भोगिरहेका मानिसहरूको हेरचाह गर्ने विषयमा केही छोटा विचारहरू यस प्रकार छन्:

- परमेश्वरले आफ्नो वचनमा एल्डरहरूलाई स्थापित गर्नुभयो र उहाँ के गर्दै हुनुहुन्छ भनी उहाँ जान्नुहुन्छ ।
- प्रभु येशूले तपाईंद्वारा काम गर्न सक्नुहुन्छ ।
- गोठालो हुनुको मुख्य काम मानिसहरूका समस्याहरू समाधान गर्नु होइन (यसबारे तल धेरै चर्चा गरिएको छ) ।
- तपाईंसँग तपाईंले सोच्नुभएको भन्दा धेरै बाइबलीय बुद्धि हुने सम्भव हुन्छ ।
- तपाईंले प्रभु येशू र अरूबाट सदैव सहायता माग्न सक्नुहुन्छ ।

## परिवर्तन बिस्तारै गराउनुहोस्

लगभग तीस वर्ष पहिला, मैले सेवा गर्ने ब्याप्टिस्ट चर्चले एकजना प्रेष्बिटेरियनलाई वरिष्ठ पास्टर हुन बोलायो । तिनी दानप्राप्त व्याख्याकार थिए जसले ठूला भीडहरू जम्मा गर्दथे र सुसमाचारद्वारा धेरै जीवनलाई प्रभावित तुल्याएका थिए । तर तिनले अर्कै कुनै काम गरे जसले तिनी गएपछि पनि वर्षौंसम्म हाम्रो चर्चलाई आशिष् दिइरहेको छ: तिनले हाम्रो चर्चलाई एल्डर नमुनाको प्रशासन अवलम्बन गर्न लगाए ।

म त्यो चर्चमा आएको बेलामा, त्यहाँ एक दशकभन्दा अगाडिदेखि एल्डरहरू थिए । तर हामीले बाइबलीय एल्डरपदबारे अति गहनरूपमा अध्ययन गर्दा यो कुरा प्रष्ट भयो कि हामी एल्डरहरू असन्तुलित थियौं । हामीले त्यो संस्थाका सल्लाहकारहरूको जस्तै अभिनय गरेर हाम्रो अधिकांश शक्ति खर्च गर्दथ्यौं र मानिसहरूको हेरचाह गर्ने त कुरा नै छोडौं । त्यसैले बिस्तारै हामीले गोठालो गर्नुप्रति बढी ध्यान दिन थाल्यौं । अझै पनि हामीले मासिक बैठकहरू राख्दछौं र सल्लाहकारको जस्तो काम पनि गर्दछौं । फेरि, त्योचाहिँ एल्डरको भूमिकाको र चर्च जीवनको एउटा भाग हो । तर हामीले चर्चका सदस्यहरूसँग बढी समय लगानी गर्ने प्रयास पनि गरिरहेका छौं ।

उदाहरणको लागि, लगभग एक वर्षभन्दा अगाडि हामीले एल्डरहरूको माझमा हाम्रो वृद्धिरत चर्च सदस्यताको सूचीलाई विभाजन गर्‍यौं र त्यो वर्षमा कम्तिमा पनि एकपटक हाम्रो सूचीमा रहेका हरेक सदस्यलाई भेट्न जाने लक्ष्य तय गर्‍यौं । त्यो त सुधार गराउने किसिमको एउटा सानो कदम थियो । तर त्यो सानो कदमले पनि तुरुन्तै फल फलायो । सदस्यहरूले तुरुन्तै प्रशंसामात्र गरेनन्, तिनीहरू त आफ्ना जीवनको बारेमा एल्डरहरूलाई बताउन बढी खुला पनि भए । एल्डरहरूलाई यस किसिमको पास्टरीय सेवकाइ चुनौतीपूर्ण तर अत्यन्त फलदायी पनि लाग्यो । अझै, त्यो वृद्धिरत चर्चको भार बहन गर्न सहायता गर्ने अझ ठूलो समूह पाउँदा मलाई धेरै नै सहायता भयो ।

हामीले अझ धेरै काम गर्न बाँकी छ । तर हाम्रा एल्डरहरू बढीभन्दा बढी भेडाजस्तै गन्ध आउने भइरहेका छन् ।

## लक्ष्य के हो त ?

फेरि सम्झौं: एल्डरहरूचाहिँ पास्टरहरू वा “गोठालाहरू” हुन् । गोठालाको उपमाले एल्डरको सेवकाइमा महत्वपूर्ण अर्थ राखिदिन्छ । सर्वप्रथम, यसले बताउँदछ कि एल्डरको काम विशेष गरी चर्चका सदस्यहरूसँगका सम्बन्धहरूमा हुन्छ । एल्डरको सेवकाइ कार्यक्रम होइन तर मानिसहरूको बारेमा हो ।

तर गोठालोपनको कल्पनाले एल्डरको काम कहाँनेर हुन्छ भनेर मात्र हामीलाई बताउँदैन – त्यो काम त सम्बन्धहरूमा हुन्छ – तर किन त्यो काम गरिन्छ भनेर पनि बताउँदछ । किन एल्डरहरूले चर्चका सदस्यहरूसँग समय बिताउनुपर्दछ र जिउनुपर्दछ त ? तिनीहरूले के हासिल गर्ने प्रयास गरिरहेका हुन्छन् ? के त्यो लक्ष्य चर्चलाई अझ मित्रवत्, पारिवारिक भाव दिनुमात्र हो ?

गोठाले नमुनाको दोस्रो आमूल परिवर्तनकारी अर्थ यो हो: एल्डरहरूले चर्चका सदस्यहरूलाई क्रिश्चियन परिपक्वतामा वृद्धि गराउने लक्ष्य लिएर सेवा गर्दछन् ।

तपाईंको गोठालाको फेरि कल्पना गर्नुहोस् । उसले आफ्नो दैनिक, भेडासँगका कामहरू गरिरहेको कल्पना गर्नुहोस्: बगाललाई खुवाउने, तिनलाई खर्कमा डोऱ्याउने वा हराएको थुमालाई खोज्ने । किन गोठालाले यी कुराहरू गर्दछ ? उद्देश्य वा लक्ष्य के हो ? त्यो हो: परिपक्व भेडा । पुनर्उत्पादन गर्ने स्वस्थ, वयस्क भेडा उत्पादन गर्नको निम्ति गोठालाले दिनदिनै मेहनत गर्दछ ।

के एल्डरहरूको लक्ष्य त्यस्तै हुँदैन र ? चर्चका सदस्यहरूलाई येशूमा वृद्धि गराउनको निम्ति तिनीहरूसँग असल सम्बन्ध गाँस्न एल्डरहरूले कडा मेहनत गर्दछन् । निरीक्षकहरूले सिकाउँछन्, प्रार्थना गर्दछन् र सेवा गर्दछन् ताकि तिनीहरूका दाजुभाइ र दिदीबहिनीहरूले येशूलाई अझ नजिकबाट जानून्, अझ विश्वासयोग्यतासाथ उहाँको आज्ञापालन गरून् र व्यक्तिगत तथा चर्च परिवार दुवैको रूपमा उहाँको चरित्रलाई अझ प्रष्टरूपमा प्रकट गरून् । थपरूपमा भन्नुपर्दा, स्वस्थ, परिपक्व विश्वासीहरूले अरूलाई सुसमाचार सुनाउँदा र अरूलाई ख्रीष्टमा वृद्धि गराउँदा आफैलाई आत्मिकरूपमा पुनर्उत्पादन गर्दछन् ।

पावलले परिपक्वतालाई पास्टरीय सेवकाइको लक्ष्यको रूपमा प्रष्टरूपमा उल्लेख गर्दछन्:

> "अनि उहाँले कतिलाई प्रेरितहरू, अनि कतिलाई भविष्यवक्ताहरू, अनि कतिलाई सुसमाचार प्रचारकहरू, अनि कतिलाई गोठालाहरू र शिक्षकहरू हुनको लागि दिनुभयो । सेवाको काम र ख्रीष्टको शरीरको उन्नतिका निम्ति पवित्र जनहरूलाई सिद्ध बनाउनको लागि । जबसम्म हामी सबैजना विश्वासको र परमेश्वरका पुत्रको पहिचानको एकतामा आइपुग्दैनौं, एउटा पूरा बढेको मानिस बन्दैनौं, ख्रीष्टको परिपूर्णताको कदको नापसम्म आइपुग्दैनौं ।" (एफिसी ४:११-१३)

एल्डरहरूले आफ्ना कर्त्तव्यहरू राम्रोसँग पूरा गर्दा, विश्वासीहरू "अबउसो साना बालबालिका" भइरहँदैनन्, तर बरू "हर प्रकारले उहाँमा वृद्धि हुन्छन् जो शिर हुनुहुन्छ- ख्रीष्ट"

(पदहरू १४-१५)। एल्डरहरूले पावलसँगै यसो भन्न कडा मेहनत गर्नुपर्दछ, "हरेक मानिसलाई ख्रीष्ट येशूमा सिद्ध भएको अवस्थामा उपस्थित गराउनका निम्ति हरेक मानिसलाई चेताउनी दिँदै र हरेक मानिसलाई सम्पूर्ण बुद्धिसित शिक्षा दिँदै हामी उहाँलाई प्रचार गर्दछौं" (कलस्सी १:२८)।

## यन्त्रको व्यवस्थापन

यो गोठाले मानसिकतालाई 'सल्लाहकारको रूपमा एल्डर' नमुनासँग फेरि तुलना गर्नुहोस् । एल्डरहरूले आफूलाई विशेष गरी सल्लाहकार समितिका सदस्यहरूको रूपमा लिँदा, तिनीहरूले चर्चका साङ्गठनिक पक्षहरूलाई व्यवस्थापन गर्ने आफ्नो उद्देश्य पूरा गर्न खोज्दछन् । "सफलता" को अर्थ आर्थिक कुराहरूको लेखा राख्नु, भवनको मर्मतसम्भार गर्नु र उच्च गुणस्तरका तथा धेरै मानिसहरू उपस्थित हुने कार्यक्रमहरू प्रायोजन गर्नुजस्तै हुन्छ । सल्लाहकार एल्डरहरू त सदस्यहरूलाई परिपक्व बनाउनुलाई भन्दा यन्त्रको व्यवस्थापन गर्नुलाई बढी जोर दिने परीक्षामा पर्दछन् ।

हामीले देखिसकेका छौं कि चर्चको साङ्गठनिक संरचना - बजेटहरू, प्रक्रियाहरू, कार्यक्रमहरू, भवनहरू, जनशक्तिहरू - महत्वपूर्ण हुन्छन् । प्रभावकारी प्रशासन आफैमा एउटा सेवकाइ र आत्मिक दान हो जसले समग्र शरीरको सेवा गर्दछ र एल्डरहरूलाई गोठालो काम गर्न स्वतन्त्र पार्दछ । सङ्गठनसम्बन्धी सानो सोचाइले पुरानो करारमा मोशालाई र नयाँ करारमा प्रेरितहरूलाई तिनीहरूका बोलावट पूरा गर्न शक्ति

दियो, र फलस्वरूप परमेश्वरका जनहरू आशिषित भए (प्रस्थान १८:१३-२७; प्रेरित ६:१-७) । अनि सम्बन्ध गाँस्ने गोठालाहरूको रूपमा समेत, एल्डरहरूले चर्चको साङ्गठनिक संरचनालाई निरीक्षण गर्ने समग्र जिम्मेवारी पनि बहन गर्दछन् ।

तर मुख्य कडी यो हो: संस्थाले सदैव शरीरको सेवा गर्नुपर्दछ। कार्यक्रमहरू र प्रक्रियाहरूले सबैभन्दा बढीमा एकअर्कालाई ख्रीष्टमा परिपक्व बनाउने मिसन पूरा गर्ने साधनहरू उपलब्ध गराउँदछन् ।

मेरो अनुभवले बताउँदछ कि एल्डरहरू सदस्यहरूप्रति भन्दा यन्त्रप्रति, बोटप्रति भन्दा थाँक्रोप्रति सजिलै तानिन्छन् । त्यसैले तिनीहरूले मानिसहरूको विकास गर्नको निम्ति मेहनत गर्नुको सट्टामा संचालन समायोजनप्रति धेरै कुराकानी र मेहनत गर्दछन् । यस्तो किन हुन्छ भन्ने बारेमा म पूर्णरूपमा निश्चित छैन । सायद कार्यक्रमहरू र नीतिहरूचाहिँ योजना गर्न र पूरा गर्न सकिने कुराहरू भएका हुनाले होला, जबकि मानिसहरूलाई ख्रीष्टमा वृद्धि गराउने कामचाहिँ लठारोपूर्ण, अप्ठ्यारो र सुस्तो हुन्छ । वास्तवमा, मानिसहरूको गोठालो गर्नुचाहिँ हामीले यो जीवनमा पूर्णरूपमा कहिल्यै पूरा गर्न नसक्ने र नियन्त्रण गर्न नसक्ने काम हो ।

एल्डरहरू साङ्गठनिक प्रबन्धकहरूमात्र हुन छोड्नुपर्दछ र बरू झुण्डलाई येशूमा परिपक्व हुनुतर्फ अगुवाइ गर्नुपर्दछ । यो कुरामा सहायता गर्नको लागि, तपाईंहरूको अर्को एल्डर बैठकमा छलफलको एजेन्डाको रूपमा यीमध्ये एक वा दुईवटा प्रश्नहरू

प्रस्तुत गर्नुहोस्:

- हाम्रो झुण्डले कुनकुन तरिकाले येशूलाई झल्काउनुपर्दछ ? कुनकुन तरिकाले हामी उहाँलाई झल्काउँदैनौं ?
- के चर्चमा समाधान नगरिएका विवादहरू छन् जसमा हामी एल्डरहरूले पुनर्मिलाप गराउने प्रयास गर्न सक्दछौं ?
- के हामी कुनै सदस्यहरूलाई जान्दछौं जो ठूलो पापमा फसेका छन् वा चर्चको सेवामा नियमितरूपमा उपस्थित हुँदैनन् ? कसले तिनीहरूसित कुराकानी गरिरहेको छ ?
- आउने वर्षमा हाम्रा सदस्यहरूले बाइबलका कुनकुन पुस्तकहरू वा ईश्वरशास्त्रीय सिद्धान्तहरू अध्ययन गर्नुपर्दछ ? किन ?
- के हाम्रा सदस्यहरूलाई अरूलाई सुसमाचार सुनाउने र चेला बनाउने तरिका थाहा छ ? के तिनीहरूले त्यसो गर्दैछन् ?
- के हाम्रो चर्च प्रार्थना गर्ने चर्च हो ?

## खास्टो हस्तान्तरण गर्नु

येशू स्वर्ग प्रस्थान गर्नुहुँदा, उहाँले आफ्ना चेलाहरूलाई यी अन्तिम निर्देशनहरू दिनुभयो:

> यसकारण तिमीहरू जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिस्मा देओ, मैले तिमीहरूलाई जेजे आज्ञा गरेँ, ती सबै तिनीहरूलाई पालन गर्न सिकाओ। (मत्ती २८:१९-२०)

प्रभु येशूले बितेका केही वर्षहरूदेखि आफ्ना चेलाहरूसँग गर्दै आउनुभएको काम नै गर्न उहाँले आफ्ना चेलाहरूलाई

आज्ञा दिनुभयो । उहाँले आफ्ना चेलाहरूलाई जम्मा गर्नुभयो, तिनीहरूलाई रोज्नुभयो र उहाँका आज्ञाहरू तिनीहरूलाई सिकाएर तिनीहरूलाई वृद्धि गराउनुभयो । असल गोठालाले ती भेडाहरूको निम्ति आफ्नो जीवन अर्पणमात्र गर्नुभएन, तर तिनीहरूका माझमा बस्नु पनि भयो र तिनीहरूलाई परिवर्तन गराउनुभयो । येशूले चेलाहरू बनाउनुभयो: ती मानिसहरू जसले उहाँलाई प्रेम गरे, उहाँको आज्ञा पालन गरे र उहाँको बारेमा अरूलाई बताए ।

अब येशूले ती चेलाहरूलाई चेला बनाउनको लागि पठाउन लाग्नुभएको थियो । ती प्रेरितहरूले येशूको गोठालोपनको खास्टो लिए र ख्रीष्टका अझ धेरै चेलाहरू बनाए, तिनीहरूलाई चर्चमा भेला गराए र तिनीहरूलाई शिक्षाद्वारा वृद्धि गराए ।

ती प्रेरितहरूले चेलाहरूका ती स्थानीय झुण्डहरू स्थापित गरेपछि, तिनीहरूले पनि सम्बन्धगत, परिपक्वताको लक्ष्य लिने गोठालोपनको खास्टो हस्तान्तरण गरे । तिनीहरूले त्यो कसलाई हस्तान्तरण गरे त ?

चर्चका एल्डरहरूलाई !

# ३

# वचनको सेवा गर्नु

मलाई लाग्छ, ती एल्डरहरू झसङ्ङै भए ।

आउने वर्षका लक्ष्यहरूको बारेमा छलफल गर्न र निरीक्षकहरूको बाइबलीय कार्यविवरणबारे पुनः चर्चा गर्नको लागि हामी हाम्रो वार्षिक एल्डर सम्मेलनमा भेला भएका थियौं । शिक्षा दिने विषय अगाडि आउँदा मैले एउटा चुनौती प्रस्तुत गरें: “यो वर्ष कुनै समयमा दुईजना एल्डरहरूले शनिबार बिहानका सेवाहरूमा प्रचार गरून् भन्ने म चाहन्छु ।”

केही झुण्डहरूमा साधारण एल्डरहरूले प्रचार गर्ने भए तापनि हाम्रो चर्चमा भने तलबी पास्टरले नै चर्चको साप्ताहिक सेवामा प्रचार गर्दथे । साधारण एल्डरले प्रचार गर्ने कार्य त अत्यन्त आकस्मिक अवस्थामा मात्र गरिन्थ्यो । त्यसैले ती एल्डरहरूले मेरो चुनौती सुनेर सशङ्कित हुँदै आँखा ठूला पारे र हतोत्साहित हुँदै ङिच्च हाँसे । तिनीहरूको प्रतिक्रिया अनौठो थिएन ।

तर मैले आघात पार्ने प्रयास गरिरहेको थिइनँ । मैले त तिनीहरूलाई वचन सिकाउने तिनीहरूको बाइबलीय बोलावटप्रति बिस्तारै धकेल्नमात्र चाहेको थिएँ । यदि एल्डरहरूले येशूका भेडाहरूको गोठालो गर्दछन् भने तिनीहरूको सबैभन्दा आधारभूत

कामचाहिँ चर्चका सदस्हरूका प्राणलाई पवित्रशास्त्रबाट खुवाउनु हो । खाना नपाएमा भेडाहरू कमजोर हुन्छन् र मर्छन्, र बाइबलीय शिक्षाद्वारा नियमित पोषण नपाएमा क्रिश्चियनहरू आत्मिकरूपमा भोकमरीमा पर्दछन् ।

सायद अन्य कुनै पनि कामभन्दा बढी, शिक्षा दिने कामले नै एल्डरहरूलाई स्थानीय चर्चमा अलग बनाइदिन्छ । हामीले अध्याय १ मा देख्यौं कि योग्यका एल्डरहरू सिकाउन सक्ने हुनुपर्दछ (१ तिमोथी ३:२) । यो कुरा याद गर्नु पनि महत्वपूर्ण हुन्छ कि पावलले एल्डरहरू र डिकनहरूको योग्यताको बारेमा १ तिमोथी ३ अध्यायमा प्रस्तुत गरेका सूचीहरू अत्यन्त समान छन्, तर एउटै मात्र प्रष्ट भिन्नता छः एल्डरहरू वचन सिकाउन सक्ने हुनुपर्दछ, जबकि डिकनहरूमा यस्तो कुनै योग्यता चाहिँदैन । एल्डरहरू र डिकनहरू दुवैमा ख्रीष्टको जस्तो चरित्र हुनुपर्दछ, तर एल्डरहरूले मात्र बाइबलको व्याख्या र प्रयोग गर्ने दक्षता देखाउनुपर्दछ ।

अध्याय २ मा, हामीले यो सत्यताबारे मनन् गऱ्यौं कि एल्डरहरूचाहिँ पास्टरहरू वा गोठालाहरू हुन् । प्रभु येशूले चर्चलाई दान दिनुभएका विभिन्न पदहरूको सूची प्रस्तुत गर्दा पावलले पास्टरीय सेवालाई शिक्षणसँग मिसाइदिन्छन्: "अनि उहाँले कतिलाई प्रेरितहरू, अनि कतिलाई भविष्यवक्ताहरू, अनि कतिलाई सुसमाचार प्रचारकहरू, अनि कतिलाई गोठालाहरू र शिक्षकहरू हुनको लागि दिनुभयो" (एफिसी ४:११) ।

दुई कुराहरू याद गर्नुहोस् । सर्वप्रथम, यी पद धारण गर्नेहरू

सबैले परमेश्वरको वचन सञ्चार गर्दछन् । प्रेरितहरू प्रत्यक्षदर्शी साक्षीहरू हुन् जसले येशूका वचनहरू र कामहरूको घोषणा गरे र तिनलाई बाइबलमा लेखे । भविष्यवक्ताहरूले प्रभुबाट आउने वचनहरूलाई सीधै बताउँदछन् । सुसमाचार प्रचारकहरूले सुसमाचार घोषणा गर्दछन् । त्यसै गरी पास्टरहरूले स्थानीय चर्चहरूमा सिकाउँदछन् । त्यसले दोस्रो अवलोकनमा पुऱ्याउँदछ: पद ११ मा रहेका शब्दहरू पास्टर र शिक्षक एकसाथ रहन्छन् । ग्रीक भाषामा, दुवै नामहरूको एउटै उपसर्ग छ जसले यो अर्थ दिन्छ कि ती दुई नामहरू एकअर्काका पूरक हुन् । त्यसैले “पास्टरहरू र शिक्षकहरू” ले दुईवटा नभई एउटै ओहोदालाई जनाउँदछन् जुन हो: “पास्टर-शिक्षक” ।

## परमेश्वरले आफ्नो वचनद्वारा शासन गर्नुहुन्छ

एल्डरहरूले परमेश्वरका जनहरूलाई सिकाऊन् भन्ने परमेश्वर चाहनुहुन्छ भन्ने सत्यता देखेर हामी छक्क पर्नुपर्दैन । परमेश्वरले आफ्नो वचनद्वारा आफ्ना जनहरूलाई शासन गर्नुहुन्छ, त्यसैले परमेश्वरको जनका अगुवाहरूलाई परमेश्वरको वचन सिकाउने जिम्मेवारी सदैव दिइएको छ ।

परमेश्वरले अब्राहाम, इसहाक र याकूबसँग प्रतिज्ञाहरू गर्नुभयो जसले फेरि आफ्ना वंशहरूलाई ती प्रतिज्ञाहरूमाथि भरोसा गर्न र परमेश्वरको आज्ञापालन गर्न अगुवाइ गरे । परमेश्वरले मोशालाई करारका वचनहरू दिनुभयो जसले ती वचनहरू इस्राएललाई सिकाए (व्यवस्था ४:१) । मोशाले इस्राएलमा रहेका बुबाहरूलाई तिनीहरूका सन्तानलाई व्यवस्था सिकाएर तिनीहरूको गोठालो

गर्न आज्ञा दिनुभयो (व्यवस्था ४:९; ६:४-२५) । यो आज्ञा चर्चमा रहेका विश्वासी बुबाहरूलाई पनि दिइएको छ (एफिसी ६:४) । इस्राएलका पूजाहारीहरूले बलिदानहरू चढाउने काममात्र गरेनन्, तर ती मानिसहरूलाई परमेश्वरका आदेशहरू पनि सिकाए (लेवी १०:१०-११; २ इतिहास १५:३; १७:७-९) । परमेश्वरले भविष्यवक्ताहरू पठाएर आफ्ना जनहरूलाई मार्गदर्शन र सुधार गर्नुभयो जसले "परमप्रभु यसो भन्नुहुन्छ" भन्दै घोषणा गरे । इस्राएलका राजा पनि परमेश्वरको व्यवस्थाको असल विद्यार्थी हुनुपर्दथ्यो (व्यवस्था १७:१८-२०) ।

त्यसपछि येशू आउनुभयो । हाम्रा असल गोठाला सर्वप्रथम त शक्तिशाली प्रचारक हुनुहुन्थ्यो । भीडहरूलाई देख्दा उहाँ "तिनीहरूप्रति दयाले भरिनुभयो; किनकि तिनीहरू गोठालो नभएका भेडाहरूजस्ता थिए ।" अनि तिनीहरूको गोठालोको खाँचो पूरा गर्नको लागि उहाँले के गर्नुभयो त ? "उहाँले तिनीहरूलाई धेरै कुराहरूको शिक्षा दिन थाल्नुभयो" (मर्कूस ६:३४) । सुसमाचारका चारवटा पुस्तकहरू येशूका दृष्टान्तहरू, उल्थाहरू, अर्तीहरू र वार्तालापहरूले भरिएका छन् । येशू शरीरमा आउनुभएका वचन हुनुहुन्छ (यूहन्ना १:१, १४), जसले पुरानो करारका सबै वचनहरू पूरा गर्नुभयो (मत्ती ५:१७; लूका २४:२५-२७, ४४-४७) र उहाँको सार्वजनिक सेवकाइभरि परमेश्वरको वचन खन्याउनुभयो ।

पुनर्जीवित हुनुभएपछि येशूले आफ्नो शिक्षा दिने र घोषणा गर्ने सेवकाइ प्रेरितहरूलाई हस्तान्तरण गर्नुभयो (मत्ती २८:१९-२०) । येशूको शिक्षाले सुसमाचारका पुस्तकहरू भरिएझैं प्रेरितहरूका

शिक्षाले प्रेरितको पुस्तक र पत्रहरू भरिएका छन्। अनि प्रेरितहरूले आफ्नो प्रचारद्वारा चेलाहरू बनाए र ती चेलाहरूलाई चर्चहरूमा भेला गरे, तब तिनीहरूले हरेक चर्चको लागि एल्डरहरू नियुक्त गरे र तिनीहरूलाई प्रेरितहरूको शिक्षा जिम्मा लगाए (प्रेरित १४:२३)।

एकक्षण रोकिएर सोच्नुहोस् त। येशू जीवित हुनुहुन्छ। उहाँले स्वर्गमा राज्य गर्नुहुन्छ र उहाँले तपाईंको चर्चमाथि शासन गर्नुहुन्छ। अनि उहाँले पवित्रशास्त्रहरूद्वारा तपाईंको चर्चमा त्यो राजकीय अधिकार चलाउनुहुन्छ। येशूका प्रजाहरूले ती पवित्रशास्त्रहरू पालना गरेर आज उहाँको आज्ञा पालन गर्दछन्। त्यसैले यदि तपाईं एल्डर हुनुहुन्छ भने तपाईंले परमेश्वरको वचन विश्वासयोग्यतासाथ सिकाउनुहुँदा, तपाईंको शिक्षामार्फत येशूले उहाँका प्रजाप्रति सार्वभौमिकरूपमा सेवा गरिरहनुभएको हुन्छ।

## शिक्षणमा भाग लिनुहोस्

व्यावहारिकरूपमा भन्नुपर्दा, यसले एल्डरहरूलाई के अर्थ दिन्छ ? एल्डरको कार्यविवरणका अर्थहरू केके हुन् ? ती अर्थहरू दुईवटा हुन्छन् भनी म विश्वास गर्दछु। पहिलोचाहिँ प्रष्टै हुनुपर्दछः एल्डरहरू चर्चको शिक्षण सेवकाइमा सहभागी हुनुपर्दछ। यदि तपाईं एल्डर हुनुहुन्छ भने तपाईं बाइबलको स्पष्टसँग व्याख्या गर्नमा व्यस्त हुनुपर्दछ।

तैपनि एल्डरहरू सिकाउन लजाउँदछन्। परमेश्वरको वचन सिकाउन सक्ने योग्यका एल्डरहरूसमेत सिकाउने मौकाहरूदेखि तर्कन्छन्। धेरै कारणहरूले गर्दा यस्तो हुन्छ र सबैभन्दा साझा

कारणचाहिँ म अदक्ष छु भन्ने भावना हो । साधारण एल्डरहरूले आफ्नो स्वाभाविक दक्षता, शिक्षणको अनुभव र ईश्वरशास्त्रीय तालिमलाई आफ्ना तलबी पास्टरहरूका तिनै पक्षहरूसँग तुलना गर्दछन् र कहिलेकाहीँ निराशा आउँदछ । तिनीहरू सोच्दछन्, "हामीसँग दक्ष कर्मचारीहरू हुँदाहुँदै चर्चका सदस्यहरूले मजस्तो अपरिपक्व व्यक्तिबाट किन सुन्न चाहलान् र ?" अझै भन्नुपर्दा, साधारण निरीक्षकहरूले चर्चबाहिर प्रायः धेरै घण्टा काम गर्दछन् र त्यसैले तिनीहरूसँग पाठ तयार पार्ने पर्याप्त समय हुँदैन । कसले भेडालाई अधकल्चो खाना खुवाउन चाहन्छ र ?

तर यदि तपाईं एल्डर हुनुहुन्छ भने तपाईं शिक्षक हुनुहुन्छ । त्यसैले यी डरहरू र निराशाहरूले तपाईंलाई सिकाउने कामदेखि नरोकून् । बरू, उत्साहित हुनुहोस् र तपाईंको क्षमता तथा श्रोतहरूलाई सकेसम्म चलाएर तपाईंको बोलावट पूरा गर्नुहोस् ।

सिकाउने काम विभिन्न स्थानहरूमा हुन्छ भन्ने सत्यताद्वारा उत्साहित हुनुहोस् । त्यो कुरा शनिबार बिहानको चर्च सेवामा मात्र हुँदैन । एल्डरहरूले बगाललाई ठूला सभाहरूमा वा घनिष्ठ परिवेशहरूमा खुवाउन सक्दछन् । तपाईंले बाइबल अध्ययनमा, घरेलु सङ्गतिमा, बालबालिकाको निम्ति छुट्टिका विशेष कार्यक्रमहरूमा वा व्यक्तिगत सल्लाह दिने सम्बन्धमा बाइबल खोल्न सक्नुहुन्छ । चर्चमा कहीँ पनि शिक्षाका खाँचोहरू भएको स्थान खोज्नुहोस् र सहायता गर्न अघि सर्नुहोस् ।

हाम्रो चर्चमा कम्बोडियाका मानिसहरूको एउटा सानो समूह पनि छ । सन् १९८१ र १९८२ को बीचमा हाम्रा केही

सदस्यहरूले कम्बोडियाली शरणार्थी समस्या चर्किएको बेलामा तिनीहरूलाई संयुक्त राज्यमा आउन सहायता गरे । ती शरणार्थीहरूमध्ये धेरैजना विश्वासी भएका र चर्चका सदस्यहरू बनेका छन् । तिनीहरूले कम्बोडियाको भाषा कह्मेरमा बाइबल अध्ययन सञ्चालन गर्दछन् । एल्डरहरूले त्यो कक्षालाई उल्था गर्ने व्यक्तिको सहायताले सिकाएका देखेर म वर्षौंदेखि प्रभावित भएको छु । एल्डरहरूले त्यो खाँचो देखे र बगाललाई खुवाउनको लागि सांस्कृतिक तथा भाषाका बाधाहरू पार गरे ।

सिकाउने दानचाहिँ विभिन्न सामर्थ्यहरू र तरिकाहरूमा आउँदछ भन्ने तथ्यद्वारा पनि उत्साहित हुनुहोस् । यदि तपाईंसँग ठूलो झुण्डलाई पैंतालीस मिनटसम्म ध्यान केन्द्रित गराइराख्ने क्षमता छैन भने त्यसको अर्थ तपाईंले आफ्नो शिक्षा दिने बोलावटलाई त्यागनुपर्दछ भन्ने हुँदैन । व्यर्थका तुलनाहरू गर्न छोड्नुहोस् र परमेश्वरले तपाईंलाई दिनुभएका दानहरू, जीवनका अनुभवहरू तथा व्यक्तित्वलाई चलाउने तरिका पत्ता लगाउनुहोस् ।

मेरो चर्चका एकजना सदस्य माइकलले ती मानिसहरूको माझमा सेवा गर्न चाहनुहुन्छ जो वर्षौंसम्मको पापमय कुलतहरूको दासत्वमा परेर टुटेका हुन्छन् । त्यसको मुख्य कारण यो हो कि प्रभु येशूले तिनलाई कुलतको दोष र शक्तिदेखि उद्धार गर्नुभएको थियो । त्यसैले तिनले "कुलतहरू" बाइबल अध्ययन सुरु गरे । त्यो यही थियो: एक बाइबल अध्ययन । माइकलले पुनर्स्थापना कार्यक्रमको पाठ्यक्रम चलाएनन् । तिनले बाइबल सिकाउने काममात्र गरे । तर तिनको जीवनको अनुभव तथा दयाले तिनलाई

कुलतसँग सङ्घर्ष गरिरहेका मानिसहरूसँग अर्थपूर्ण सम्बन्ध गाँस्न सक्षम तुल्यायो । तिनको त्यो तरिका मेरो नियमित शनिबारको प्रचारमा मैले प्रयोग गर्ने तरिकाभन्दा भिन्दै थियो । माइकल त एल्डर पनि थिएनन्, तर तिनको उदाहरणले देखाउँदछ कि परमेश्वरले हाम्रा जीवनका विभिन्न अनुभवहरूलाई उहाँको वचन सिकाउनको लागि चलाउनुहुन्छ ।

अन्त्यमा, बाइबल शिक्षकहरूले सुधार गर्न सक्दछन् भन्ने कुराबाट पनि उत्साहित हुनुहोस् । पावलले तिमोथीलाई दिएका निर्देशनहरू हरेक शिक्षकले अवलम्बन गर्नुपर्दछ:

> म नआउन्जेल पढ्नमा, अर्ती दिनमा, शिक्षा दिनमा ध्यान देऊ । तिमीमा भएको दानलाई हेलचेक्र्याइँ नगर, जुनचाहिँ एल्डरहरूका हातहरू राखिँदाखेरि भविष्यवाणीद्वारा तिमीलाई दिइएको थियो । यी कुराहरूमाथि मनन गर; यिनीहरूमा लागिरह र तिम्रो प्रगति सबैकहाँ देखा परोस् । (१ तिमोथी ४:१३-१५)

परमेश्वरले आफ्ना शिक्षकहरूलाई सिद्धता होइन तर सुधार देखाउन आज्ञा गर्नुहुन्छ । आफूलाई अरू शिक्षकहरूसँग तुलना नगर्नुहोस्; बरू, आफ्नो शिक्षणलाई गएको वर्षको वा पाँच वर्षअघिको शिक्षणसँग तुलना गर्नुहोस् र कति सुधार भएछ भनी हेर्नुहोस् । हामीले “यी कुराहरूमाथि मनन” गर्दा (अर्थात्, “सार्वजनिकरूपमा पढ्ने, अर्ती दिने र शिक्षा दिने काम” माथि मनन गर्दा) र हामी “यिनीहरूमा लागिरहँदा” हामीमा सुधार हुन्छ ।

त्यसैले सिकाउने मौकाको सदुपयोग गर्नुहोस् । आफैलाई धकेल्नुहोस् । यदि तपाईंको चर्चमा ईश्वरशास्त्रीय तालिम लिएका मानिसहरू छन् भने तपाईंमा भएका ज्ञानका कमजोरीहरू सुधार्नको लागि सम्बन्धित पुस्तकहरूको नाम माग्नुहोस् । तपाईंका पाठहरू सुनिदिन र प्रतिक्रिया जनाउन अरू शिक्षकहरू र एल्डरहरूसँग अनुरोध गर्नुहोस् ।

नियमित प्रचार गर्ने तपाईंका पास्टरले तपाईंलाई अर्को शनिवार वचन बोल्न चाहनुहुन्छ कि भनेर सोध्नुभयो भने जोखिम मोल्नुहोस् र "हुन्छ" भन्नुहोस् !

## शिक्षणको बचाउ गर्नुहोस्

एल्डरले सिकाउनको निम्ति गर्ने मेहनतहरूको दोस्रो आयाम पनि छ । निरीक्षकले सिकाउनमा मात्र सहभागिता जनाउँदैन, उसले त झूटो शिक्षाबाट चर्चलाई जोगाउनु पनि पर्दछ । उसले सैद्धान्तिक आक्रमण र प्रतिरक्षा दुवै गर्नुपर्दछ, "आफूले पाएको शिक्षामुताबिक विश्वासयोग्य वचन बलियोसँग पक्रेर खाँटी शिक्षाद्वारा विरोधीहरूलाई अर्ती दिन र कायल गराउन सक्ने हुनुपर्छ" (तीतस १:९) ।

शिकारीहरूले भेडाको शिकार गर्दछन् । गोठालाहरूले सिंहहरू र ब्वाँसोहरूलाई धपाएजसरी एल्डरहरूले झूटा शिक्षकहरूलाई धपाउनुपर्दछ । पावलले एफिससका एल्डरहरूलाई चेताउनी दिए:

> मलाई यो थाहा छ, म गएपछि तपाईंहरूको बीचमा क्रूर ब्वाँसाहरू भित्र पस्नेछन्, जसले बगाललाई छोड्नेछैनन् ।

तपाईंहरूकै बीचबाट पनि चेलाहरूलाई आफ्नो पछि तान्नको लागि टेढामेढा कुरा गर्ने मानिसहरू उठ्नेछन् । यसकारण जागा रहनुहोस् र सम्भना गर्नुहोस् – मैले तीन सालसम्म रातदिन हरेकलाई आँसुको साथ चेताउनी दिन छोडिनँ । (प्रेरित २०:२९-३१)

एफिससमा रहेका झूटा शिक्षकहरूको बारेमा पावलले विशेष फिक्री लिएका हुनुपर्दछ, किनभने त्यहाँको चर्चलाई लेखेको पत्रमा तिनले पास्टरीय शिक्षण सेवकाइको महत्वलाई फेरि जोर दिए ताकि विश्वासीहरू वृद्धि होऊन् र झूटो शिक्षाका दबावहरू तथा प्रलोभनहरूको प्रतिवाद गर्न सकून् । जब साँचो शिक्षाले आफ्नो काम पूरा गर्दछ, "तबउसो हामी बालक रहँदैनौं, जो मानिसहरूका चलाकी र छलपूर्ण धूर्ततामा हरेक शिक्षारूपी बतासद्वारा यता र उता पारिँदछन्" (एफिसी ४:१४) ।

## निगरानी गरिराख्ने रणनीतिहरू

विरोधी झूटो शिक्षाको विरुद्धमा निगरानी गर्नुपर्दछ । एल्डरहरू ती मानिसहरू वा विचारहरूविरुद्ध चनाखो हुनुपर्दछ जसले सुसमाचारलाई वा बाइबललाई बङ्ग्याउँदछन् । तपाईंको बगालमाथि निगरानी गरिराख्ने तीन रणनीतिहरू यस प्रकार छन्:

तपाईंको सेरोफेरो जानिराख्नुहोस्

सुरुमा तपाईंको वरिपरिका आत्मिक कुराहरूको अध्ययन गर्नुहोस् । तपाईंको समुदायमा सक्रिय रहेका विशेष आस्थाहरू, दर्शनशास्त्रहरू र धर्महरूको बारेमा जानकारी लिइराख्नुहोस् । के

तपाईंका विश्वासी जनहरू अर्को मुख्य धर्मसँग नियमित सम्पर्कमा रहन्छन् ? के तपाईंको गाउँ वा सहरमा कुनै किसिमको झूटो शिक्षाको बिगबिगी छ ? ती समूहहरूका मुख्य शिक्षाहरूबारे सचेत हुनुहोस्, विशेष गरी ती सुसमाचार र बाइबलीय सत्यतासँग बाझिने ठाउँहरूमा ।

"वादहरू" को बारेमा नि ? के धर्म निरपेक्षवाद, व्यक्तिवाद, तर्कवाद वा सापेक्षतावादका व्यवहारहरूले तपाईं बस्नुहुने ठाउँका मानिसहरूका सोचाइ परिवर्तन गरिदिन्छन् ? तपाईंको चर्चमा आउने स्थानीय मानिसहरूले ती भिन्न आस्थाहरूलाई भित्र ल्याउनेछन् र थाहै नपाईकन तिनै "वादहरू" को आधारमा चर्चमा काम गर्नेछन् । तपाईंको शिक्षा र वार्तालापहरूमा यी विश्वदृष्टिकोणहरूको बारेमा अवश्य चर्चा गर्नुहोस् ।

तपाईंको वरिपरि रहेका चर्चहरूमाझ वा तपाईंको आफ्नै चर्चमा समेत सुसमाचारलाई बङ्ग्याउने कामहरू भइरहेका छन् कि भन्ने कुरामा विशेषरूपमा चनाखो रहनुहोस् । त्यसका विभिन्न रूपहरू हुन सक्दछन्: सम्पन्नताको दाबी गर्ने सुसमाचार वा खुला ईश्वरवाद वा व्यवस्थावाद वा ईश्वरशास्त्रीय उदारवाद । के स्थानीय क्यारिस्म्याटिक व्यक्तिहरूले कमजोर सुसमाचार दिने वा झूटो सुसमाचार दिने शिक्षाहरू सुनाएर चेलाहरू बनाइरहेका छन् ? यी सबै शिक्षाहरूले तपाईंका भेडाहरूलाई हानि पुऱ्याउन सक्दछन् ।

तपाईंहरूको सदस्यता प्राप्त गर्ने प्रक्रियाको निगरानी गर्नुहोस्

तपाईंको स्थानीय क्षेत्रको जाँच गर्दा भेडाको खोरको

अगाडिको ढोकाको निगरानी गर्न भने नबिर्सनुहोस् । तपाईंको चर्चमा कोको आउँदैछन् ? तपाईंको चर्चले के सिकाउँदछ भनी के नयाँ सदस्यहरूले जान्दछन् ? त्यो शिक्षासँग के तिनीहरू सहमत हुन्छन् ? के तपाईं निश्चित हुनुहुन्छ ?

तपाईंको चर्चलाई झूटो शिक्षादेखि सुरक्षा गर्ने कार्यमा एउटा गहन सदस्यताको प्रक्रियाले ठूलो भूमिका खेल्दछ । सम्भावित सदस्यहरूले सदस्यता लिनुभन्दा पहिला तपाईंको चर्चले विश्वास गर्ने कुरा सुन्नुपर्दछ । मेरा एल्डरहरू र मैले बितेका वर्षहरूमा सिकेका छौं कि हाम्रो चर्चका केही ईश्वरशास्त्रीय विशेषताहरूले मानिसहरूलाई धेरै मन दुखाइदिन्छन् । ती विशेषताहरूमा यी पर्दछन्: विश्वासीको बप्तिस्मा, रिफर्म्ड (सुधारवादी) ईश्वरशास्त्र र पुरुष अगुवापन । त्यसैले हाम्रो सदस्यतासम्बन्धी कक्षाको सुरुमै हामी जानीजानीकन नै यी बढी विवादास्पद आस्थाहरूबारे बताउँदछौं । यदि उक्त कक्षामा बसेको कुनै व्यक्तिले ती धारणाहरूको कारण सदस्यता त्याग्दछ र चर्च छोड्दछ भने हामीले लामो समयको कुरा गर्दा उसलाई वा उनलाई दया देखाएका हुन्छौं ।

सम्भावित सदस्यहरूले के विश्वास गर्दछन् भन्ने कुरा पनि तपाईंले थाहा पाउनुपर्दछ । चर्चको सदस्यता लिन खोजेका व्यक्तिहरूलाई एल्डरले अन्तर्वार्ता लिने बारेमा विचार गर्नुहोस् । तपाईंको चर्चका सैद्धान्तिक धारणाहरू तिनीहरूले बुझेका छन् कि छैनन् र तिनीहरू तीसँग सहमत हुन्छन् कि हुँदैनन् भनी तिनीहरूलाई प्रष्टरूपमा सोध्नुहोस् । कतिपय चर्चहरूले त

झुण्डको ईश्वरशास्त्रीय प्रतिबद्धताहरू पुष्टि गर्नको लागि चर्चको सैद्धान्तिक सारमा नयाँ सदस्यहरूलाई हस्ताक्षर गर्न अनुरोधसमेत गर्दछन् ।

भन्नुपर्ने त होइन, तर म यो भनिहाल्छु: गैरसदस्यहरूलाई तपाईंको सङ्गतिमा नियमितरूपमा सिकाउने भूमिका कहिल्यै पनि नदिनुहोस् ।

तपाईंका सेवकाइहरूको मूल्याङ्कन गर्नुहोस्

तपाईंको चर्चमा के सिकाइँदैछ भन्ने के तपाईं जान्नुहुन्छ ? तपाईंको एल्डर ओहोदालाई प्रयोग गर्दै जवानहरूको कुराकानीमा सामेल हुनुहोस् वा दिदीबहिनीको कार्यक्रममा पछिल्तिर गएर बस्नुहोस् । बालसङ्गतिमा कहिलेकाहीँ सहायता गर्नुहोस् । तपाईंका विश्वासी जनहरूले कस्तो प्रकारको आत्मिक पोषण पाइरहेका छन् ? त्यो साँचो सुसमाचार हो कि ईश्वरशास्त्रीय बकवास हो ? तपाईंको झुण्डको सङ्गीतलाई ध्यान दिएर सुन्नुहोस् । भजनका शब्दहरूले परमेश्वर, सुसमाचार वा मुक्तिको विषयमा कुनकुन सन्देशहरू सिकाउँदछन् ? तपाईंहरूको गायनले तपाईंको सिद्धान्तलाई समर्थन गरिरहेको छ कि नष्ट गरिरहेको छ ?

सबैभन्दा तल्लो तहसम्म नै मूल्याङ्कन गर्नुहोस् । एल्डरहरू आफै मानिसहरूसित घुलमिल हुँदा असल गोठालो गरिन्छ । तिनीहरूले के पढिरहेका छन् ? के तिनीहरूले इन्टरनेटमा कुनै प्रचारकहरूका प्रवचनहरू सुन्दै छन् ? यदि सदस्यहरूले चर्चमा जोशिलो हुँदै कुनै पुस्तक एकअर्कालाई दिइरहेका छन् भने तपाईंले पनि त्यो पुस्तक पढ्नुपर्दछ होला ।

यदि बाइबल अध्ययनको अगुवा, बालसङ्गतिको शिक्षक वा मानिसहरूलाई विश्वस्त पार्ने वक्ताले साँचो सिद्धान्तलाई नष्ट पारिरहेको तपाईंले भेट्टाउनुभयो भने सीधै गएर उसलाई वा उनलाई भन्नुहोस् । उक्त अवस्थालाई बिग्रन नदिनुहोस् । त्यो आफै सुध्रिनेछैन । प्रेरितहरूले झूटा शिक्षकहरूविरुद्ध सबैभन्दा कडा वचनहरू बोले (२ पत्रुस २; २ यूहन्ना ७-११; यहूदा ५-११), र प्रभु येशूले ती झूटा शिक्षकहरूलाई अङ्गालेका चर्चहरूलाई कडा चेताउनीहरू दिनुभयो (प्रकाश २:१४-१६, २०-२३) ।

## साँचो कुरा थाहा पाइराख्नुहोस्

सायद झूटो शिक्षाको विरुद्धमा सुरक्षा गर्नको लागि एल्डरहरूले गर्न सक्ने सबैभन्दा महत्वपूर्ण कुराचाहिँ साँचो बाइबलीय सत्यता जान्नु हो । "आफूले पाएको शिक्षामुताबिक विश्वासयोग्य वचन बलियोसँग पक्रेर" एल्डरहरूले "विरोधीहरूलाई कायल गराउन" सक्दछन् (तीतस १:९) । झूटा शिक्षाहरू र अर्ध सत्यताहरू असङ्ख्य हुन्छन् तर सत्यताचाहिँ एउटामात्र हुन्छ । तपाईंले आफ्नो बाइबललाई जति बढी जान्नुहुन्छ, सबैभन्दा सुक्ष्म झूटो शिक्षा पत्ता लगाउन तपाईं त्यति नै बढी सक्षम हुनुहुन्छ ।

एउटा चर्चका अगुवाहरूले आफ्ना पास्टर सुसमाचारदेखि तर्किगएका महसुस गरे । ती पास्टर चलाख र अगुवाहरूभन्दा बढी शिक्षित थिए । तिनले आफ्नो धारणालाई पवित्रशास्त्रबाट सजिलै प्रमाणित गर्न सक्दथे । तर तिनी धेरै शिक्षित र प्रखर वक्ता भए तापनि तिनको नयाँ शिक्षालाई चर्चका अगुवाहरूले पचाउन सकेनन् । तिनीहरूले आफ्ना सेवकविरुद्ध विवाद गरेर

जित्न नसकेतापनि वा तिनी कहाँनेर चुकेका थिए भनेर स्पष्टसित देखाउन नसकेतापनि त्यसलाई आफूले जानिराखेको विश्वासयोग्य सन्देशको रूपमा मानेनन् । तिनीहरूले पास्टरको सामु गएर कुरा राखे र तिनले अन्ततः त्यो चर्च नै छोडे ।

चर्चको शिक्षालाई जोगाउनको लागि बाइबल कलेजको डिग्री हासिल गर्नुपर्दैन, तर त्यसको लागि त साहस र विश्वास पो चाहिन्छ ।

## शिक्षालाई जोगाइराख्नुहोस्

यो अध्यायले एल्डरहरूलाई साँचो शिक्षामा भाग लिन र त्यसलाई जोगाइराख्न अनुरोध गरिरहेको छ । वास्तवमा, तपाईं सबैभन्दा जटिल ईश्वरशास्त्रीय गाँठोहरू फुकाउन र सबैभन्दा धूर्त झूटा शिक्षकहरूलाई बाँध्न सक्ने निपुण शिक्षक हुनुहोला । तथापि, तपाईंको शिक्षण सेवकाइमा एउटा ठूलो समस्या आउनेछः तपाईं मर्नुहुनेछ ।

तपाईं मर्नुहुँदा, परमेश्वरको कृपाले तपाईंले राम्रोसँग सिकाइएका धेरैजना क्रिश्चियनहरू छोडिजानुहुनेछ । तर के तपाईंले उक्त कामलाई जारिराख्ने दक्ष शिक्षकहरू पनि छोड्नुहुनेछ ? अर्को शब्दमा, के तपाईंले अरूलाई तालिम दिने कदमहरू चाल्नुभएको छ ? चर्चलाई शिक्षा दिनुको केही भागचाहिँ भविष्यका पास्टर-शिक्षकहरूलाई तालिम दिनु हो । जसरी पावलले तिमोथीलाई भने, “अनि धेरै साक्षीहरूको बीचमा जुन कुराहरू तिमीले मबाट सुनेका छौ, तिनलाई तिमीले विश्वासयोग्य

मानिसहरूलाई सुम्पिदेऊ, जो अरूलाई पनि सिकाउनमा योग्यका हुनेछन्" (२ तिमोथी २:२) ।

के तपाईंले आफ्नो चर्चमा अर्को मानिस देख्नुभएको छ जसले एक शिक्षक वा एल्डरको रूपमा प्रतिबद्धता देखाउँछ ? उसँग नियमित भेटेर ईश्वरशास्त्र पढ्ने वा बाइबल अध्ययन गर्ने विषयमा सोचविचार गर्नुहोस् । अथवा तपाईंको घरेलु बाइबल अध्ययनमा वा तपाईंले सिकाउने सन्डे स्कुल कक्षामा एक किसिमको चेलाको रूपमा उसलाई लैजानुहोस् । तपाईंले पाठ तयार पार्ने प्रक्रियामा उसलाई सहभागी गराउनुहोस्, उसलाई सिकाउने मौका दिनुहोस् र त्यसपछि उसलाई प्रतिक्रिया दिनुहोस् । पखाल्नुहोस् र दोहोऱ्याउनुहोस् ।

## कम्मर कस्नुहोस्

केभिन ती एक एल्डर हुन् जसले एउटा शनिवार बिहान प्रवचन प्रचार गर्नको लागि मैले दिएको चुनौतीलाई स्वीकार गरे । त्यो कामलाई स्वीकार गरेलगत्तै, तिनले मलाई भने कि तिनमा आफ्नै नगरमा गएर सुसमाचार प्रचार गर्ने ठूलो बोझ थियो र परमेश्वरले त्यहाँ एउटा चर्च स्थापना गर्नमा सहायता गर्नको लागि तिनलाई बोलाइरहनुभएको पो थियो कि भनेर तिनले सोचेका थिए । केभिनले त्यो नगरको माध्यमिक विद्यालयमा पढाउँदछन् र दौड र फुटबल प्रशिक्षण पनि गर्दछन् । तिनले साँच्चै नै आफ्नो समुदायका सयौं मानिसहरूलाई चिन्दछन् । त्यहाँ चर्च स्थापना गर्न सहायता गर्ने कति उचित मानिस !

तिनले शनिवार बिहान वास्तवमै प्रचार गर्न सक्दथे भन्ने विचारले त्यो सपनामा नयाँ जीवन थपिदियो ।

आज, केभिनले हाम्रो चर्चमा प्रवचन प्रचार गर्नमा केन्द्रित रहेर सेवा गरिरहेका छन् । तिनले सिमियोन ट्रष्टद्वारा तयार पारिएको अनलाइन पाठ्यक्रमद्वारा बाइबलीय व्याख्याको विषयमा अध्ययन गरिरहेका छन् साथसाथै सिकाउने र प्रतिक्रिया लिने नियमित मौकाहरू पनि सदुपयोग गरिरहेका छन् । अबका कदमहरू केके हुनेछन् वा चर्च स्थापनाको लक्ष्य पूरा हुन्छ कि हुँदैन भन्ने मलाई थाहा छैन । त्यो सबै परमेश्वरकै हातमा छ । तर एक एल्डर आफ्नो सिकाउने बोलावटतर्फ ढल्किरहेको, प्रगति गरिरहेको र सुसमाचारको निम्ति ठूलो सपना देख्ने साहस गरिरहेको म देख्दछु।

# ४

# बरालिएकाहरूलाई ठीक बाटोमा ल्याउनुहोस्

यो त चर्चहरूमा एउटा अति साझा प्रक्रिया हो । चर्चको एकजना सदस्य शनिवार बिहान देखा पर्न छोड्दछ। केही हप्ता र त्यसपछि केही महिना बितेपछि मात्र कसैले ख्याल गर्दछ। त्यस्तो कुरा ठूल्ठूला चर्चहरूमा अति सजिलै हुन सक्दछ, तर साना चर्चहरूमा पनि त्यस्तो हुन्छ ।

मेरो झुण्डका मानिसहरूले यो प्रक्रियालाई "छेदहरूबाट खस्नु" भन्दछन् । तिनीहरू यस्ता कुराहरू भन्दछन्: "के तपाईंले शीतललाई आजभोलि चर्चतिर देख्नुभएको छ ? म आशा गर्दछु उनी छेदहरूबाट खसिनन् होला ।" यस्तो विवरणले चर्चलाई जमिनभन्दा धेरै माथि रूखमा बनाइएको घरसँग तुलना गरिदिन्छ जसका भुइँमा राखिएका काठका फल्याकहरूबीच ठूल्ठूला छेदहरू हुन्छन् । कहिलेकाहीँ कुनै सदस्यले ध्यान पुऱ्याउन सक्दैन, एउटा छेदमा टेक्दछ र "वुस्" आवाज निकाल्दै बिलाउँदछ। के साँच्चै नै सदस्यहरूले आकस्मिकरूपमा, दुर्घटनावश र मानिसहरूले ख्याल गर्ने कुनै मौका नै नपाउने गरी चर्चहरू छोड्दछन् त ?

"छेदहरूबाट खस्नु" को सट्टामा हामीले भिन्दै चित्रण प्रयोग गऱ्यौं भने नि: "बगालदेखि बरालिनु" । त्यो चित्रण कम्तिमा पनि

दुई कारणहरूले बढी उचित देखिन्छ। पहिलो, “बरालिनु” को अर्थ यो हुन्छ कि चर्चबाट अलग भएको सदस्यले झुण्डसँग समावेश हुने व्यक्तिगत जिम्मेवारी बहन गर्दछ । भेडाहरूले अन्जानमै तीव्र गतिमा कुनै खाडलमा खसेर यत्तिकै बगाललाई छोड्दैनन् । तिनीहरू धेरैवटा छनोटहरू गर्दै धेरै समय लगाएर यताउति भौंतारिन्छन् ।

दोस्रो, बरालिएको भेडाको चित्रणले यो पनि बताउँदछ कि कसैले बगालको रेखदेख गर्नुपर्दछ र भेडा बरालिन थाल्दाखेरि केही गरिहाल्नुपर्दछ । हो, हरेक सदस्यसँग यताउति नभौंतारिने व्यक्तिगत जिम्मेवारी हुन्छ, तर एकअर्काको ख्याल गर्नुचाहिँ चर्चका सबै सदस्यहरूको कर्त्तव्य हो । तैपनि, बरालिएका भेडाहरूको खोजी गर्ने जिम्मेवारी एउटा विशेष समूहको हुन्छः एल्डरहरू ।

## रेखदेख गरिरहनु

अध्याय ३ मा, हामीले देख्यौं कि एल्डरहरूले कुनै पनि “ब्वाँसोहरू” झूटो शिक्षा लिएर तिनीहरूका झुण्डहरूभित्र नछिरून् भन्ने कुरा निश्चित गर्नको लागि निगरानी गर्दछन् । तर अर्को दिशातिर अवाञ्छित गति नहोस् भनेर पनि एल्डरहरूले निगरानी गर्दछन्: सदस्यहरू बथानदेखि र परमेश्वरदेखि टाढा । योचाहिँ सामान्य गोठालो कामको अंश हो । गोठालाहरूले भेडालाई खुवाउँदछन्, तिनलाई जंगली पशुहरूदेखि सुरक्षा गर्दछन् र तिनको चाल नियाल्दछन् ।

याकूबले लाबानका बथानहरू रेखदेख गर्दाखेरिको आफ्नो दुःख वर्णन गरेका स्मरण गर्नुहोस् । याकूबले लाबानका भेडाहरूको

निरीक्षण गर्दाखेरि आफू कसरी थकित भएका थिए र कसरी तिनले हरेक पशुको लेखा दिए भनी विलाप गरे। तिनको गुनासोमा हामी सतर्क, जवाफदेही गोठालोपनको झलक पाउँदछौं:

यी बीस वर्षसम्म म तपाईंसँग रहें; तपाईंका भेडीहरू र तपाईंका बाख्रीहरूले कहिल्यै बच्चा तुहाएनन्, न ता तपाईंको बगालका थुमाहरू मैले खाएँ। जङ्गली पशुहरूद्वारा फारिएकोलाई मैले तपाईंकहाँ ल्याइनँ; मैले नै त्यसको हानि सहें; चाहे दिनमा चोरिएको होस् वा रातमा चोरिएको होस्, तपाईंले मेरो हातबाट त्यसको भर्ना लिनुभयो। मेरो हालत यस्तो थियो – दिनमा मलाई गर्मीले खान्थ्यो, र रातमा तुसारोले; अनि मेरो निद्रा मेरा आँखाबाट भाग्थ्यो। (उत्पत्ति ३१:३८-४०)

तुलना गरेर हेर्दा, इजकिएलले इस्राएलका अगुवाहरूलाई गोठालोपनमा बेवास्ता गरेको आरोप लगाउँदै तिनीहरूको विरुद्ध भविष्यवाणी गरे: "धिक्कार इस्राएलका गोठालाहरूलाई, जसले आफ्नै पेट भर्छन्! के गोठालाहरूले भेडाहरू चराउनुपर्दैन र?" (इजकिएल ३४:२)। अनि तिनीहरू गोठालो गर्न असफल भएका तरिकाहरूमध्ये एउटा के थियो? "तिमीहरूले....न धपाइएकोलाई फर्काएर ल्याएका छौ, न हराएकोलाई खोजेका छौ" (पद ४)। फलस्वरूप, "मेरा भेडाहरू सबै पहाडहरूहुँदो र हरेक अग्लो डाँडामाथि भड्किहिँड्थे; अँ, मेरा भेडाहरू पृथ्वीको सम्पूर्ण सतहमाथि तितरबितर भए; अनि कसैले सोधखोज गरेन, न त कसैले तिनीहरूलाई खोजिनिकाल्यो" (पद ६)।

तैपनि, परमेश्वरले घोषणा गर्नुभयो कि उहाँ स्वयं उहाँका

प्रजामध्ये हराएका भेडालाई खोज्न आउनुहुनेथियो:

> किनभने प्रभु यहोवा यसो भन्नुहुन्छ: हेर, म, अँ, म नै मेरा भेडाहरूको सोधखोज गर्नेछु र तिनीहरूलाई खोजिनिकाल्नेछु। जसरी गोठालाले आफ्ना तितरबितर भएका भेडाहरूको बीचमा भएको दिनमा आफ्ना भेडाहरू खोजिनिकाल्छ, त्यसरी नै म मेरा भेडाहरू खोजिनिकाल्नेछु। (इजकिएल ३४:११-१२)

त्यसैले परमेश्वर हराएका भेडाहरूलाई नयाँ बगालमा जम्मा गर्नको लागि येशूमा आउनुभयो। येशूले हराएको एउटा भेडालाई खोजेर निकाल्नको निम्ति उनान्सय "भेट्टाइएका" भेडालाई छोड्ने गोठालासँग आफूलाई तुलना गर्दै करसङ्कलकहरू र पापीहरूप्रतिको आफ्नो सेवकाइलाई व्याख्या गर्नुभयो (लूका १५:१-७)। उहाँले आफूलाई असल गोठालो भन्नुभयो जसले भेडाको निम्ति आफ्नो जीवन अर्पणमात्र गर्दैन, तर जसले "अरू भेडालाई" अर्थात् गैरयहूदीहरूलाई भित्र ल्याउनु पनि हुन्छ (यूहन्ना १०:१४-१६)।

एकपटक फेरि, यहाँनेर नै चर्चका एल्डरहरू अगाडि आउँदछन्। एल्डरहरूले येशूका साना गोठालाहरूको रूपमा सेवा गर्दछन् र प्रभु येशू तथा उहाँको सुसमाचारद्वारा उद्धार गरिएका र जम्मा पारिएका बगालहरूको रेखदेख गर्दछन्। एल्डरहरूलाई उचितरूपमा नै "निरीक्षकहरू" भनिन्छ। तिनीहरू "हिसाब दिनुपर्नेहरूले जस्तो गरी तिमीहरूका प्राणहरूका निम्ति जागा रहन्छन्" (हिब्रू १३:१७)। आंशिकरूपमा, यसैकारण तपाईंको परिवार राम्रोसँग चलाउनुचाहिँ एल्डरको एउटा योग्यता हो (अध्याय १ हेर्नुहोस्)। असल बुबा हुनको लागि छोराछोरी र

परिवारको व्यवहारलाई चनाखो भएर रेखदेख गर्नुपर्दछ, र असल पास्टरीय सेवकाइमा पनि त्यस्तै गर्नुपर्दछ।

## कसको लागि जवाफदेही ?

रेखदेख गर्नुसम्बन्धी यो सबै कुराकानीले एउटा महत्वपूर्ण प्रश्न उठाउँदछः वास्तवमा एल्डरहरूले कसको रेखदेख गर्नुपर्ने हो त ? यदि एल्डरहरू याकूबले जसरी लेखा दिनुपर्ने गोठालाहरू हुन् भने तिनीहरू परमेश्वरको सामु कसको लागि जवाफदेही हुन्छन् त ? पक्कै पनि चर्चका एल्डरहरू जहींतहींका हरेक क्रिश्चियनको निम्ति आत्मिकरूपमा जवाफदेही हुँदैनन् । त्यसैले एल्डरहरू आफूले सेवा गर्ने चर्चमा आउने व्यक्तिहरूमाथि रेखदेख गर्नको निम्ति मात्र जिम्मेवार हुनुपर्दछ। ठीक ?

अँ, होला। कि होइन होला। के एल्डरहरूले एकपटक मात्र चर्च आएको कुनै व्यक्तिको लागि आत्मिक जिम्मेवारी बहन गर्नुपर्दछ ? दुईपटक आएको व्यक्तिको लागि नि ? एल्डरहरूले निरीक्षण गर्ने बगालको "औपचारिकरूपमा" सदस्य हुनको लागि कुनै व्यक्ति कति समयसम्म र कति नियमितरूपमा शनिबारको आराधना सेवामा आउनुपर्दछ ? यदि कुनै व्यक्ति नियमितरूपमा चर्चको बाइबल अध्ययनमा आउँदछ तर चर्च सेवाहरूमा आउँदैन भने नि ? अनि नियमितरूपमा आउने व्यक्ति विश्वासी वा अविश्वासी हो भन्ने कुराले कुनै फरक पार्दछ ?

बाइबलीय गोठालोपनले बगाललाई परिभाषित गर्ने कुनै स्पष्ट तरिकाको माग गर्दछ जस्तो देखिन्छ। एल्डरहरूले आफूहरू गोठालाको रूपमा जवाफदेही हुने मानिसहरूलाई र तिनीहरूले

सङ्गी क्रिश्चियनहरूको रूपमा सम्बन्ध राख्नुपर्ने मानिसहरूलाई चिन्नुपर्दछ। यसलाई अर्को तरिकाले भन्नुपर्दा, चर्चको एल्डरपदले चर्चको सदस्यतासम्बन्धी केही अवधारणा बनाउनुपर्दछ।

## एल्डरपद र सदस्यता

चर्च सदस्यताले दुई महत्वपूर्ण कुराहरू गर्दछ। पहिलो, यसले मानिसहरूलाई येशूका चेलाहरूको रूपमा चिनाउँदछ। चर्चको सदस्यताले मानिसहरूलाई क्रिश्चियन बनाउँदैन, तर त्यसले तिनीहरूलाई बाहिरीरूपमा क्रिश्चियन भनी चिनाउँदछ। येशूले स्थानीय चर्चहरूलाई "बाँध्ने" र "फुकाउने" (मत्ती १८:१८), भेडालाई बप्तिस्माद्वारा सदस्य बनाएर भेडाको रूपमा छाप लगाउने (२८:१८-२०) र मण्डलीबाट बहिस्कार गरेर त्यो छाप हटाउने (१८:१५-१७) अधिकार दिनुभएको छ। चर्चको सदस्यता लिन खोज्दा कुनै व्यक्तिले चर्चको सामु उभिएर यसो भन्दछ, "म एक चेला हुँ," र चर्चले भन्दछ, "हो, तपाईं चेला हुनुहुन्छ भनी हामी विश्वास गर्दछौं !" (वा, केही बिरलै अवस्थाहरूमा, "अहँ, तपाईं चेला हुनुहुन्छ भनी हामी विश्वास गर्दैनौं !")। मण्डलीबाट बहिस्कार गर्दा, चर्चले भन्दछ, "तपाईं साँचो क्रिश्चियन हुनुहुन्छ होला, तर तपाईंको पश्चात्ताप नगरिएको पापले तपाईं साँचो क्रिश्चियन हुनुहुन्छ भन्ने कुरालाई पुष्टि गरिरहने कुनै कारण हामीलाई दिँदैन।"

दोस्रो, चर्चको सदस्यताले मानिसहरूलाई क्रिश्चियन भनेर चिनाउने काममात्र गर्दैन, यसले परिचित विश्वासीहरूको समूहलाई एउटा निर्दिष्ट झुण्डमा जम्मा पनि गर्दछ, जहाँ तिनीहरूले

आफूलाई एकअर्काप्रति समर्पित गर्दछन् । प्रेरितहरूले सुसमाचार प्रचार गरेर चेलाहरू बनाए र त्यसपछि ती चेलाहरूलाई बप्तिस्मा दिएर स्थानीय सङ्गतिहरूमा भेला गरे ताकि क्रिश्चियनहरूलाई येशूका आज्ञाहरू पालन गर्न सिकाउन सकियोस् । प्रेरितहरूले चेलाहरूका समूहहरूलाई चर्चमा जम्मा गरेपछि चर्चलाई अगुवाइ गर्न र सिकाउनको लागि एल्डरहरू नियुक्त गरे । जसरी पावलले आफ्ना सहकर्मी तीतसलाई स्मरण गराए, “यही कारणले गर्दा मैले तिमीलाई क्रेटमा छोडेँ – बाँकी रहेका कुराहरूलाई ठीकठाक पार, र मैले तिमीलाई आज्ञा गरेबमोजिम हरेक शहरमा प्राचीनहरू (एल्डरहरू) नियुक्त गर” (तीतस १:५) ।

चर्चको सदस्यताले एल्डरले रेखदेख गर्ने समग्र परियोजनालाई कसरी सम्भव बनाउँदछ भनी के तपाईं देख्न सक्नुहुन्छ ?

येशूका चेलाहरूलाई पहिचान गरेपछि र चिनो लगाएपछि, चर्चको सदस्यताले पास्टर-एल्डरलाई यो कुरा जान्न सक्षम तुल्याइदिन्छ कि चर्चलाई थाहा भएसम्म यी भेडाहरू वास्तवमै भेडा हुन् । अनि चेलाहरूलाई एउटा झुण्डमा भेला गरेपछि, चर्चको सदस्यताले एल्डरलाई उसले रेखदेख गर्नुपर्ने निर्दिष्ट भेडाहरू कुनकुन हुन् भन्ने कुरा थाहा गराइदिन्छ । उसले तिनीहरूकै बारेमा परमेश्वरलाई लेखा दिनेछ (हिब्रू १३:१७) । यसको अर्थ एक एल्डरले चर्चको आराधना सेवामा आउने गैरसदस्यप्रति बेवास्ता गर्नुपर्दछ वा ऊ कडा हुनुपर्दछ भन्ने होइन । तर यसको अर्थ यो हो कि ती एल्डरसँग सदस्यहरूप्रति एक किसिमको अधिकार र जवाफदेहिता हुन्छ जुन उसले गैरसदस्यहरूप्रति लागू गर्न सक्दैन ।

चर्चको सदस्यताले सम्पूर्ण झुण्डलाई यो कुरा स्मरण गराइदिन्छ कि तिनीहरू एकअर्काप्रति जवाफदेही हुन्छन् । बरालिएका भेडाहरूलाई खोज्ने कार्यमा एल्डरहरूले मुख्य भूमिका निभाउनुपर्दछ, तर तिनीहरूमात्र पहरेदार होइनन् । सदस्यताको अर्थ समग्र झुण्डभित्र आपसमा जवाफदेही हुनु र वास्ता देखाउनु हो ।

के तपाईंको चर्च एल्डरपदको अति बाइबलीय तरिकाबारे गम्भीर भइरहेको छ वा एल्डर प्रणालीमा सर्ने विषयमा विचारविमर्श गरिरहेको छ ? बिस्तारै चर्चको सदस्यतालाई महत्वसाथ ध्यान दिनुहोस् । चर्चको सदस्यता बलियो बनाउनुले प्रभावकारी एल्डरपदको लागि वातावरण तयार पारिदिन्छ ।

## बरालिने भेडाका पाँच प्रजातिहरू

केही क्षणको लागि, तपाईं एक बुझकी एल्डर हुनुहुन्छ भनी मानिलिनुहोस् । तपाईं बुझ्नुहुन्छ कि तपाईंको बोलावटमा बरालिने सदस्यहरूप्रति चनाखो रहनुपर्ने काम पनि पर्दछ । तपाईंको चर्चले चर्चको सदस्यता बलियो बनाएको छ भन्ने पनि मानिलिनुहोस्, त्यसैले कसलाई रेखदेख गर्नुपर्ने हो भन्ने पनि तपाईं राम्रोसँग जान्नुहुन्छ । अब के ? तपाईंले कसरी रेखदेख गर्नुहुनेछ ? तपाईंले वास्तवमा कुन कुरा खोजिरहनुभएको हुनुपर्दछ ?

चर्चका सदस्यहरू बरालिने पाँचवटा साझा तरिकाहरू यहाँ दिइएका छन् । तपाईं आफ्नो स्थानीय सङ्गतिसँग गहिरो सम्बन्धमा रहनुहुँदा कुनै सदस्य यी अवस्थाहरूमध्ये कुनैमा परेको छ भनी सुन्नुभयो भने याद गर्नुहोस्: त्यो भाइ वा बहिनी पहिलादेखि नै बरालिएको हुन सक्दछ वा सक्दछिन् ।

## पाप गर्ने भेडा

एउटा सजिलो अवस्थाबाट सुरु गरौं – समाधान गर्नको लागि सजिलो हुनै पर्दछ भन्ने त होइन, तर पहिचान गर्नको लागि सजिलो । तपाईंको चर्चको कुनै सदस्य खुला पापमा सङ्लग्न छ भनी यदि तपाईंले पत्ता लगाउनुभयो भने तपाईंको एउटा भेडा बरालिएको, पापमा जिएको छ जसप्रति हस्तक्षेप गर्नुपर्दछ ।

चर्चको हरेक सदस्यले पापसँग सङ्घर्ष गर्दछ, साथै हरेक एल्डरले पनि । यूहन्ना लेख्दछन्, "हामीसँग पाप छैन भनी हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन" (१ यूहन्ना १:८) । तैपनि केही पापहरू अरूभन्दा बढी सार्वजनिक र स्पष्ट देखिने हुन्छन्, र कतिपटक सदस्यहरूले सङ्घर्ष गर्न छोडेर अनाज्ञाकारितालाई नै अङ्गालेका जस्तो देखिन्छ । त्यसैले एल्डरले कुनै प्रष्ट र पश्चात्ताप नगरिएको पाप देखेमा उसले साहस बटुल्नुपर्दछ, प्रभुमाथि भरोसा गर्नुपर्दछ र येशूले हामीलाई सिकाउनुभएजसरी नै उक्त सदस्यलाई नम्रतापूर्वक सम्झाउनुपर्दछ (मत्ती १८:१५-१७) ।

कहिलेकाहीँ उक्त हस्तक्षेपले काम गर्दछ । मैले पापमा फसेका एकजना सदस्यलाई चुनौती दिएका समयहरू सम्झँदा मलाई आनन्द लाग्दछ । म डराए तापनि, प्रभुले त्यो व्यक्तिलाई पश्चात्तापमा ल्याउनुभयो । तैपनि, सदैव त्यसरी काम हुँदैन । म एकजना एल्डरलाई जान्दछु जसले एकजना भेट्नै गाह्रो हुने अनि गल्ती गर्दै जिएका सदस्यलाई भेट्ने ठूलो इच्छा गरे । तिनी उसलाई सम्झाएरै छोड्ने आशा लिएर खाजा खान छुट्टि हुने

समयमा उसको कार्यालयको बाहिरपट्टि गएर उभिए । दुर्भाग्यवश, त्यो सदस्यले तिनलाई छल्यो र कहिल्यै पनि पश्चात्ताप गरेन वा फर्किएन ।

## भौंतारिने भेडा

भौंतारिने भेडाहरू बिस्तारै चर्चदेखि हराउँदछन्, अन्य क्रियाकलापहरू वा रुचिहरूद्वारा तानेर लगिन्छन् । त्यो अवस्था निम्न कारणले गर्दा हुन सक्दछ: यात्राको व्यस्त समयतालिकाको कारण, बालबालिकाको खेलकुदको बारेमा गरिने बुद्धिहीन निर्णयको कारण जसले परिवारलाई शनिबारको आराधनादेखि पर लगिदिन्छ, वा धेरै मर्मत गर्नुपर्ने घर किनेको कारण जसले हप्ताको अन्तिम समय खाइदिन्छ । कहिलेकाहीँ जवान सदस्य कलेज जान्छ, विश्वासदेखि पछि हट्छ र चर्चमा वा प्रभुमा फर्केर आउँदैन । अन्य अवस्थाहरूमा, मानिसहरूले चर्चमा परदेशी महसुस गरेको गुनासो गर्दछन्, त्यसैले तिनीहरू देखापर्न छोड्दछन् ।

परिस्थितिहरू जस्तासुकै भए पनि, ती सदस्यहरू हिब्रूको पुस्तकमा रहेको यो अर्तीप्रति ध्यान दिन असफल भएका हुन्छन्: “अनि आओ, प्रेम र असल कामहरूका निम्ति हौसला दिनको लागि एकअर्काको चिन्ता गरौं; र कसै-कसैको रीति भएझैं हामी एक ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिँदै रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै बेसी हामी यसो गर्ने गरौं” (हिब्रू १०:२४-२५) । तिनीहरूले यो कुरा बिर्सिएका छन् कि चर्चको सदस्य हुनुको अर्थ “प्रेम र असल कामहरूका” निम्ति हौसला दिनको लागि अन्य

सदस्यहरूसँग नियमित सम्पर्कमा रहनु हो । कसैले तर्क गर्ला कि हाम्रो आराधना सेवाहरूदेखि बरालिएको, भौंतारिने भेडा त्यति खराब छैन । तर वास्तवमा, यस्तो भेडाले पवित्रशास्त्रको यो आज्ञालाई पालन नगरेर पाप गरिरहेको हुन्छ ।

एल्डरहरूहो, अत्यन्तै व्यस्त जीवन भएका सदस्यहरूको ख्याल राख्नुहोस् र झुण्डको सङ्गति तथा आराधनामा उपस्थित नै हुन नसक्ने गरी अति व्यस्त नहुन तिनीहरूलाई प्रेमपूर्वक सम्झाउनुहोस् ।

## लडखडाउने भेडा

येशूले हामीलाई पीडा र कष्ट हुँदैन भनी कहिल्यै पनि प्रतिज्ञा गर्नुभएन । क्रिश्चियनहरू जागिरबाट निकालिन्छन्, तिनीहरूका सम्बन्धहरूमा समस्या आउँदछ, तिनीहरूलाई मधुमेह भएको पत्ता लाग्दछ, राजमार्गमा गाडीलाई पछाडीबाट अरुले ठोकिदिन्छ र तिनीहरूलाई कसैले अनावश्यकरूपमा मुद्दा हालिदिन्छ । पहिला सक्रिय हुने विश्वासीहरू वृद्ध हुन्छन् र घरमै थन्किन्छन् । यी कष्टमा परेका सदस्यहरू लडखडाउने भेडाहरू हुन् जो पछाडि छोडिने खतरामा पर्दछन् किनभने तिनीहरू बगालसँगै अघि बढ्न सक्दैनन् । तिनीहरूको निम्ति कोही सुस्ताउनुपर्दछ र तिनीहरूसँगै हिँडिदिनुपर्दछ । उच्च कठिनाइले सबैभन्दा बलिया पवित्रजनहरूलाई पनि निराशाद्वारा व्याकुल पारिदिन सक्दछ र चर्चसँग सामान्य सम्पर्क कायम राख्ने तिनीहरूको क्षमतालाई नष्ट पारिदिन सक्दछ । अतुलनीय धैर्य र विश्वास भएका अय्यूबमा त आफ्नै कमजोरीहरू थिए भने तपाईंका मानिसहरूमा पनि हुनेछन् ।

कुनै सदस्यले जीवनमा ठूलो आँधी भोगिरहेको छ भनी तपाईंलाई थाहा भयो भने कान ठाडो पार्ने समय आइपुगेको हुन्छ । के त्यो भाइ वा बहिनीलाई अरू सदस्यहरूले सहायता गरिरहेका छन्, चाहे साथीहरूले वा बाइबल अध्ययन झुण्डका सदस्यहरूले ? के त्यहाँ डिकनहरूले समाधान गर्न सक्ने व्यावहारिक खाँचोहरू छन् ? के उक्त सदस्यका महासङ्कष्टहरूको खबरले चर्चको प्रार्थनामा स्थान पाएको छ ? हामी एल्डरहरूले प्रार्थना र सल्लाह त दिइरहेकै हुन्छौं तर हामीले सङ्घर्षरत सदस्यको बारेमा चर्चलाई जानकारी दिएर र परिचालन गरेर सबैभन्दा राम्रोसँग उसको वा उनको सेवा गर्न प्रायः सक्दछौं ।

लडखडाउने भेडाहरूले वास्ताको सबैभन्दा सानो सङ्केत देख्दा पनि कति धेरै खुशी मनाउँदछन् भन्ने कुरा आश्चर्यजनक हुन्छ । एकै सेकेन्डको अङ्कमाल, सेवापछि चर्चको आँगनमा गरिने एउटा प्रार्थना, हौसलाको बुँदा वा छोटो भेटघाटले दुःखमा परेको सदस्यलाई अर्को एक महिनासम्म जोशिलो बनाइदिन सक्दछ । गएको हप्तामा मात्रै, मैले हाम्रो चर्चकी एकजना महिलालाई उहाँको पतिको बारेमा सोधेँ । तिनको स्वास्थ्यमा ठूलो समस्या थियो जसको कारण तिनले कहिलेकाहीँ चर्च छुटाउँदथे । ती दिदीले तिनको अवस्थाबारे मलाई जानकारी दिइन्, त्यसपछि उनीहरूलाई भेट्न गएका हाम्रा एकजना एल्डरको प्रशंसा गरिन् । त्यो एउटा सानो भेटघाटले तिनीहरूको विश्वासलाई उचालिदिएको र तिनीहरूलाई लगनशील हुने सामर्थ्य दिएको थियो ।

हरेक थोपा महत्वपूर्ण हुन्छ । प्रभुले घाइते सदस्यहरूप्रति तपाईंको ध्यान खिचिदिनुहुँदा गएर भेटिहाल्नुहोस् ।

## झगडा गर्ने भेडाहरू

सम्भवत: तपाईंलाई यो कुरा विश्वास गर्न गाह्रो होला, तर मैले थाहा पाएको छु कि केही चर्चहरूमा सदस्यहरू आपसमा झगडा गर्दछन् । वास्तवमा, मेरो चर्चमा यस्तो कहिल्यै पनि भएको छैन, र तपाईंको चर्चमा पनि सदस्यहरू कहिल्यै झगडा गर्दैनन् भन्ने कुरामा म निश्चित छु । यदि तपाईंको चर्च मेरोजस्तो छ भने सबै सदस्यहरूले राजनीति र आराधनाको सङ्गीतबारे समान धारणाहरू लिन्छन्, सबै समितिहरूले समस्या समाधान गर्ने र आर्थिक कुराहरूमा एउटै तरिका अवलम्बन गर्दछन् अनि कसैले पनि अरू कसैको विरुद्धमा पाप गर्दैन । के तपाईं बुझ्नुहुन्छ ?

म पनि बुझ्न सक्दिनँ । वास्तवमा, हाम्रा सदस्यहरूको माझमा व्यक्तित्वहरू र पृष्ठभूमिहरूको विविधता भए तापनि र त्यो कुरा पाप गर्ने हाम्रो अबिरल प्रवृत्तिसँग मिसिए तापनि, हाम्रो चर्चमा यति धेरै मिलाप देख्दा म छक्कै पर्दछु । योचाहिँ पवित्र आत्माकै काम हुनुपर्दछ ।

चर्चका सदस्यहरू विवादमा मुछिने नै छन् र त्यस्तो हुँदा तिनीहरू बरालिने ठूलो खतरा हुन्छ । मानिसहरू छिट्टै हराइजान सुरु गर्दछन् । तिनीहरू भन्दछन्, “चर्च त त्यस्तो हुनुहुँदैन । यो सबै तनावको कारण म अबउसो आराधना गर्नै सक्दिनँ । म त यहाँबाट हिँडें ।”

परमेश्वरको महिमाको लागि र सुसमाचारको खातिर झगडालु सदस्यहरूलाई मिलाप गर्न चुनौती दिनुपर्दछ, तर त्यसो गर्नको लागि तिनीहरूलाई सहायता चाहिन सक्दछ । सबैभन्दा परिपक्व चेलाहरूलाई पनि रेफ्री चाहिन सक्दछ । पावलले आफ्ना सहकर्मीहरूमध्ये दुईजनाबीच भएको झगडाको बारेमा बताए: "म इयोदियालाई बिन्ती गर्दछु, र सुन्तुखेलाई बिन्ती गर्दछु – उनीहरू प्रभुमा एउटै मनका होऊन्" (फिलिप्पी ४:२) । त्यसपछि तिनले सहायता गर्नको लागि चर्चलाई बिन्ती गरे: "अनि हे साँचो जोडीदार, म तिमीलाई पनि बिन्ती गर्दछु, ती स्त्रीहरूलाई सहायता गर, जसले सुसमाचारमा मसँग....मेहनत गरे" (पद ३) ।

एल्डरहरूहो, सदस्यहरूबीच झगडा भएको थाहा पाउनुभयो भने त्यो आफै समाधान हुनेछ भनी त्यसप्रति आँखा नचिम्लनुहोस् । त्यस्तो त बिरलै हुन्छ । तपाईं बेवास्ता गर्ने र टाढै रहने परीक्षामा पर्नुहोला, किनभने तपाईं एक सामान्य व्यक्ति हुनुहुन्छ जसलाई झगडा छुटाउन जान  मन पर्दैन । तर येशूका वचनहरू सम्झनुहोस् त: "मेलमिलाप गराउनेहरू धन्य हुन्, किनभने उनीहरू परमेश्वरका छोराहरू भनिनेछन्" (मत्ती ५:९) । त्यो आशिष्लाई बलियोसँग पक्रिराख्नुहोस् । झगडा गर्ने सदस्यहरूलाई तपाईंसँग कुरा गर्न बोलाउनुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् । स्मरण रहोस्, एक एल्डरको लक्ष्य परिपक्व भेडा तयार पार्नु हो (अध्याय २ हेर्नुहोस्) । विवादहरूले मानिसहरूलाई ख्रीष्टमा वृद्धि हुने अतुलनीय मौकाहरू प्रदान गर्दछन् ।

## टोक्ने भेडा

तर सदस्यको असहमति तपाईं गोठाला-एल्डरसँगै छ भने नि ? तपाईं नजिक जाने प्रयास गर्नुहुँदा भेडाले तपाईंलाई टोक्न खोज्यो भने नि ? तपाईंले यस्तो व्यक्तिलाई कसरी रेखदेख गर्नुपर्ने हो जसले तपाईंलाई भाग्नुपर्ने कारणको रूपमा हेर्दछ ?

त्यो प्रश्नको जवाफ परिस्थितिहरू तथा त्यसमा सङ्लग्न विशेष मानिसहरूमाथि निर्भर भएर अति नाटकीयरूपमा फरक हुन सक्दछ । तैपनि, निर्दिष्ट कुराहरू जेसुकै भए पनि, एक एल्डरले छानविन गरिँदाखेरि सदैव गर्नुपर्ने तीन कुराहरू यस प्रकार छन्:

- निराश भएको सदस्यसँग काम गर्दा अरू केही एल्डरहरूसँग सहायता माग्नुहोस् । हामी अध्याय ६ मा देख्नेछौं, परमेश्वरले हरेक चर्चमा एकभन्दा बढी एल्डरहरू हुनुपर्दछ भनी आदेश दिनुहुनाको एउटा कारण यो पनि हो । यस्तो अभ्यासलाई हामी “बहुएल्डरपद” भन्दछौं । एल्डरहरूले एकअर्काको रेखदेख गर्दछन्, किनभने गोठालाहरू आफै पनि भेडाहरू नै हुन् । अरू एल्डरहरूको प्रेममय छानविनप्रति आफूलाई नम्रतापूर्वक समर्पण गर्नुहोस् । यदि त्यो सदस्य छाडा भएको छ भने अरू एल्डरहरूले तपाईंको धारणाको प्रमाण दिऊन्।
- तपाईंको हृदयमा प्रतिवाद गर्ने स्वभाव, रिस र बहिस्कार गर्ने स्वभाव आउन नदिनुहोस् । तपाईं अन्य एल्डरहरूकहाँ जानुहुँदा, त्यसलाई अगुवापनको समूहलाई एकजुट पार्ने बहानाको रूपमा प्रयोग नगर्नुहोस् । आफ्ना आलोचकहरूप्रति

माया र दया कायम राख्न काम गर्नुहोस् ।

- असन्तुष्ट बहिनी वा भाइसँग भेट्नुहुँदा ध्यान दिएर सुन्नुहोस् । मैले यतिका वर्षहरूमा यस्तो पाएको छु कि मेरा सबैभन्दा क्रोधित, निर्दयी आलोचकहरूसँग पनि सामान्यतया एउटा कुरा हुन्छ । त्योचाहिँ अपरिपक्व वा पापमय तरिकाले व्यक्त गरिएको, बढाइचढाइ गरिएको कुरा हुन सक्दछ । तर पनि सामान्यतया तिनीहरूले कुनै कुराप्रति प्रतिक्रिया जनाइरहेका हुन्छन् जसको सामना मैले गर्नुपर्दछ ।

## चनाखो भइरहनुहोस्: सुसमाचारले तयार पारेको बोलावट

यस्तो अवस्थामा रहेका बरालिएका सदस्यहरूलाई ठीक बाटोमा ल्याउनुचाहिँ एल्डर हुनुको सम्भवतः एउटा सबैभन्दा कठिन, सबैभन्दा कम आकर्षक पक्ष हो । तपाईंले कक्षामा सिकाउनुहुँदा चर्चबाट इज्जत र आदर पाउनुहुन्छ । सदस्यहरूको निम्ति प्रार्थना गर्दा तपाईंले गहिरो सन्तुष्टि अनुभव गर्नुहुन्छ र ऐतिहासिक अगुवापनको निर्णय गर्ने एल्डर समूहको अंश हुँदा तपाईंले अति आनन्दित अनुभव गर्नुहुन्छ । तर एक व्यभिचारीलाई उसको पाप देखाइदिनु वा लामो समयसम्मको झगडामा हात हाल्नुबाट तपाईंलाई व्यक्तिगतरूपमा के फाइदा हुन्छ र ? अनि रिसाएको दम्पत्तिले तपाईं र चर्चले नै तिनीहरूप्रति गल्ती गरेका विश्वास गर्ने अवस्थामा, कसले पो बसेर तिनीहरूको कुरा सुन्न चाहला र ? के हामी सबैको जीवनमा पहिला नै पर्याप्त नाटक मञ्चन भइसकेको छैन र ? अरू कसैको हिलोमा किन हामफाल्ने ?

एउटा कारण यस्तो छः एल्डरहरूले भौंतारिएका सदस्यहरूलाई खोजेर फिर्ता ल्याउँदा सुसमाचारलाई अत्यन्तै वास्तविक बनाउँदछन् । रेखदेख गर्नु र बरालिएका भेडाहरूलाई खोजेर ल्याउनुचाहिँ येशूले सिकाउनुभएको क्रियाकलाप हो ।

असल गोठाला हराएकाहरूलाई खोज्न र उद्धार गर्नको लागि यो संसारमा आउनुभयो । हामीजस्ता पश्चात्ताप नगर्ने, पाप गर्ने भेडाहरूको निम्ति मर्नको लागि परमेश्वरका थुमा आउनुभयो । महान् चिकित्सक लडखडाउने, बिरामी र पापले टुटाएका भेडाहरूलाई निको पार्नको लागि आउनुभयो । युद्धले क्षतविक्षत भएको, शत्रुता र फूटले असङ्ख्यपटक च्यातिएको हाम्रो संसारमा शान्तिका राजकुमार ओर्लिआउनुभयो । अनि हामीले उहाँको गिल्ला गर्दा, उहाँलाई प्रहार गर्दा र उहाँलाई छेंड्दा उहाँले आफ्नो मुख खोल्नुभएन ।

येशू आउनुपर्ने त थिएन, तर उहाँ आउनुभयो । अनि एल्डरहरूले आफूलाई घुसाउने पहल गर्दा तिनीहरूलाई हानि पुगे पनि, तिनीहरूले आफैले प्रचार गर्ने सुसमाचारलाई नै व्यवहारमा उतार्दछन् ।

## ५

# अधिकार नजमाईकन अगुवाइ गर्नुहोस्

अवस्था बिग्रिरहेको थियो । बरिष्ठ पास्टर र सहायक पास्टरको कुरा ईश्वरशास्त्र तथा चर्च सेवकाइको उत्कृष्ट तरिकालगायत धेरैवटा महत्वपूर्ण विषयहरूमा बाझियो । तिनीहरूका भिन्नताहरू तिनीहरूका प्रवचनहरूमार्फत चर्चमा पोखिइरहेका थिए । त्यो बढ्दै गएको तनावले चर्चलाई फुटाउन सुरु गरिरहेको थियो ।

सहायक पास्टरले उक्त अवस्था मलाई बताएपछि, मैले सोधेँ, “के तपाईंको चर्चमा एल्डरहरू हुनुहुन्न ?” एल्डरहरू थिए भनी तिनले मलाई पुष्टि गरे । मैले भनिरहेँ, “यो विवाद समाधान गर्नको लागि तिनीहरूले कुनकुन कदमहरू चालिरहेका छन् त ?”

तिनले मलाई बताए, “त्यही नै निराशाजनक कुरा हो । के गर्ने भन्ने कुरा नै तिनीहरूलाई थाहा छैन । तिनीहरूले मिश्रित सङ्केतहरू दिइरहेका छन् । कहिलेकाहीँ तिनीहरू भन्दछन् कि तिनीहरू मलाई कर्मचारीदलमा राख्न चाहन्छन्, तर अरू बेलामा तिनीहरू यस्तो सोच्दछन् जस्तो देखिन्छ कि मेरा हाकिमसँगका मेरा भिन्नताहरू अति ठूला छन् ।”

यस्तो अवस्थामा परेको हरेक व्यक्तिको अनुभव म महसुस गर्न सक्दछु । दुईजना पास्टरहरूलाई देखेर मेरो हृदय दुख्यो जो दुवैले

प्रभुलाई प्रेम गर्दथे तर सेवकाइको विषयमा तिनीहरूसँग अत्यन्त भिन्दै दृष्टिकोण थियो । अनि मैले ती एल्डरहरूप्रति सहानुभूति राखेँ । तिनीहरू सम्भवतः असल पुरुषहरू थिए जसले चर्चको सेवा गर्न चाहन्थे, तर तिनीहरू आफ्ना पास्टरहरूबीचको एउटा जटिल, फूट्ला जस्तै विवादको बीचमा परे । तिनीहरूले आफ्ना दुवै पास्टरहरूलाई आदर गर्न चाहन्थे । तिनीहरू अशक्तजस्ता देखिनु अचम्मको कुरा भएन । के यो भद्रगोल तिनीहरूले सम्हाल्नै नसक्ने किसिमको थिएन र ?

तैपनि ती पास्टरहरू र चर्चलाई आवश्यक परेको स्पष्ट कुरा यही थियो कि एल्डरहरूले त्यो बल्झिएको अवस्थामा हात हाल्ने र अगुवाइ गर्ने इच्छा देखाउनुपर्दथ्यो ।

## कसले भनेको ?

एल्डरसम्बन्धी पुस्तकमा अगुवापनको विषयबारे एउटा अध्याय नै खर्च गर्नु अनावश्यक देखिएला । एल्डरहरूले चर्चमा अगुवाइ गर्दछन् भन्ने कुरा प्रष्ट छैन र ? सायद । तर कहिलेकाहीँ अवस्था लथालिङ्ग हुँदा हामी स्पष्ट कुरा देख्दैनौं ।

एल्डरहरूले विशेष गरी तनावपूर्ण अवस्थाहरूमा आफ्नो चर्चको अगुवाइ गर्न आफू योग्य नभएको सजिलै महसुस गर्न सक्दछन् । तिनीहरू यस्तो सोच्न थाल्दछन्: "मसँग सेमिनारीको डिग्री छैन । मैले चर्च व्यवस्थापनको तालिम लिएको छैन । मेरो व्यस्त परिवार र पूर्णकालीन जागिर भएकोले मसँग यो समस्यासँग जुध्ने समय छैन । साँच्चै भन्ने हो भने, मलाई त चर्च समितिको महिमित सदस्यभन्दा बढी म केही होइन जस्तो

लाग्दैछ ।" चर्चको लामो समयदेखि रहेको विदेश मिसन नीतिलाई पुनःसंरचना गर्ने, महङ्गो चर्च भवन थप्न चर्चलाई मार्गदर्शन गर्ने, वा तलबी सेवकको विरुद्ध अनुचित काम गरेको भनी लगाइएका आरोपहरूको छानविन गर्ने ती साधारण एल्डरहरू को हुन् र ?

चर्चका सदस्यहरूले पनि सोच्लान् । कहिलेकाहीँ कुनै सदस्यले मन पर्ने दिशामै एल्डरहरूले चर्चलाई मार्गदर्शन गरुन्जेल उसले साधारण एल्डरको अगुवापनलाई साथ दिन्छ । तर एल्डरहरूले चोकमा पुगेपछि "गलत" बाटो समाते भने त्यो सदस्य संकोचमा पर्दछ । उसले गुनासो गर्दछ, "उसले आफूलाई को हुँ भन्ने ठान्छ हँ ? म दश वर्षसम्म उसँगै बाइबल अध्ययनमा थिएँ । ऊ मभन्दा जान्ने त छैन । अनि अहिले अचानक उसले पो निर्णयहरू गर्दैछ ?"

हामी अझै पछाडि फर्कन र हाम्रो सांस्कृतिक अवस्थाको बृहद् सन्दर्भभित्र एल्डरको अधिकारको वैधानिकताप्रति प्रश्न गर्न सक्दछौं । पश्चिमी देशमा, मानिसहरूले अगुवाहरूलाई शङ्काको दृष्टिले हेर्दछन् । हामी अधिकारीलाई प्रश्न गर्न, षड्यन्त्रमूलक सिद्धान्तहरू बनाउन र हल्ला फिँजाउन मन पराउँदछौं । अगुवाहरू जति ठूला हुन्छन्, तिनीहरूको पतन त्यति नै कडा हुन्छ – र संसारले त्यति नै चर्को गरी आनन्द लिन्छ । अधिकार बाहिरी संस्थाहरूबाट भित्री अन्तर्ज्ञानमा सरेको हुनाले, हरेक व्यक्ति आफ्नै मालिक बनेको छ । यस्तो वातावरणमा, कसरी जिउने वा के विश्वास गर्ने भनी कसैलाई भन्ने चर्चको त कुरै छोडौं, एल्डर पनि को हो र ?

के एल्डरहरूसँग चर्चमा अगुवाइ गर्ने अधिकार साँच्चै हुन्छ त ?

## अगुवाइ गर्न अधिकार पाएका

आउनुहोस्, सुरुमा नयाँ करारमा यो भूमिकालाई दिइएका तीनवटा समानार्थी नामहरूको पुनरावलोकन गरौं । यी तीन नामहरूको भावार्थहरू अलिकति फरक भए तापनि ती सबैमा अधिकार र अगुवापनको विचार रहेको हुन्छः

- एल्डर । यो शब्दले बुद्धि र अनुभवलाई जनाउँदछ । सल्लाह र मार्गदर्शन माग्नको निम्ति एल्डरकहाँ गइन्छ । एल्डरहरूसँग नैतिक अधिकार हुन्छ; तिनीहरूले कुरा गर्दा मानिसहरूले सुन्दछन् ।
- पास्टर/गोठाला । गोठालाहरूलाई बगालहरूको जिम्मा दिइएको हुन्छ, र तिनीहरूले भेडाहरूलाई एक ठाउँदेखि अर्को ठाउँमा अगुवाइ गरेर लैजान्छन् । बगाल कतातिर भौंतारियो भनी वास्ता नगर्ने गोठालाको के तपाईं कल्पना गर्न सक्नुहुन्छ ?
- निरीक्षक । यो शब्दले यस्तो व्यक्तिलाई जनाउँदछ जसले चीजहरू वा मानिसहरूको रेखदेख गर्दछ ।

साथै, हामीले अध्ययन गरिसकेका केही खण्डहरूको बारेमा फेरि मनन् गर्नुहोस् । तपाईंले ती पदहरू फेरि पढ्नुहुँदा यो कुरा याद गर्नुहोस् कि हरेकमा लेखक यो कुरा मानिलिन्छन् कि चर्चका निरीक्षकहरूसँग चर्चलाई अगुवाइ गर्ने अधिकार हुन्छ र चर्चका सदस्यहरूसँग त्यो अधिकारीलाई आदर गर्ने र उसको अधीनमा

रहने जिम्मेवारी हुन्छ:

> जसले आफ्नो घरको सञ्चालन गर्न जान्दैन, त उसले परमेश्वरको मण्डलीको रेखदेख कसरी गर्न सक्ला ? (१ तिमोथी ३:५)
>
> जुन एल्डरहरूले राम्ररी शासन गर्दछन्, उनीहरू दुईगुणा आदरका योग्य मानिऊन्; विशेष गरी उनीहरू, जसले वचन र शिक्षामा परिश्रम गर्दछन् । (१ तिमोथी ५:१७)
>
> अनि भाइहरूहो, हामी तिमीहरूलाई विन्ती गर्दछौं – जसले तिमीहरूका बीचमा परिश्रम गर्छन्, जो प्रभुमा तिमीहरूका अगुवाहरू हुन्, र तिमीहरूलाई शिक्षा-चेताउनी दिन्छन्, उनीहरूलाई चिन; र उनीहरूको कामको कारणले प्रेमसाथ उनीहरूलाई साह्रै बेसी आदर गर । (१ थेसलोनिकी ५:१२-१३)
>
> तिमीहरूका अगुवाहरूको आज्ञापालन गर, र आफूलाई उनीहरूको अधीनतामा सुम्प; किनकि हिसाब दिनुपर्नेहरूले जस्तो गरी उनीहरू तिमीहरूका प्राणहरूका निम्ति जागा रहन्छन् । (हिब्रू १३:१७)

एल्डरहरूले सदस्यहरूलाई व्यवस्थापन, अगुवाइ गर्दछन्, अर्ती दिन्छन् र तिनीहरूको रेखदेख गरिरहन्छन् । सदस्यहरूले एल्डरहरूलाई चिन्दछन्, उनीहरूलाई साह्रै आदर गर्दछन् र उनीहरूको आज्ञापालन गर्दछन् ।

व्यवस्थित हुने विषयमा चर्चहरूका धारणा फरकफरक हुन्छन् । मेरोजस्ता समूहगतरूपमा शासन गरिने चर्चहरूको

संरचना प्रेष्बिटेरियन चर्चहरूको जस्तो हुँदैन । अनि यी दुईले हाम्रा एङ्गलिकन साथीहरूले जस्तै विशपहरू र प्रधानविशपहरूले जस्तो इपिस्कोपल प्रणाली अङ्गाल्दैनन् । तर सबै चर्चहरू कम्तिमा पनि बाइबलको शिक्षामा आधारित एउटा कुरामा सहमत हुनुपर्दछः परमेश्वरले स्थानीय चर्चहरूका मामिलाहरूमा निर्देशन गर्नको लागि एल्डरहरूलाई केही मात्रामा अधिकार दिनुभएको कुरा प्रष्टै छ ।

## झोलाहरूकै माझमा आराम गर्नु

यदि तपाईं एक एल्डर हुनुहुन्छ भने अगाडि बढ्नुहोस् र तपाईंको चर्चलाई अगुवाइ गर्नमा कडा मेहनत गर्नुहोस् । तपाईंसँग सबै जवाफहरू हुनुपर्दैन र निश्चय पनि तपाईंले सबै कुरा पूर्णरूपमा ठीक तरिकाले गर्नुहुनेछैन । तर येशूले तपाईंलाई उहाँको बगाललाई मार्गदर्शन गर्न आज्ञा दिनुभएको छ । तपाईंले नै तपाईंको चर्चमा अगुवाइ गर्नुपर्दछ र अगाडि बढ्ने योजना बनाउनुपर्दछ ।

तपाईं शाऊलले जस्तो व्यवहार गर्ने परीक्षामा पर्नु पनि होला । परमेश्वरले शाऊललाई चुन्नुभए पनि र शमूएलद्वारा तिनलाई राजा अभिषेक गर्नुभए पनि, शाऊल त देशमा पहिलोपटक चिनिने समय आउँदा झोलाहरूकै माझमा लुके । त्यो ठाउँ लुक्नको लागि अति उपयुक्त हुनुपर्दछ, किनभने तिनी कहाँ थिए भनी मानिसहरूले परमेश्वरलाई सोध्नुपर्‍योः “तब तिनीहरूले फेरि ‘यी मानिस यहाँ आइसके कि’ भनी परमप्रभुलाई सोधे ।” त्यसैले परमेश्वरले तिनको भेद खोलिदिनुभयोः “अनि परमप्रभुले

जवाफ दिनुभयो: 'हेर, ऊ मालसामानहरूको बीचमा लुकिरहेको छ'" (१ शमूएल १०:२२) । एल्डर दाजुभाइ, चर्चलाई अगुवापन चाहिएको बेलामा नलुक्नुहोस् । त्यो त ठूलो झोलाबाट घस्रँदै बाहिर निस्कने, गोदामबाट बाहिर आउने र विमानचालकको स्थानमा बस्ने समय पो हो ।

मेरो झुण्ड साहसी साधारण एल्डरहरूले बारम्बार आशिषित भएको छ जसले महत्वपूर्ण क्षणहरूमा आवश्यक परेको अगुवापन प्रदान गरे । म जोनलाई सम्झन्छु, जसले पीडादायीरूपमा चर्च फुटेको केही वर्षपछि नै विधान संशोधन प्रक्रियामा निपूणतापूर्वक हामीलाई डोऱ्याउनुभयो । उहाँले संसोधन गर्नुभएको विधानलाई झुण्डले एकैमतले पारित गऱ्यो । म टिमसँग धेरैवटा तनावपूर्ण वैठकहरूमा बसेको छु । उहाँले सदस्यहरूबीचका र चर्चका सेवकहरूबीचका पनि विवादहरू धैर्यपूर्वक र शान्तप्रकारले समाधान गर्नुभएको मैले हेरेको छु। हामीले भवन विस्तार गर्नुपर्ने खाँचोलाई प्रष्टरूपमा र बुद्धिमानीपूर्वक व्याख्या गरिदिएर भाइ म्याटले चर्चमा एकता गराएका म सम्झन्छु। म रिक र क्लेप्रति पनि आभारी छु जसले पास्टरको खोजी गर्ने जटिल प्रक्रियामा हामीलाई डोऱ्याउनुभयो । त्यसको फलस्वरूप हामीले उत्कृष्ट सहायक पास्टर भेट्टायौं। भाइ एरिकले झुण्डको लागि कति काम गर्नुभएको छ भनी सायद झुण्डलाई थाहा नहोला । उहाँले अरू एल्डरहरूलाई चर्चका सदस्यहरूको गोठाला हुन अथकरूपमा चुनौती दिनुभएको छ ।

मैले यो कुरा लेख्दै गर्दा पनि, म बिलको लागि परमेश्वरको प्रशंसा गर्दछु । हाल उहाँ बेरोजगार हुनुहुन्छ र आफ्नो फुर्सदको

समय तथा विज्ञतालाई कार्यक्रमहरू तथा समूहको व्यवस्थापनमा प्रयोग गरेर चर्चका सेवकहरूको गोठालो गर्नमा मलाई सहायता गर्नुभएको छ। अनि साथसाथै उहाँले मलाई अगुवापनमा प्रशिक्षण पनि दिइरहनुभएको छ। बोनस !

म यो अध्यायको बाँकी भागलाई मेरा एल्डरहरूको नाम तथा प्रशंसनीय कथाहरूले भरिदिन सक्दछु। मैले ती पुरुषहरूसँग सहकार्य गर्ने सुअवसर पाएको छु जसले यो बगाललाई अति प्रेम गरेर कठोर निर्णयहरू गरेका छन्, सुसमाचारमा केन्द्रित नीतिहरू तय गरेका छन्, चर्चको एकताको निम्ति कडा मेहनत गरेका छन्, कमजोरीहरूमा लगनशील भएका छन् र झुण्डको निम्ति सभाहरू, वार्तालापहरू र प्रार्थना गर्दै घन्टौं समय बलिदान गरेका छन्। भक्त, प्रेमले भरिएका पुरुषहरूले चलाएका अधिकारले स्थानीय चर्चहरूमा जीवन, एकता र फलदायीपन ल्याइदिन्छ। अनि त्यो अधिकारलाई आदर गर्दा चर्चहरू आफैले पनि फाइदा पाउँदछन् (हिब्रू १३:१७)।

## अहंकार

तपाईं अझै पनि विश्वस्त हुनुभएको छैन होला।

एल्डरको अधिकारको विषयमा गरिएको यो सबै छलफलले तपाईंलाई चिन्तित बनाइदिन्छ ? बाइबलीय प्रमाणका यी खण्डहरू देखेर पनि के तपाईं हिचकिचाउनुहुन्छ ? सायद तपाईंको अनुभवमा एल्डरहरूमा हुने समस्या यो होइन: तिनीहरू त सिंहासनबाट भाग्नको लागि टोकरीको जस्तो भेष धारण गरेका शाऊलजस्तै हुन्छन्। समस्या यो हो कि तिनीहरू त

पछिल्लो समयका शाऊलजस्तै प्रायः हुन्छन् जसले बेथलेहेमको केटोले आफ्नो मुकुट हत्याउने हो कि भन्ने ईर्ष्यालु डरको कारण दाऊदतिर भाला फ्याँके (१ शमूएल १८:९-११)। साँचो धम्कीचाहिँ एल्डरबाटको डर होइन तर एल्डरले देखाउने क्रूरता पो हो भन्ने तपाईं महसुस गर्नुहुन्छ होला ।

म एकजना जवान क्रिश्चियन व्यक्तिलाई चिन्दछु जसले एउटा स्थानीय चर्चमा सेवा गर्ने चाहना गरे । त्यो एउटा सानो झुण्ड थियो जसले तिनका दानहरूबाट फाइदा लिन सक्दथ्यो । तर ती जवान विश्वासी एउटा भित्तामा ठोक्किन पुगे: त्यो भित्ताचाहिँ चर्चका एकजना एल्डर थिए । ती एल्डरले उक्त चर्च स्थापना गर्न सहायता गरेका थिए र तिनको वचनमा अधिकार हुन्थ्यो । थपरूपमा भन्नुपर्दा, तिनले उक्त अधिकारलाई कहिलेकाहीँ अत्यन्त सीधा तरिकाले चलाउँदथे । तिनी त्यो झुण्डका "हाकिमहरू" मध्ये एक थिए र त्यो कुरा भन्न तिनी डराउँदैनथे । दुर्भाग्यवश, यी जवान मानिसले चर्चलाई दिन चाहेका कुरालाई वा तिनले गराउन चाहेका परिवर्तनहरूलाई ती एल्डरले मन पराएनन् । वास्तवमा, ती एल्डरले परिवर्तनलाई मन नै पराउँदैनथे । अवस्था साम्य भएपछि, यी जवान मानिस घाइते र दिग्भ्रमित हुँदै शान्तपूर्वक चर्चदेखि निस्किए ।

नियन्त्रण जमाउने, ठूला एल्डरहरूसँगको एक वा दुई जम्काभेटले नै एक मानिसलाई "पास्टरीय अधिकार" र "आत्मिक रेखदेख" जस्ता शब्दहरूप्रति शङ्कालु बनाइदिन्छ । आखिर, के झूटो शिक्षाका अगुवाहरूले पनि मानिसहरूलाई नियन्त्रणमा राख्नको लागि तिनै शब्दहरू चलाउँदैनन् र ?

## अधिकार नजमाईकन अगुवाइ गर्नु

प्रभु येशू र प्रेरितहरूसँग पनि तपाईंका जस्तै फिक्रीहरू थिए। उहाँहरूले एल्डरहरूलाई अगुवाइ गर्ने अधिकारमात्र दिनुभएन, तर उहाँहरूले अगुवापनलाई चेलाहरूप्रतिको नम्र, बलिदानिक सेवाको रूपमा पूर्णतया नयाँ रूपमा परिभाषित पनि गर्नुभयो। निरीक्षण गर्ने र गोठालो गर्ने एल्डरको जिम्मेवारीलाई पत्रुसले पुष्टि गरे (१ पत्रुस ५:२), तर त्यही वाक्यमा तिनले एल्डरहरूलाई नम्र, उदाहरणीय तरिकाले अगुवाइ गर्न आह्वान गर्दछन्, "परमेश्‍वरको सम्पत्तिमाथि हक नचलाओ, तर बगालका निम्ति नमुनाहरू बन" (पद ३)।

पत्रुसले चाहिँ प्रभु येशूले तिनलाई र अन्य चेलाहरूलाई परमेश्‍वरको राज्यमा हुने साँचो अधिकार र महानताको विषयमा सिकाउनुभएकै कुरा दोहोर्‍याइरहेका हुन सक्दछन्:

> तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो: "तिमीहरूलाई थाहा छ, अन्यजातिहरूका शासकहरूले तिनीहरूमाथि प्रभुत्व जमाउँछन्, र ठूला-ठूलाहरूले तिनीहरूमाथि अधिकार चलाउँछन्। तर तिमीहरूका बीचमा चाहिँ त्यस्तो हुनेछैन; तर तिमीहरूका बीचमा जो ठूलो हुने इच्छा गर्दछ, उचाहिँ तिमीहरूको सेवक बनोस्। अनि तिमीहरूका बीचमा जो पहिलो हुने इच्छा गर्दछ, उचाहिँ तिमीहरूको दास बनोस्। त्यसरी नै मानिसका पुत्र पनि सेवा गरिनलाई होइन, तर सेवा गर्न र धेरैको सट्टामा छुटकाराको दामको निम्ति आफ्नो प्राण दिन आए।" (मत्ती २०:२५-२८)

असल गोठालाले भेडाको निम्ति आफ्नो जीवन अर्पण गर्नुहुँदा, उहाँले तिनीहरूलाई पापबाट मोल तिरेर छुटाउनुमात्र भएन, तर उहाँको त्यसरी किनिएको बगालप्रतिको महानता र अधिकारलाई पुनः परिभाषित पनि गर्नुभयो ।

अन्तिम भोजमा, प्रभु येशूले चेलाहरूको खुट्टा धोएर तिनीहरूलाई अचम्मित पार्नुभयो । त्यसपछि उहाँले त्यस्तो छक्क पार्ने आफ्नो कदमलाई यसरी व्याख्या गर्नुभयोः

> यसैकारण मैले तिमीहरूका प्रभु र गुरु भएर तिमीहरूका पाउ धोएँ भने तिमीहरूले पनि एकअर्काका पाउ धुनैपर्छ । किनकि जस्तो मैले तिमीहरूलाई गरेको छु त्यस्तै तिमीहरूले पनि गर्नुपर्छ भनेर मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु । साँचोसाँचो म तिमीहरूलाई भन्छु, दास उसको मालिकभन्दा ठूलो हुँदैन, न त पठाइएको चाहिँ उसलाई पठाउनेभन्दा ठूलो हुन्छ । (यूहन्ना १३:१४-१६)

त्यस रात, प्रभु येशू लुगा खोलेर निहुरिनुभयो र आफ्नै हातले चेलाहरूका खुट्टाबाट धूलो पखालिदिनुभयो । भोलिपल्ट, फेरि उहाँको लुगा खोलियो र उहाँका चेलाहरूका प्राणहरूबाट पाप पखाल्नको निम्ति तिनै हातहरूलाई क्रूसमा किला ठोकियो । क्रूसको फेदमा क्षमा पाएर उभिनेहरूले अगुवापन तथा महानतालाई उल्टो तरिकाले हेर्दछन् जसले संसारमा तरङ्ग नै ल्याइदिन्छ ।

## सेवक अगुवापनको संरचना तयार पार्नु

कसरी एल्डरहरूले नम्र, तौलिया बेह्रेर अरूको खुट्टा धुने र चिप्लिएर अहङ्कारी, मुकुट लगाउने तानाशाह नबन्ने ओहोदालाई

कायम राख्न सक्दछन् ? के साँच्चै नै अगुवाहरूले अधिकार नजमाईकन अगुवाइ गर्न र तानाशाह नबनीकन अधिकारको प्रयोग गर्न सक्दछन् ?

अधिकार जमाउने अगुवापनको खतरालाई पूर्णरूपमा निर्मुल पार्न कहिल्यै पनि सकिँदैन । घमन्ड हाम्रा हृदयमा अटेरी भएर निरन्तर बसिरहन्छ र हरेक एल्डरले पवित्र आत्माको शक्तिले दिनहुँ आफ्नो अहङ्कारलाई क्रूसमा टाँग्नु नै पर्दछ । तर चर्चहरूले पनि नम्र सुशासनको संस्कृति विकास गर्नको लागि विभिन्न कामहरू गर्न सक्दछन् । अगुवाहरू र विश्वासीहरूले आफ्नो जीवनलाई एकसाथ यस्तो तरिकाले मिलाउन सक्दछन् कि सेवक अगुवापन सामान्य देखिन्छ र हैकमी शासनचाहिँ नमिल्दो देखिन्छ ।

यी छवटा सामूहिक बानीहरूबारे सोचविचार गर्नुहोस् जसले एल्डरहरूलाई र झूण्डहरूलाई त्यसरी नै एकअर्काको सेवा गर्नमा सहायता गर्न सक्दछन् जसरी प्रभु येशूले हाम्रो सेवा गर्नुभयो ।

## नम्र एल्डरहरू रोज्नुहोस्

एउटा चर्चले गर्न सक्ने सबैभन्दा सरल तथा सबैभन्दा प्रभावकारी काम भनेको सम्भावित एल्डरहरू पत्ता लगाउने एउटा गहन प्रक्रिया विकास गर्नु र त्यसपछि नम्र पुरुषहरूलाई रोज्ने कुरामा निश्चित हुनु हो । हामीले अध्याय १ मा देखेजस्तै, एल्डरहरूको योग्यताका सूचीहरूले यो शर्त राख्दछन् कि ती पुरुषहरू “कोमल हुनुपर्छ, झगडालु हुनुहुँदैन” (१ तिमोथी ३:३) र “आफ्नो हठमा चल्ने, झडङ्ग रिसाउने हुनुहुँदैन” (तीतस १:७) ।

एकजना पास्टरले यसो भनेका मैले सुनें कि चर्चको अगुवामा

हुनुपर्ने सबैभन्दा महत्वपूर्ण चरित्र नम्रता हो । तिनले दोस्रो सबैभन्दा महत्वपूर्ण चरित्र पनि बताए: नम्रता । तेस्रो ? तपाईंले सम्भवत: अनुमान गर्न सक्नुहुन्छ ।

एल्डरहरू रोज्दा ती पुरुषहरू खोज्नुहोस् जसले चर्चमा अटल तर नम्र हातले काम गरेका अभिलेख पाइन्छ । सेवक हृदय भएका पुरुषहरूलाई एल्डरहरूको रूपमा चुनियो भने तिनीहरूले सेवकहरूले जसरी नै काम गरिरहन सम्भव हुनेछ । तिनीहरू अलिकति हैकमी भए भने पनि त्यो कुरा देखाइदिइयो भने तिनीहरूले राम्रोसँग स्वीकार गर्दछन् । ती पुरुषहरू खोज्नुहोस् जसले एल्डर वैठकहरूमा आफ्नो मनको कुरा भन्न सक्दछन् र तिनीहरूका विचारहरू अल्पमतमा परे भने पनि तिनीहरू समूहको इच्छाप्रति खुसीसाथ समर्पित पनि हुन्छन् । नम्र एल्डरहरू एकअर्काको अधीनमा रहन सक्दछन् ।

तर यदि कुनै मानिस अहङ्कारी र मै जान्ने, हठी र हैकम जमाउने छ भने उसमा अन्य खूबीहरू, अनुभवहरू वा श्रोतहरू भए तापनि उसलाई गोठालाको लाठो सुम्पने गल्ती नगर्नुहोस्: “कुनै मानिसमाथि झट्टै हातहरू नराख, न ता अरू मानिसहरूका पापहरूमा भागीदार होऊ” (१ तिमोथी ५:२२) ।

## डिकनहरूलाई जिम्मेवारी दिनुहोस्

चर्चमा एल्डरहरू नै एकमात्र अधिकारी होइनन्: प्रेरितहरूले डिकनहरू पनि नियुक्त गरे । डिकनहरूको कार्यविवरणलाई अति नै सरलीकरण गरेर हेर्ने जोखिम लिदाँ, डिकनहरूले चर्चका संचालन, प्रशासन तथा भौतिक खाँचोहरूको हेरचाह गरेर चर्च

एकता कायम राख्दछन् । प्राचीन चर्चका “सातजना” लाई धेरैले डिकनका उदाहरणहरूको रूपमा हेर्दछन् । तिनीहरूको कामचाहिँ चर्चमा रहेका विधवाहरूलाई खाना वितरण गर्ने कार्यको निरीक्षण गर्नु थियो ताकि त्यो झुण्ड एकतामा रहोस् र प्रेरितहरूचाहिँ प्रचार तथा प्रार्थना गर्नको लागि स्वतन्त्र होऊन् (प्रेरित ६:१-७) ।

एउटा स्वस्थ, सशक्त डिकन समूह विकास गर्नुले झुण्डमा अधिकार र स्वामित्व फैलाइदिन्छ । यसरी त्यसले महत्वपूर्ण विषयहरूमा एल्डरहरूले अप्ठ्यारोमा पार्ने कार्यविरुद्ध संरचनागत सुरक्षा उत्पन्न गराउँदछ । एल्डरहरूले अझै पनि चर्चका मामिलाहरूलाई निर्देशन गर्दछन् र त्यसका हरेक कुराको निम्ति केही मात्रामा जिम्मेवारी अवश्य बहन गर्दछन् । तर तिनीहरूले डिकनहरूलाई निश्चित कामहरू सुम्पन र आफू फुर्सदिला हुन सक्दछन् । एल्डरहरूले चर्चको अतिथिसत्कार, स्याहारकक्ष, भवन, लेखा, सहायता र प्रविधिजस्ता कुराहरू सक्षम डिकनहरूलाई हस्तान्तरण गर्दा तिनीहरूले झुण्डलाई अति नै भरोसा गरेको सन्देश दिन्छन् । बदलामा डिकनहरूले एल्डरहरूको बोझ हलुको पारिदिन्छन् ताकि तिनीहरूले सिकाउन, प्रार्थना गर्न र गोठालो गर्न सकून्, जसरी प्रेरित ६ अध्यायमा ती “सातजना” ले प्रेरितहरूको निम्ति गरेथे ।

## जवाफदेही भइरहनुहोस्

के तपाईंको चर्चमा पापमा फसेको एल्डरलाई उसको गल्ती देखाइदिने कुनै प्रक्रिया छ ? एल्डरहरूलाई उच्च सम्मान गर्न पावलले तिमोथीलाई अह्राए (१ तिमोथी ५:१७-१८) । तर

लगत्तै अर्को पदमा तिनले आज्ञा दिए कि पापको दोषी भेट्टाइने एल्डरहरूलाई सबैको सामु हकार्नुपर्दछः

> दुई वा तीन साक्षी नभएसम्म एल्डरको विरोधमा लगाइएको कुनै दोष स्वीकार नगर । पाप गर्नेहरूलाई सबैको सामु हप्काऊ, र अरू पनि डराऊन् । (१ तिमोथी ५:१९-२०)

एल्डरहरूहो, यदि तपाईंले कुनै सङ्गी निरीक्षकलाई प्रभुमा अनाज्ञाकारी भएर हिँडिरहेको र पश्चात्ताप गर्न नमानिरहेको देख्नुभयो भने ऊ एल्डर भएको कारण त्यो कुरा नदेखेजस्तो नगर्नुहोस् । जसरी पावल अझै भन्दछन्, "परमेश्वर, प्रभु येशू ख्रीष्ट र चुनिएका दूतहरूका सामु म तिमीलाई कडा आज्ञा दिन्छुः तिमीले पूर्व-निर्णय नगरीकन र कसैको पक्ष नलिईकन यी कुराहरू पालन गर" (पद २१)

## परमेश्वरको वचनलाई आदर गर्नुहोस्

एक एल्डरले परमेश्वरको वचन र सुसमाचारलाई चर्चको केन्द्रमा राखेर हैकम नजमाईकन अगुवाइ गर्न सक्दछ । एक एल्डरले आफूलाई निरन्तर परमेश्वरको वचनको अधीनतामा राख्नुपर्दछ – उसका सबै शिक्षण, आराधना र सेवकाइमा । यसले ऊ र झुण्ड दुवैलाई यो कुरा स्मरण गराउँदछ कि उसको अधिकार अनिश्चित हुन्छ, र बाइबलमात्र चर्चको जीवनमा अन्तिम अधिकारी हुन्छ । झुण्डहरूले यस्ता पुरुषहरूलाई एल्डरको रूपमा चयन गर्नुपर्दछ जसले बाइबल स्वयंलाई नै उच्च स्थान दिन्छन् (र तिनीहरूले बाइबलको बारेमा लिने धारणालाई होइन) ।

आखिर, एल्डरहरूले येशूको चर्चमाथि यतिसम्म जिम्मेवारी

बहन गर्दछन् कि तिनीहरूले प्रभु येशूको वचन सिकाउँदछन्, पालन गर्दछन् र लागू गर्दछन् । उन्नाइसौं शताब्दीका पास्टर विलियम जोन्सनले भनेअनुसार, एल्डरहरू कार्यकारी हुन्, कानून बनाउने विधायक होइनन् । तिनीहरूको काम भनेको चर्चको जीवनमा बाइबलीय शिक्षालाई घोषणा र लागू गर्नुमात्र हो । एल्डरहरूले बाइबललाई उचाल्दा तिनीहरूले आफूलाई नम्र पारिरहेका पनि हुन्छन् । त्यसो गर्दा, तिनीहरूले आफूलाई यस्तो किसिमका पुरुषहरूको रूपमा देखाउँदछन् जसलाई साँचो विश्वासीहरूले पछ्याउन चाहन्छन् ।

## आफ्नो उत्तराधिकारी तयार पार्नुहोस्

हामीले अध्याय ३ मा देख्यौं कि एल्डरहरूले तालिम दिएर उत्तराधिकारीहरू तयार पारेर चर्चको शिक्षण सेवकाइलाई निरन्तरता दिनुपर्दछ । शिक्षकहरू र एल्डरहरूको अर्को पुस्ता को हुनेछन् त ? चर्चको अगुवापनलाई निरन्तरता दिनुको साथसाथै, तालिममाथि ध्यान केन्द्रित गर्नुले त एल्डरहरूलाई नम्र भइरहन सहायता पनि गर्दछ । एकै समयमा अधिकार लिइराख्न र त्यो अरूलाई हस्तान्तरण पनि गर्न अति कठिन हुन्छ ।

## झुण्डलाई भरोसा गर्नुहोस्

म यो कुरा भन्न हिचकिचाउँदछु किनकि यो पुस्तक पढ्ने हरेक व्यक्ति मजस्तै झुण्डवादी हुँदैन । न त यो पुस्तकले झुण्डवादको विषयमा नै तर्क गरिरहेको छ । तर के म नम्रतापूर्वक भन्न सक्दछु कि सम्पूर्ण झुण्डलाई निश्चित क्षेत्रहरूमा अन्तिम अधिकार दिनुले (जस्तो प्रिष्बिटेरियन चर्चहरूले पनि गर्दछन्)

एल्डरको निरंकुशताको विरुद्धमा उत्कृष्ट संरचनागत सुरक्षा प्रदान गर्दछ ? मुख्य निर्णयहरूलाई अनुमोदनको निम्ति चर्चको सामु ल्याउनुपर्ने कुराले त एल्डरहरूलाई शक्ति हस्तान्तरण गर्न र नम्रतापूर्वक सदस्यहरू तथा प्रभुमाथि भरोसा गर्न बाध्य पार्दछ। मैले ठाडो आदेशद्वारा कुनै मुख्य निर्णय गर्न पाए हुन्थ्यो भन्ने मलाई कतिपटक लागेको छ। झुण्डगत प्रक्रिया अति ढिलो हुन पुग्दछ र कहिलेकाहीँ मैले चाहेको जस्तो परिणाम त्यसले दिँदैन। तर वर्षहरू बित्दै जाँदा, राम्रोसँग अभ्यास गरिएमा झुण्डवादले एल्डरहरू र सदस्यहरूबीच एकता र भरोसा विकास गरिदिने तरिकाको मैले प्रशंसा गर्न सिकेको छु । निश्चित निर्णयहरू गर्ने अन्तिम अधिकार झुण्डसँग नै हुन्छ भनी विश्वास गर्नुले एल्डरहरूलाई शिक्षणमा र मानिसहरूसँग सञ्चार गर्नमा कडा मेहनत गर्न, र प्रार्थना गर्दै परमेश्वरमाथि भरोसा गर्न बाध्य पार्दछ।

## भेडाजस्ता गोठालाहरू

प्रभु येशूले आफ्ना बगालहरूका निम्ति साना गोठालाहरूको रूपमा एल्डरहरू नियुक्त गर्नुभएको छ। एल्डरहरूले यो कामलाई गम्भीररूपमा लिनुपर्दछ र साहसपूर्वक आफ्ना चर्चहरूमा शासन गर्नुपर्दछ। रुन्चे, निष्क्रिय निरीक्षकहरूले त चर्चका समस्याहरूलाई खराबदेखि झन् खराबमात्र बनाइदिन्छन् । म मेरा सबै सङ्गी एल्डरहरूसँग बिन्ती गर्दछु: चर्चको खातिर, सुसमाचारको खातिर र परमेश्वरको महिमाको खातिर तपाईंका झुण्डहरूलाई अगुवाइ गर्नुहोस् !

तर यो सबै गोठाले बोलीको माझमा एउटा प्रशंसामय सत्यता स्मरण गर्नुहोस्: तपाईं आफू पनि अझै भेडा नै हुनुहुन्छ ।

योचाहिँ हरेक एल्डरले सामना गर्ने ठूलो विरोधाभास हो । ऊ एकै समयमा एक गोठाला हो र एउटा भेडा पनि हो, प्रभु येशूका चेलाहरूको अगुवा हो र प्रभु येशूको चेला पनि हो, स्थानीय झुण्डको निरीक्षक हो साथसाथै उक्त झुण्डमा निर्भर हुने अङ्ग पनि हो । एल्डर एक पापी मानिस हो जो अनुग्रहद्वारा बचाइएको र थामिएको हुन्छ, जसले असल गोठाला येशू ख्रीष्टलाई पछ्याइरहेको हुन्छ । अचानक प्रभु येशू उतिर फर्किनुहुन्छ र उसको हातमा गोठालाको लौरो थमाएर भन्नुहुन्छ, "मेरा थुमाहरूलाई खुवाऊ" (यूहन्ना २१:१५) ।

भेडाबाट गोठाला हुनुको आन्तरिक तनावलाई तपाईंले कसरी समाधान गर्नुहुन्छ ? तपाईंले समाधान गर्नुहुन्न । तपाईंले त्यसलाई अङ्गाल्नुहुन्छ । तपाईंले गोठालाको बोलावटलाई स्वीकार गर्नुहुन्छ र त्यति नै बेला आफू प्रभुमाथि अत्यन्तै निर्भर रहेको कुराको घोषणा पनि गर्नुहुन्छ । तपाईं भन्नुहुन्छ, "यो बाटो जाऔं," अनि बाँकी चर्चसँगै पुकारा पनि गर्नुहुन्छ, "हे प्रभु, हामीलाई मार्गदर्शन गर्नुहोस् ।" तपाईंले प्रभु येशूमाथि ध्यान केन्द्रित गर्नुहुन्छ र उहाँको अनुग्रहद्वारा हैकम नजमाईकन अगुवाइ गर्नुहुन्छ ।

# ६

# मिलेर गोठालो गर्नुहोस्

म खुसी छु कि तपाईं अझै पनि यो पुस्तक पढ्दै हुनुहुन्छ। साँच्चै भनूँ भने, अहिलेसम्म त तपाईंले पढ्नै छोडनुभएको हो कि भनी मलाई चिन्ता लागेको थियो। यो पुस्तक लामो भएकोले वा पढ्न अप्ठ्यारो भएकोले होइन। बरू, बाइबलले एल्डरहरूबाट माग गर्ने सबै कुरालाई देखेर निराश भई तपाईंले यो पुस्तक थन्क्याइदिनु भयो कि भन्ने मेरो फिक्री थियो।

एल्डरका योग्यताहरूसम्बन्धी पहिलो अध्याय अति कठिन थियो। प्रेरितहरूले एल्डरहरूका योग्यताहरू उच्च राखेका छन्: ख्रीष्टको जस्तो चरित्र, सुव्यवस्थित घर र बाइबलीय सत्यता सिकाउने तथा रक्षा गर्ने दक्षता। अनि "निर्दोष" हुने विषय नि ? आफ्ना गल्तीहरू र कमजोरीहरूको विषयमा सचेत जोकोहीले त्यो योग्यतालाई अत्यन्त विनम्र तुल्याउने ठान्दछ। त्यो अध्याय लेख्दाखेरि मैले पनि मनन् नगरी बस्न सकिनँ, "के म एल्डरका योग्यताहरूसम्बन्धी पुस्तक लेख्नको कुरै छोडौं, साँच्चै एक एल्डर हुनको योग्यको छु त ?"

तर तपाईंले सुरुको छनोटको चरण जसोतसो पार गर्नुभए पनि, २ देखि ५ सम्मका अध्यायहरूमा रहेका कठिन जिम्मेवारीहरूले

तपाईंलाई लखतरान पार्न सक्दथे। उनीहरुको केही जिम्मेवारीहरूको नाम लिनु पर्दा: एल्डरहरूले बगालको गोठालो गर्दछन्, सिद्धान्त सिकाउँदछन्, त्रुटिको खण्डन गर्दछन्, सदस्यहरूलाई स्याहार गरेर परिपक्व बनाउँदछन्, बरालिएकाहरूलाई सही बाटोमा ल्याउँदछन्, शासन र अगुवाइ गर्दछन्, अनि विवादहरू समाधान गर्दछन् ।

अनि हाम्रो सामु अझै तीनवटा अध्यायहरू छन् ।

कतिपटक यो कार्यविवरणले मलाई व्याकुल पार्दछ र तलबी पास्टर भएको हुनाले म आफ्नो हप्ताभरिको समय त्यसमै लगाउँदछु । तर तपाईं व्यस्त पार्ने जागिर भएको, कठिन यात्रा गर्नुपर्ने, सक्रिय परिवार भएको, सम्हाल्नुपर्ने घर भएको र एक वा दुईवटा शोख पनि भएको साधारण एल्डर हुनुहुन्छ भने नि ? तपाईंले बल्लतल्ल निकाल्नुहुने केही घण्टाको समयमा कसरी तपाईंले झुण्डको निरीक्षण गर्ने उच्च बोलावटलाई पूरा गर्न सक्नुहुन्छ ? त्यो त असफल हुने सुत्रजस्तै लाग्दछ। के साधारण गोठालो हुन वास्तवमै सम्भव हुन्छ त ?

त्यो सम्भव हुन्छ भनी म विश्वास गर्दछु। त्यसको समाधानको केही पाटा त गोठालो गर्ने तपाईंको बोलावटलाई अङ्गाल्ने र बलिदानपूर्वक प्राथमिकतामा राख्नुमा रहन्छ । अलेक्ज्यान्डर स्ट्राउक हामीलाई प्रष्टरूपमा भन्नुहुन्छ:

> धेरै मानिसहरूले परिवारहरूको रेखदेख गर्दछन्, काम गर्दछन् र धेरै घण्टाको समय सामुदायिक सेवा, क्लबहरू, शारीरिक व्यायामहरू र/वा धार्मिक संस्थाहरूलाई दिन्छन् । झूटो शिक्षाहरूले ठूल्ठूला साधारण अभियानहरू चलाएका छन् जो

विशेष गरी तिनीहरूका सदस्यहरूको स्वयंसेवा गर्ने समयकै कारणले अगाडि बढ्दछन् । हामी बाइबलमाथि विश्वास गर्ने क्रिश्चियनहरूचाहिँ अल्छी, निष्क्रिय, पैसा पाए काम गर्ने समूह बनेका छौं । मानिसहरूलाई तिनीहरूले मन पराउने काम गर्न अभिप्रेरित गर्दा तिनीहरूले कति धेरै काम गर्दछन् भन्ने कुराले छक्कै पार्दछ । मानिसहरूले आफ्नो फुर्सदको समयमा घरहरू बनाएका र सिङ्गारेका मैले देखेको छु ।

एल्डर हुने आकांक्षा लिने व्यक्तिहरूले सेवा गर्नुको मूल्य चुकाउनुपर्दछ र त्यसपछि परमेश्वरको अनुग्रहमाथि भरोसा गर्दै आफ्ना चर्चहरूको निम्ति आफूलाई खुलारूपमा चलाउनुपर्दछ ।

तर अर्को एउटा तत्वले पनि साधारण गोठालोको सेवालाई सम्भव बनाइदिन्छ । बाइबलीय एल्डरपदका तत्वहरूमध्ये एउटाले यतिका वर्षसम्म मलाई पास्टरको सेवामा बलियो बनाइरहेको छ । परमेश्वरले स्थानीय चर्चको रचना गर्नुहुँदा उहाँले बुद्धिमानीपूर्वक नै एल्डरहरूको बहुपद स्थापना गर्नुभयो । गोठालोपन सम्भव हुन्छ किनभने यो एउटा सामूहिक खेल हुनुपर्दछ ।

## धेरैजनाले पास्टरीय सेवा गर्नु

नयाँ करारले वास्तविक एल्डरहरूले चर्चहरूमा काम गरिरहेका कुराको वर्णन गर्दा त्यसले तिनीहरू धेरैजना भएका कुरा बताउँदछ । निम्नलिखित पदहरूलाई सरसर्ती हेर्नुहोस् त । हरेक चर्चलाई धेरैजना एल्डरहरूले अगुवाइ गरेका कुरा याद गर्नुहोस्:

अनि यरूशलेम आइपुगेपछि मण्डलीद्वारा, प्रेरितहरू र

एल्डरहरूद्वारा उनीहरूको स्वागत भयो । (प्रेरित १५:४; पदहरू ६, २२; १६:४ पनि हेर्नुहोस् ।)

अनि हरेक मण्डलीमा तिनीहरूका निम्ति एल्डरहरू नियुक्त गरेर र उपवाससहित प्रार्थना गरेर उनीहरूले तिनीहरूलाई प्रभुको हातमा सुम्पिदिए, जसमाथि तिनीहरूले विश्वास गरेका थिए । (प्रेरित १४:२३)

अनि मिलेटसबाट एफिससमा पठाएर उनले मण्डलीका एल्डरहरूलाई बोलाए । (प्रेरित २०:१७)

येशू ख्रीष्टका दासहरू पावल र तिमोथीबाट – फिलिप्पीमा भएका ख्रीष्ट येशूमा सबै पवित्र जनहरूलाई, अध्यक्षहरू र सेवकहरूलाई । (फिलिप्पी १:१)

यही कारणले गर्दा मैले तिमीलाई क्रेटमा छोडें – बाँकी रहेका कुराहरू ठीकठाक पार, र मैले तिमीलाई आज्ञा गरेबमोजिम हरेक शहरमा एल्डरहरू नियुक्त गर । (तीतस १:५)

म, जो एउटा सङ्गी-एल्डर र ख्रीष्टका दुःखहरूको साक्षी, साथै प्रकट हुने महिमाको भागिदार हुँ, तिमीहरूको बीचमा भएका एल्डरहरूलाई अर्ती दिन्छु । (१ पत्रुस ५:१)

के तिमीहरूको बीचमा कोही बिरामी छ ? उसले मण्डलीका एल्डरहरूलाई बोलाओस्; अनि उनीहरूले प्रभुको नाममा उसलाई तेल घसेर उसका निम्ति प्रार्थना गरून् । (याकूब ५:१४)

के तपाईं त्यो नमुना देख्नुहुन्छ ? बारम्बार हामी हरेक चर्च (एकवचन) मा एल्डरहरू (बहुवचन) पाउँदछौं । हरेक झुण्डमा

त्यसको आफ्नै पास्टरीय समूह थियो । यो एउटा सुक्ष्म निरीक्षण हो, तर त्यसलाई व्यवहारमा उतार्दा भने त्यसले ठूलो भिन्नता उत्पन्न गराउँदछ। धेरैजना एल्डरहरू हुनु त दीर्घकालीन गोठालो सेवाको निम्ति अत्यन्तै महत्वपूर्ण हुन्छ ।

### बोझ बाँड्नुहोस्

प्रष्ट भएको कुराबाट सुरु गर्नुहोस्: धेरैजना एल्डरहरू हुनुले पास्टरीय कामको बोझ बाँडिदिन्छ । "धेरै हातले काम सजिलो बनाइदिन्छन्," "सामूहिक कामले कामलाई विभाजन गरिदिन्छ र सफलता बढाइदिन्छ," र अन्य सबै उखानहरू एल्डरको सेवकाइप्रति लागू हुन्छन् ।

मेरो निम्ति कसरी प्रार्थना गरिदिऊँ भनी हाम्रो चर्चका एकजना सदस्यले एकपटक मलाई सोध्नुभयो । मैले सेवकाइको बढ्दो बोझको बारेमा कुरा गरेँ । त्यस समयमा हाम्रो चर्चको सदस्यता वृद्धि भइरहेको थियो र पास्टरीय खाँचोहरू चुलिएका थिए । मैले उनलाई एउटा सरल प्रश्न गरेँ, "एउटा वृद्धिरत बगाललाई मैले कसरी प्रभावकारीरूपमा सेवा पुऱ्याउने ?"

उनले मेरो प्रश्नलाई सरलरूपमा लिनुभएन। म उनको जवाफ कहिल्यै बिर्सनेछैन । उनी मुस्कुराउनुभयो, कुम उचाल्नुभयो र केवल यति भन्नुभयो, "धेरैजना गोठालाहरू ।"

साँच्चै नै– धेरैजना गोठालाहरू । मैले त्यो विषयमा पहिला सोचेकै रहेनछु भनी मैले विश्वास गर्नै सकिनँ ।

अँ, म मानिलिन्छु कि मोशाले त त्यो प्रष्ट कुरालाई छुटाउन सक्दथे भने मैले पनि छुटाउन सक्दथेँ । तिनका ससुरा यित्रोले

तिनलाई एकातिर लगेर तिनलाई थप सहायता चाहिएको थियो भनी देखाइदिनुपऱ्यो ।

अनि भोलिपल्ट यस्तो भयो – मोशा मानिसहरूको न्याय गर्न बसे; अनि बिहानदेखि बेलुकीसम्म मानिसहरू मोशाको छेउमा उभिरहे ।....अनि मोशाका ससुराले तिनलाई भने: "तिमीले गरेको यो कुरा ठीक छैन । निश्चय नै तिमी एकदमै थाक्नेछौ – दुवै तिमी र तिमीसँग हुने ती मानिसहरू; किनभने यो कुरा तिम्रा निम्ति अति गह्रौं छ; तिमी एक्लैले यो काम गर्न सक्दैनौ । (प्रस्थान १८:१३, १७-१८)

अनि यित्रोले सुझाएका समाधान के थियो त ? तिनले काममा साझेदारहरू राख्न सल्लाह दिए:

"साथै सबै मानिसहरूको बीचबाट योग्य मानिसहरू चुन, जो परमेश्वरको डर मान्ने, सच्चा, नीच कमाइलाई घिन गर्नेहरू होऊन्; अनि उनीहरूलाई तिनीहरूमाथि हजार-हजार, सय-सय, पचास-पचास र दस-दस मानिसमाथिका शासकहरूको रूपमा नियुक्त गर ! र हर समय तिनीहरूले मानिसहरूको न्याय गरून्; अनि यस्तो होओस् – हरेक ठूलो मामिलाचाहिँ तिनीहरूले तिमीकहाँ ल्याऊन्; तर हरेक सानो मामिलाको न्याय तिनीहरूले नै गरून्; यसरी तिम्रै निम्ति सजिलो हुनेछ, र तिनीहरूले तिमीसित भार उठाउनेछन् ।" (प्रस्थान १८:२१-२२)

न्यायकर्त्ताहरू थप्नुले मोशालाई सजिलो बनाइदिए जसरी नै धेरैजना एल्डरहरू हुनुले सेवकाइको बोझ बाँडिदिन्छ । त्यसैले

यदि तपाईं एल्डर हुनुहुन्छ भने तपाईं र तपाईंका साथीहरूले कामलाई बाँडफाँड गर्ने तरिकाहरू खोज्नुहोस् । तपाईंको चर्चमा तत्काल ध्यान दिनुपर्ने पक्षहरूबारे कुराकानी गर्नुहोस् र उचित तरिकाले प्रयासहरू गर्नुहोस् । यदि तपाईं व्याकुल हुनुभयो भने एक्लै सङ्घर्ष गरिनरहनुहोस् – वेदना पोखाउनुहोस् र दाजुभाइसँग सहायता माग्नुहोस् ।

कसरी तपाईंले आफ्नो निरीक्षक समूहमाझ अझ बढी प्रष्टरूपमा जिम्मेवारीहरू बाँड्न सक्नुहोला र ? हाम्रा एल्डरहरूले चर्चका सदस्यहरूलाई हेरचाह गर्नको लागि आआफ्नो भागमा कसरी विभाजन गर्ने प्रयास गरेका छन् भनी मैले उल्लेख गरिसकेको छु, तर तपाईंले त्यस्तै तरिकाले गर्नुपर्दछ भन्ने छैन । मुख्य कुराचाहिँ काम बाँड्ने विषयमा स्पष्ट हुनु हो ।

## स्विस सेनाका एल्डरहरू

साझे गोठालोपनको फाइदा श्रममा हलुको हुनुमात्र होइन । बहुपदले त एल्डरहरूमाझ रहेका विविध दानहरूबाट चर्चमा फाइदा पनि पुऱ्याइदिन्छ किनकि हरेक एल्डरले आफूमा रहेका सामर्थ्यहरू चलाएर सेवा गर्दछ । सबै एल्डरहरूका जिम्मेवारीहरू उस्तै भए पनि, तिनीहरूले आआफ्ना खूबीहरू र अनुभवहरू त्यसमा लगाउँदछन् ।

म बच्चै छँदा मेरो पहिलो स्विस आर्मी चक्कू पाएको घटना म सम्झन्छु । म ठीक कति वर्षको थिएँ भनेर त म सम्झन सक्दिनँ, तर त्यो चक्कूको बाहिरपट्टि रहेको चम्किलो रातो बिँडको दृश्य भने म अझै पनि सम्झन सक्दछु । अनि त्यो बिँडमा

स्विस आर्मी औजारहरू भन्ने चिन्ह खोपिएको थियो । उत्साहित हुँदै ती औजारहरूलाई एकएक गरी खोलेको र उजाडस्थानमा हराएको बेलामा जीवित रहनको लागि मैले ती प्रत्येकलाई कसरी चलाउन सक्दथेँ भनी कल्पना गरेको म सम्झन्छु । त्यहाँ एउटा लामो चक्कू, एउटा छोटो चक्कू, चिम्टी, मार्तोल, कैंची, र साँच्चै नै बाहिर बाँच्नको निम्ति सबैभन्दा महत्वपूर्ण औजारचाहिँ बिर्को खोल्ने पेच थियो ।

हामीले हाम्रो चर्चको समितिमा नयाँ मानिसहरूलाई स्वागत गर्दा हरेक वर्ष म त्यस्तै महसुस गर्दछु । हरेक भाइले अद्वितीय दानहरू समूहमा ल्याउँदछन् जसलाई चिनेर लागू गर्न कर नै लाग्दछ । त्यो त मानवीय स्विस आर्मी चक्कू खोल्नुजस्तै हो, एकपटकमा एउटा एल्डरको दान । साँच्चै नै, सबै एल्डरहरूसँग केही दानहरू हुनु नै पर्दछ जुन दानहरू त्यो पदको निम्ति अनिवार्य हुन्छन्, जस्तै अगुवाइ गर्नु र सिकाउनु । यद्यपि ती दानहरूको सामर्थ्य र मात्रा भने फरक हुन सक्दछन् ।

हाम्रो अहिलेको एल्डर समूहमा मार्क पनि हुनुहुन्छ जो एउटा स्थानीय सेमिनारीमा सहायक प्राध्यापक हुनुहुन्छ जसले आफूमा भएको बोल्ने कला र नयाँ करारको असाधारण ज्ञानलाई चलाएर चर्चमा शिक्षणको शक्तिशाली सेवकाइ गर्नुहुन्छ। बारम्बार, केन्टले आफ्नो अर्थशास्त्रको ज्ञान प्रदान गरेर हाम्रा आर्थिक पक्षहरूमा अगुवाइ गर्नुहुन्छ। जोनचाहिँ प्रार्थना गर्न अति जोशिलो हुनुहुन्छ र व्यवहारमा केही बढी जोर दिने एल्डर समूहलाई बितेका वर्षहरूमा धेरैपटक घुँडा टेक्न आह्वान गर्नुभएको छ । हर्बसँग असाधारण सहजबुद्धि छ र उहाँले छलफलको अवधिमा एउटा गहिरो प्रश्न

सोध्नुहुन्छ जसले हामीलाई समस्याको जरामा पुऱ्याइदिन्छ ।

सङ्गी एल्डरहरूको बारेमा जानकारी लिने समय लिनुहोस् । हरेकसँग भएका दानहरू पत्ता लगाउनुहोस् र तिनलाई प्रकट गर्ने तरिका सिक्नुहोस् । तपाईंहरूले मिलेर काम गर्नुहुँदा, अन्य निरीक्षकहरूमध्ये केहीले समस्याहरू समाधान गर्ने वा प्राथमिकताहरू तय गर्ने विभिन्न तरिकाहरू देखेर तपाईं निराश हुन सक्नुहोला । तर ती भिन्नताहरू देखेर तपाईं भने नचिढिनुहोस् । बरू, ती अन्य एल्डरहरूलाई तपाईंको झुण्डको सेवा गर्नको लागि ईश्वरीय तरिकाले तयार पारिएका औजारहरूको रूपमा हेर्नुहोस् । यो सबै धेरैजना एल्डरहरू हुनुको सुन्दरताको अंश हो ।

## गोठालाहरूको गोठालो गर्नुहोस्

अघिल्लो अध्यायमा, हामीलाई स्मरण गराइएको थियो कि एल्डरहरू येशूको बगालका सदस्यहरू पनि हुन् । हामीले यसलाई चर्चमा हुने अगुवापनको "गोठालाहरूको रूपमा भेडा" भनिने विरोधाभास भनेका थियौं । यो विरोधाभासले एउटा रोचक प्रश्न उठाउँदछः यदि गोठालाहरू एकै समयमा भेडा पनि हुन् भने गोठालाहरूको गोठालो कसले गर्दछ त ? हरेक विश्वासीलाई जति नै एल्डरहरूलाई पनि पास्टरीय हेरचाह चाहिन्छ । तिनीहरू परीक्षामा फस्न, निराशामा डुब्न, विवादहरूमा मुछिन, चर्च सेवकाइमा थकित हुन वा तिनीहरूले प्रियजनहरू गुमाउन सक्दछन् । तिनीहरू विपत्तिमा परेका छैनन् भने पनि एल्डरहरू निरन्तर परिपक्व हुँदै जानुपर्दछ, चर्चको अन्य हरेक सदस्य जस्तै गरी । कसले तिनीहरूलाई आत्मिकरूपमा निरीक्षण गर्दछ त ?

यहाँ फेरि, धेरैजना एल्डरहरू हुनुले समाधान प्रस्तुत गर्दछ । गोठालाहरूले नै गोठालाहरूको गोठालो गर्नुपर्दछ । झुण्डवादी निरीक्षण दिगो हुन्छ किनभने धेरैजना एल्डरहरूले एकअर्काप्रति पास्टरहरूको रूपमा काम गर्दछन् ।

धेरै वर्ष पहिला, एकजना भाइ पहिलोपटक हाम्रो एल्डर समूहमा सामेल भए । मैले अलिअलि ठट्टा गर्दै तिनकी श्रीमतीलाई भनेँ, "के तपाईं परीक्षाहरूको निम्ति तयार हुनुहुन्छ ?"

"कुन परीक्षाहरू ?" उनले सोधिन् ।

"तपाईंका श्रीमान् एल्डर भएपछि उहाँ र तपाईंमाथि आउने परीक्षाहरू । परीक्षित हुनको लागि तयार हुनुहोस्," मैले जवाफ दिएँ ।

मैले जानेभन्दा बढी नै गरेर ठट्टा गरेछु । एल्डरको रूपमा सेवा गरेकै अवधिमा तिनले जागिर गुमाए र एक वर्षभन्दा बढी समयसम्म बेरोजगार भइरहे । त्यो "अनैच्छिक विश्राम" को समयमा अन्य एल्डरहरूले तिनको जीवनमा प्रार्थना र हौसलाको अबिरल खोला नै बगाए । परमेश्वरको अनुग्रह तथा तिनीहरूको सहायताद्वारा तिनले त्यो अवधि पार गरे र अझ बलिया भएर तथा खारिएर बाहिर निस्किए ।

यदि तपाईं एल्डर हुनुहुन्छ भने जोखिम मोल्नुहोस् र अरूसँग खुला हुनुहोस् । तपाईंका चोटहरू र डरहरू, तपाईंका सङ्घर्षहरू र पापहरू प्रकट गर्न नडराउनुहोस् । यदि तपाईंले सुपरम्यान भएको जस्तो स्वाङ्ग पार्नुभयो भने अरू एल्डरहरूले तपाईंको गोठालो गर्न सक्दैनन् । विशेष गरी, तपाईंको जीवनमा भएका खाँचोहरूको

निम्ति प्रार्थना गरिदिन तिनीहरूलाई अनुरोध गर्नुहोस् । मैले पहिला पनि भनेझैं, हाम्रा एल्डरहरू महिनामा दुईपटक भेला हुन्छन् जसमध्ये एउटा सभामा प्रार्थनामात्र गरिन्छ । त्यो प्रार्थना सभामा, हामीले एकअर्काको लागि कसरी प्रार्थना गर्न सकिन्छ भनेर सोध्छौं । यो एउटा सानो अभ्यास हो जसले हामीलाई एकअर्काको भेडा पक्षप्रति जानकारी लिइराख्न सहायता गर्दछ ।

धेरै वर्ष पहिला त्यस्तै एउटा प्रार्थना सभामा, हामीले एकअर्काको लागि कसरी प्रार्थना गर्न सक्दछौं भनेर सोध्दा एकजना एल्डरले खुला भएर आफ्नो कुरा राख्नुभयो । उहाँले आफ्नो व्यवसाय र आर्थिक पक्षमा आएको विपत्ति तथा त्यसको कारणले उहाँले भोग्नुभएको निराशाको बारेमा स्पष्टरूपमा बताउनुभयो । त्यो दुःखद् क्षण थियो, तर त्यसले एउटा ढोका खोलिदियो । अन्य केही एल्डरहरू त्यो ढोकाबाट भित्र पस्नुभयो र आआफ्ना वैवाहिक जीवनमा रहेका खाँचोहरूको बारेमा बताउनुभयो । त्यो साँझको हाम्रो प्रार्थनाको समय त अनौपचारिकजस्तै भयो । हामीले नयाँ जोश र दयाको साथमा एकअर्काको निम्ति अन्तरबिन्ती गऱ्यौं ।

यदि तपाईंले प्रभावकारी तरिकाले कुनै झुण्डको गोठालो गर्ने हो भने तपाईं आफ्नै आत्मिक निरीक्षणमा रहनुपर्दछ । त्यसैले आफैलाई नम्र तुल्याउनुहोस् र तपाईंको हेरचाह गर्न अन्य एल्डरहरूलाई अनुमति दिनुहोस् ।

## फलाममलाई उध्याउनुहोस्

धेरैजना एल्डरहरू भएमा पास्टरीय सेवकाइ कसरी दिगो हुन्छ भन्ने विषयमा हामी चर्चा गरिरहेका छौं । त्यो कुरा विशेष गरी

साधारण एल्डरहरूमा लागू हुन्छ । सामूहिक अगुवापनले उत्तम पास्टरीय सेवकाइ उत्पन्न गराउँदछ किनभने यसले सेवकाइको बोझ बाँडिदिएर एल्डरहरूलाई थाक्न दिँदैन, परिपूरक खूबीहरू र दानहरू एक ठाउँमा ल्याइदिन्छ र एल्डरहरूलाई परीक्षाहरूमा सहायता गर्दछ ।

तर गोठालाहरूको लागि अरू किसिमका खतराहरू पनि हुन्छन्: घमन्ड, नियन्त्रण, असम्वेदनशीलता, घुलमिल नहुने, दुव्यवहार पनि गर्ने । हामीले अघिल्लो अध्यायमा देख्यौं कि एल्डरहरूले अधिकार नजमाईकन अगुवाइ गर्नुपर्दछ । बहुपदीय अगुवापनले हाम्रा कमजोर प्रवृत्तिहरूविरुद्ध सुरक्षा प्रदान गर्दछ र यस्तो सन्दर्भ सिर्जना गरिदिन्छ जसमा एल्डरहरूले यो प्रख्यात हितोपदेशलाई व्यवहारमा उतार्न सक्दछन्, “फलामले फलामलाई धारिलो पार्छ, त्यसरी नै मानिसले आफ्नो साथीको अनुहारलाई धारिलो पार्छ” (हितोपदेश २७:१७) ।

एल्डरहरूले स्वस्थ तरिकाले बहुपदीय अगुवापनको अभ्यास गर्दा एकजना मानिसका दृष्टिकोणहरू वा प्रवृत्तिहरूले कब्जा जमाउन धेरै नै कठिन हुन्छ, किनभने एल्डरहरूले एकअर्कालाई पूरा गर्दछन् । नम्र एल्डरहरूले अलि आक्रोशमा आउने एल्डरहरूलाई शान्त पार्दछन् । सक्रिय हुने एल्डरहरूले विवेचना गर्ने एल्डरहरूलाई वास्तवमै निर्णयहरू गर्न लगाउँदछन् । ठूलो विश्वास भएका एल्डरहरूले हरेक निर्णयलाई आर्थिक रुढिवाद र जोखिम व्यवस्थापनको अर्को एउटा अभ्यासमात्र हुनदेखि रोक्दछन्, जबकि व्यावहारिक एल्डरहरूले चाहिँ सपनादर्शीहरू र दर्शनधारीहरूलाई “परमेश्वरमाथि भरोसा गर्ने” बहानामा

मूर्ख कामहरू नगर्न सहायता गर्दछन् । त्यस किसिमको आपसी सन्तुलनले एउटा यस्तो वातावरण उत्पन्न गराउँदछ जसलाई सहन स्वार्थी व्यक्तिहरूलाई कठिन हुन्छ ।

तर अझ स्पष्ट भन्नुपर्दा, बहुपदीय अगुवापनले त कुनै एल्डरले बाटो बिराउँदा एल्डरहरूले एकअर्कालाई सहायता माग्ने संरचना उत्पन्न गराइदिन्छ ।

हाम्रा एल्डर बैठकहरू कहिलेकाहीँ तात्तिन्छ । (मलाई थाहा छ कि त्यस्तो अधिकांश चर्चहरूमा हुँदैन, त्यसैले तपाईंले आफ्नो कल्पनाशक्तिको प्रयोग गर्नुपर्ला ।) हाम्रो झुण्ड बलिया धारणाहरू लिने बलिया अगुवाहरूले आशिषित् भएको छ जसमध्ये धेरैजनाले एल्डरहरूको रूपमा सेवा गर्दछन् । एल्डर बैठकहरूमा चुनौतीपूर्ण मामिलाहरू उत्पन्न हुँदा, कोठाको तापक्रम पनि बढ्न सक्दछ ।

तैपनि एल्डरहरूले बैठकपछि एकअर्कालाई एउटा कुनातिर तानेर लगेका बारम्बार देख्दा म प्रभावित भएको छु । कहिलेकाहीँ एकजनाले अति कडा बोलेकोमा अर्कोसँग क्षमा माग्दछ । त्यो हप्तामा पछि कुनै दिन तिनीहरूले सँगै बसेर कफी पिउलान् र आफ्ना भिन्नताहरूको बारेमा कुरा गर्दछन् । अन्य बेलामा, एकजनाले बैठकको अवधिमा अर्को व्यक्तिको व्यवहारको बारेमा चुनौती दिन्छ र उसलाई उक्त व्यवहार सुधार्न अर्ती दिन्छ । पाको उमेरका एल्डरहरूले वार्तालापहरूमा जवान एल्डरहरूको आवाज बन्द नै गरिदिने गरी अधीनता जमाउने बेलामा ती जवान एल्डरहरूले नम्रतापूर्वक अग्रजहरूको प्रतिवाद गरेका छन् । अध्यक्षहरूले अघिल्ला बैठकहरूमा आफ्नो बोलीको शैलीको निम्ति चर्चका बैठकहरूमा उभिएर माफी मागेका छन् । नम्र

एल्डरहरूलाई धन्यवाद जसले आफ्ना सङ्गी निरीक्षकहरूलाई हौसला दिएका छन् ।

एकजना एल्डर सदैव खुला प्रकारले बोल्ने गर्दछन् । एकातिर, तिनलाई एल्डरको रूपमा पाउनु ठूलो कुरा हो किनभने तिनले हामीलाई सामूहिक सोचाइमा नफस्न सहायता गर्दछन् । विरोधी दृष्टिकोणहरूलाई धैर्यसाथ सामना गर्ने तिनको दक्षताको निम्ति धन्यवाद छ । मैले तिनको यो व्यवहारलाई बढीभन्दा बढी प्रशंसा गर्न थालेको छु, विशेष गरी यस कारणले कि म विवाद हटाउने प्रयास गर्दछु । अर्कोतर्फ, त्यो खुला बोल्ने बानीले कटुता उत्पन्न गराउन सक्दछ । अझै पनि हरेक एल्डर बैठकपछि तिनले मलाई फोन गर्दछन् र तिनले रेखा पार गरे कि भनेर वा क्षमा माग्नु पो पर्दछ कि भनेर सोध्दछन् । यदि मैले "हो, तपाईं अलि कडा हुनुभयो होला" भनें भने ती एल्डरले सबै कुराहरू सुधार्नको लागि तुरुन्तै कदमहरू चाल्दछन् । यतिका वर्षमा, तिनी बढी नम्र, बुद्धिमान् र सम्वेदनशील हुँदै गएका तर आफ्नो खुलारूपमा बोल्ने बानी नछोडेका मैले देखेको छु ।

## यात्रा सुखद् रहोस्

धेरैजना एल्डर हुने विषयबारे म अन्तिम जोर दिन चाहन्छु । एकलकाँटे गोठालो हुनुभन्दा एउटा समूहको रूपमा पास्टरीय सेवा गर्नुचाहिँ अति बढी सन्तोषजनक र रमाइलो पनि हुन्छ । पन्ध्र वर्षभन्दा बढी समयसम्मको पास्टरीय सेवकाइलाई फर्केर हेर्दा, म भन्न सक्दछु कि मैले सेवकाइमा आनन्द मनाएका पक्षहरूमध्ये एउटाचाहिँ मेरो झुण्डका साधारण एल्डरहरूसँग सेवा गर्नु हो । यी मानिसहरू मेरो लागि र एकअर्काको लागि दाजुभाइहरूको एउटा

झुण्ड भएका छन् । हामीले हाँसो र आँसु बाँडेका छौं । हामीले एकसाथ मिलेर विजयहरूमा उत्सव मनाएका छौं र समाधान गर्नै नसकिने जस्ता समस्याहरू आउँदा प्रार्थनासहित तिनलाई पार गरेका छौं । मेरो सेवकाइका सबैभन्दा कठिन कतिपय क्षणहरूमा तिनीहरू मेरो साथमा उभिएका छन्, कहिलेकाहीँ अति शाब्दिक अर्थमा । धेरैपटक, मैले तिनीहरूलाई राम्रोसँग अगुवाइ गरेको छु । अरू बेलामा, तिनीहरूले मलाई उठाएका छन् र मैले फेरि अगुवाइ गर्न नसक्दासम्म मलाई बोकेका छन् ।

यदि तपाईं एकजना मात्र तलबी पास्टर भएका तर अरू एल्डरहरू नभएका चर्चमा हुनुहुन्छ भने म तपाईंलाई बिन्ती गर्दछु कि तपाईंको चर्चलाई साधारण निरीक्षकहरू पनि चयन गर्ने ढाँचालाई अवलम्बन गर्नको लागि सकेजति प्रयास गर्नुहोस् । तपाईंहरूको एकजना मात्र पास्टर हुने ढाँचा बाइबलीयरूपमा नमिल्दो मात्र हुँदैन, तर तपाईंहरूको वर्तमान संरचनाले तपाईंको पास्टरलाई महत्वपूर्ण सहायता तथा गहिरो सन्तुष्टिदेखि बञ्चित पनि पार्दछ । यसले चर्चका सदस्यहरूलाई पनि अझ प्रभावकारी पास्टरीय हेरचाह पाउनुको साथसाथै तिनीहरूकै झुण्डका पुरुषहरूलाई अगुवाहरूमा विकास भएका हेर्नदेखि पनि बञ्चित पार्दछ । अनि तपाईंको झुण्डका कतिपय पुरुषहरूले त्यो वृद्धिका मौकाहरू गुमाइरहेका हुन्छन् जुन वृद्धि झुण्डको निरीक्षण गर्नको लागि विश्वासमा कदम चाल्दाखेरि मात्र हुन आउँदछ ।

तपाईंलाई एल्डरहरू (बहुवचन) चाहिन्छ । त्योचाहिँ येशूले आफ्ना चर्चहरूमा दिगो, प्रभावकारी गोठालो सेवा पुऱ्याउनको लागि बनाउनुभएको योजना हो ।

## ७

# परिपक्वताको नमुना देखाउनुहोस्

जनवरी १, १९९६ को बिहान म साउथ सोर ब्याप्टिस्ट चर्चको नयाँ अन्तरिम सहायक पास्टरको रूपमा आफ्नो कार्यालयमा बसेँ। "अन्तरिम सहायक पास्टर" पदले कसैलाई कामको सुरक्षाको अनुभूति दिँदैन।

तर त्यो बिहान, म विद्यालयको पढाइ पूरा गरेर वास्तविक सेवकाइको काम पाएकोमै खुसी थिएँ। मैले केही हप्ता पहिलामात्र साढे दुई वर्ष लगाएर सेमिनारीको पढाइ पूरा गरेको थिएँ। अनि त्यो अध्ययन सुरु गर्नुभन्दा ठीक अगाडि मैले चार वर्ष लगाएर बाइबलीय अध्ययनमा स्नातक तहको पढाइ पूरा गरेको थिएँ। यसरी छ वर्षभन्दा बढी समय लगातार अध्ययन गरेपछि मसँग प्रष्टरूपमा नै एक पास्टर हुनको लागि आवश्यक पर्ने सबै कुरा थियो: दुईवटा ईश्वरशास्त्रीय डिग्री, टिप्पणीका पुस्तकहरूको बढ्दो सङ्ग्रह र मेरा प्रचारका कक्षाहरूबाट तयार पारेर राखिएका केही प्रवचनहरू। मलाई अरू के नै पो चाहिन्थ्यो र ?

मैले एउटा "सानो" कुरा छुटाइरहेको थिएँ: वास्तविकरूपमा एउटा झुण्डको गोठालो हुने तरिका कसैले मलाई देखाइदिनुपर्दथ्यो।

त्यसैले परमेश्वरले मलाई दाजु रे दिनुभयो।

उक्त चर्चले मलाई बोलाउनुभन्दा केही हप्ता पहिला रेलाई अन्तरिम पास्टर हुनको लागि राखेको थियो । रे न्यू इङ्गल्यान्डका एक बुद्धिमान् वृद्ध सेवक हुनुहुन्थ्यो जसले त्यसपछिका डेढ वर्षमा मलाई एउटा चर्चको गोठालो हुने तरिका देखाइदिनुभयो । उहाँले हाम्रो एल्डर समितिका कठिन अवस्थाहरू पार गर्नुभएको मैले नियालेँ । म उहाँका पास्टरीय सल्लाह दिने कक्षाहरूमा बसेँ र उहाँसँगै अस्पतालमा विश्वासीहरूलाई भेट्न गएँ । उहाँले मलाई विवाह र दाहसंस्कारको निम्ति नमुनाहरू दिनुभयो जसलाई म अझै पनि प्रयोग गर्दछु । मैले असल गोठालोपनलाई व्यवहारमा उत्रिएको देख्न पाएँ । म कहिलेकाहीँ ठट्टा गर्दछु कि यदि मैले पास्टरीय सेवकाइमा कुनै कुरा सही गर्दछु भने त्यो सम्भवतः मैले रेको नक्कल गरेको कारणले होला, र यदि मैले कुनै कुरा बिगार्दछु भने त्योचाहिँ सम्भवतः मैले जसोतसो काम चलाएको कारणले होला ।

तर मलाई सेवकाइका सीपहरू सिकाउनुभन्दा पनि धेरै बढी त रेले एक पास्टरको चरित्र र हृदयको नमुना देखाउनुभयो । उहाँले हाम्रो चर्चलाई सम्हाल्नको लागि अति सुस्तरी काम गर्ने गरी आफ्नो गतिलाई परिवर्तन गरेर धैर्य प्रदर्शन गर्नुभयो । उहाँको कुरा नपछ्याइएको बेलामा पनि उहाँले दया, नम्रता र आनन्द देखाउनुभयो । उहाँले परमेश्वरमाथि भरोसा गर्नुभयो र प्रार्थनाद्वारा एकपछि अर्को समस्या समाधान गर्नुभयो । अनि सबैभन्दा बढी त, रेले मानिसहरूलाई प्रेम गर्नुभयो र तिनीहरूले त्यो थाहा पाउँदथे । अन्त्यमा, रेले मलाई एक पास्टर हुने तरिकामात्र देखाउनुभएन,

उहाँले त सम्पूर्ण चर्चलाई नै प्रभु येशूलाई पछ्याउने तरिका देखाउनुभयो ।

## मेरो नक्कल गर्नुहोस्

रेसँगको मेरो अनुभवले मलाई त पावलले कोरिन्थको चर्चलाई भनेका कुराको बारेमा सोच्न लगाउँदछः "जसरी म ख्रीष्टको देखासिकी गर्दछु, उसरी नै तिमीहरू पनि मेरो देखासिकी गर्ने होओ" (१ कोरिन्थी ११:१) । के यो कुरा तपाईंलाई अनौठो लाग्दछ ? के तपाईंले कहिल्यै अर्को क्रिश्चियनलाई तपाईंले येशूको नक्कल गर्नुभएको तरिकाको आफ्नो नक्कल गर्न आग्रह गर्नुभएको छ ? यो त अभिनय खेलको चर्च संकरण जस्तो पो सुनिन्छ । तपाईंले आफ्नो बाइबल अध्ययन समूहलाई वा तपाईंको चर्च समितिका सङ्गी सदस्यहरूलाई यसो भन्नुभएको कल्पना गर्नुहोस्, "म तपाईंहरू सबैलाई जानकारी गराउन चाहन्छु कि मैले अति राम्रोसँग प्रभु येशूलाई पछ्याइरहेको छु, त्यसैले तपाईंहरूले पनि मेरो नक्कल गर्नुपर्दछ होला ।" सायद त्यो पद त पावलले मात्र भन्न सक्ने हरफ होला । आखिर, तिनी एक प्रेरित थिए । तिनले त "मेरो देखासिकी गर" जस्तो आडम्बरपूर्ण कुराहरू भने पनि केही हुँदैनथ्यो ।

तर पावलले अझै भने । तिनले "मेरो देखासिकी गर" मात्र भनेनन्, तिनले त तिनको देखासिकी गरेकाहरूप्रति ध्यान दिनू भनी फिलिप्पीको चर्चलाई कडा आज्ञा पनि दिए: "भाइहरूहो, सबै मिलेर मेरो देखासिकी गर्ने होओ, अनि हामी तिमीहरूका नमुना हौं । जो हामीजस्तै हिँड्छन्, तिनीहरूलाई ध्यानपूर्वक हेर" (फिलिप्पी ३:१७) । के तपाईंले त्यो पदको एउटा शब्द "हामी"

लाई याद गर्नुभयो ? तिनले “म” भनेनन् । फिलिप्पीको पुस्तकमा “हामी” ले पावल र तिमोथीलाई जनाउँदछ (१:१) । त्यसैले नमुना देखाउनेहरूको चक्र पावलदेखि विस्तार भएर तिमोथी र फिलिप्पीका क्रिश्चियनहरूसम्मै पुग्यो जसले पावल र तिमोथीको जीवनको नमुनालाई पछ्याए ।

तिमोथीलाई लेखिएको पत्रमा, पावलले आफ्ना जवान चेलालाई देखासिकीको नमुना हुनको लागि प्रष्टरूपमा निर्देशन दिए: “कुनै मानिसले पनि तिम्रो जवानीलाई तुच्छ ठान्न नपाओस्; तर वचनमा चालचलनमा, प्रेममा, आत्मामा, विश्वासमा, शुद्धतामा तिमी विश्वासीहरूका लागि नमुना बन” (१ तिमोथी ४:१२) ।

देखासिकी गर्नको लागि एउटा उदाहरण हुनुचाहिँ पवित्र प्रेरितहरूको लागि मात्र छुट्ट्याइएको भूमिका होइन भने नि ? नमुना देखाउनु र देखासिकी गर्नुचाहिँ दुईवटा तालहरू हुन् जसले क्रिश्चियन चेलापनको सामान्य लय प्रस्तुत गर्दछन् भने नि ? हामी वास्तविकरूपमा परिपक्वतामा वृद्धि हुन आवश्यक पर्ने कुरा भनेको धेरैजना रेहरू र तिमोथीहरूले हाम्रा चर्चहरूमा उदाहरणहरू देखाउनु हो भने नि ?

परमेश्वरले हामीलाई देखासिकी गर्नकै लागि बनाउनुभएको जस्तो देखिन्छ भन्ने कुराले अर्थ दिन्छ । हामीले शिशुअवस्थादेखि नै हाम्रो वरिपरि रहेका व्यक्तिहरूको नक्कल गर्दै बोल्न, असल व्यवहार गर्न र प्रतिक्रिया जनाउन सिक्दछौं । हरेक बुबाले आफ्नो बच्चाको मुखबाट आफ्नै शब्दहरू सुन्ने डरलाग्दा क्षणहरू भोगेको हुन्छ । आमाहरूले चाहिँ आफ्ना समवयस्क बच्चाहरूले कस्ता

साथीहरू रोज्छन् भन्ने बारेमा चिन्ता गर्दछन्, किनभने तिनीहरूले समकक्षी नमुनाको शक्तिलाई बुझ्दछन् । हामी वयस्कहरूले पनि एकअर्काबाट लवजहरू, वाक्यांशहरू, अनुहारका अभिव्यक्तिहरू, ठट्टा गर्ने तरिका, स्वादहरू, बानीहरू र शोखहरू टिप्दछौं । यसैकारण पचास वर्षसम्म आनन्दमय वैवाहिक जीवन बिताएका दम्पत्तिहरू बिस्तारै एउटा व्यक्ति बनेका जस्तो देखिन्छ ।

नमुना र देखासिकी, उदाहरण र नक्कल गर्ने कार्य क्रिश्चियन चेलापनमा पनि झबहेर आउँदछ । तैपनि, क्रिश्चियन जीवन देखासिकीबाट सुरु भने हुँदैन । यो त एउटा आश्चर्यकर्मबाट सुरु हुन्छ । एक पापीले सुसमाचार सुन्दाखेरि र पवित्र आत्माले त्यो सुनाइद्वारा उसको भित्री स्वभावलाई अलौकिकरूपमा परिवर्तन गर्दाखेरि चेलापन सुरु हुन्छ । फलस्वरूप, उक्त पापीले आफ्नो पापको पश्चात्ताप गर्दछ र प्रभु येशू उसलाई बचाउनको लागि मर्नुभयो र पुनर्जीवित हुनुभयो भनी विश्वास गर्दछ । ऊ परमेश्वरको पराक्रमद्वारा फेरि जन्मिएको हुन्छ र उसको पहिलो पुकारा हुन्छ, “येशू नै प्रभु हुनुहुन्छ !” परमेश्वरको राज्यमा प्रवेश गर्नको निम्ति मानिस फेरि जन्मिनुपर्दछ । ऊ अविश्वासदेखि विश्वासमा फर्किएको तरिकालाई कसैले पनि नक्कल गर्न सक्दैन ।

तर अब हाम्रो स्वर्गबाट जन्मिएको, आत्मिक शिशु ख्रीष्टको जस्तै परिपक्वतामा वृद्धि हुनुपर्दछ । यो कसरी हुन्छ त ? त्यसमा धेरैवटा तत्वहरू हुन्छन्, जस्तै परमेश्वरको वचनबाट पोषण लिनु । तर उसलाई अर्को एउटा कुरा पनि चाहिन्छ । हाम्रो परमेश्वरको नवजात शिशुलाई एउटा परिवार चाहिन्छ जहाँ

उसले प्रभु येशूसँग हिँड्ने तरिका अरूको उदाहरणद्वारा सिक्न सक्दछ। उसलाई एउटा स्थानीय चर्च चाहिन्छ।

एउटा स्वस्थ स्थानीय चर्चले आपसी नमुना र देखासिकीको लागि धेरै किसिमका सम्बन्धहरू प्रदान गर्दछ। एउटा सुसमाचारीय सङ्गतिको सदस्य बनेर, हाम्रो नयाँ क्रिश्चियनले अन्य नवजात विश्वासीहरूसँग नयाँ कुराहरूको तुलना गर्न सक्दछ जसले येशूको एक क्षमा दिइएको चेलाको अनौठो, अति सुन्दर जीवन अवलम्बन गरिरहेका हुन्छन्। उसले अन्य दाजुभाइहरूबाट सिक्न सक्दछ जसले लामो समयदेखि प्रभु येशूलाई पछ्याएका हुन्छन् र उक्त प्रक्रियामा, पवित्र आत्माको शक्तिद्वारा पापमाथि विजय प्राप्त गरेका र परमेश्वरको अनुग्रहमाथि भरोसा गरेर जीवनका केही विशाल आँधीहरू पार गरेका हुन्छन्। उसले धर्मी आमाहरू र बुबाहरू पनि भेट्टाउला, जस्तै प्रेरित पावल र अन्तरिम पास्टर रे, जसले उसलाई यसरी प्रार्थना गर्न प्रेरणा दिन्छन्, "हे प्रभु, मलाई उजस्तै हुन सहायता गर्नुहोस्।" हामीलाई आज्ञाकारी क्रिश्चियन जीवनको बारेमा असल शिक्षा र प्रवचनमात्र चाहिँदैन, हामीले व्यवहारमा पवित्रता पनि देख्नुपर्दछ। हामी देखासिकी गरेर वृद्धि हुन्छौं, प्रेरितहरूले प्रभु येशूको देखासिकी गरेजस्तै, तिमोथीले पावलको देखासिकी गरेजस्तै, र जेरामीले रेको देखासिकी गरेजस्तै।

## व्यक्तित्वद्वारा गोठालो गर्नु

त्यसो भए यो सबै कुराको एल्डरहरूसँग के सम्बन्ध हुन्छ त? यो पुस्तक निरीक्षकहरूको निम्ति एउटा कार्यविवरण हुनुपर्ने

हो । नमुना देखाउने र देखासिकी गर्ने विषयको यो छलफलमा तिनीहरू कहाँनेर अटाउँदछन् त ?

यो सरल छ: परमेश्वरले एल्डरहरूलाई देखासिकी गरिनको योग्यका पुरुषहरू हुन बोलाउनुभएको छ ।

एउटा स्वस्थ स्थानीय चर्चमा सामान्यतया धेरै मानिसहरू हुन्छन्, पुरुषहरू र महिलाहरू, जसको उदाहरण हामीले पछ्याउन सक्दछौं । तर चर्चले एकजना पुरुषलाई निरीक्षक हुनको लागि नियुक्त गर्दा, त्यो त औपचारिकरूपमा यसो भनेजस्तै हो, "उहाँचाहिँ प्रभु येशूका परिपक्व चेलाको एउटा औपचारिक, चर्चले स्वीकार गरेको उदाहरण हुनुहुन्छ ।" ऊ एकमात्र उदाहरण हुँदैन, एउटा सिद्ध उदाहरण हुँदैन र हरेक क्रिश्चियन सद्गुणको लागि उक्त झुण्डमा उत्कृष्ट उदाहरण हुनै पर्दछ भन्ने छैन । तर पनि एक एल्डरचाहिँ ठीकसँग नियुक्त गरिएको नमुना हुन्छ । कसैलाई एल्डर भनी पुष्टि गरेर चर्चले यसो भन्दछ, "उसले ख्रीष्टको देखासिकी गरेजसरी उसको देखासिकी गर्नुहोस् ।" चर्चले एकजना नवजात विश्वासीलाई एल्डरकहाँ पठाएर यसो भन्न सक्नुपर्दछ: "के तपाईं साँचो क्रिश्चियन कस्तो हुनुपर्दछ भनेर जान्न चाहनुहुन्छ ? त्यसो भए उहाँलाई हेर्नुहोस् ।"

अर्को तरिकाले भन्नुपर्दा, एल्डरको काम भनेको व्यक्तित्वद्वारा र काम गरेर गोठालो गर्नु हो । एल्डरहरूले आफूले गर्ने कामद्वारा मात्र नभई आफ्नो परिचयद्वारा पनि चर्चहरूको गोठालो गर्दछन् । अनि व्यक्तित्व भएन भने कामको कुनै अर्थ हुँदैन ।

हामीले अघिल्ला अध्यायहरूमा प्रस्तुत गरेका एल्डरको

कार्यविवरणका विविध पक्षहरूलाई पुनरावलोकन गरौं । एल्डरले आफ्नो "हुनुपर्ने" बोलावट पूरा गऱ्यो भने मात्र यो "गर्नुपर्ने" सूचिको हरेक पक्ष कसरी हासिल गर्न सकिन्छ भन्ने कुरालाई ख्याल गर्नुहोस् । छोटकरीमा, ख्रीष्टको जस्तो चरित्रचाहिँ पास्टरीय सेवकाइको अपरिहार्य पक्ष हो ।

अध्याय २ मा, हामीले एल्डरको समग्र कार्यविवरणलाई यसरी सारांशित गरेका थियौं: चर्चका सदस्यहरूलाई ख्रीष्टको जस्तो चरित्रमा बढीभन्दा बढी विकास गराउनको लागि गोठाला गर्नु । एल्डरहरू पास्टर हुन् जसले चर्चका सदस्यहरूलाई एकसाथ येशूको स्वरूपमा बढीभन्दा बढी विकास गराउनको निम्ति तिनीहरूका जीवनमा लगानी गर्दछन् ।

तर कोही एल्डर आफैमा अपरिपक्व छ भने कसरी उसले अरूलाई गोठालो गरेर परिपक्व धार्मिकतामा पुऱ्याउन सक्ला र ? जसरी तपाईंले त्यस्तो आर्थिक सल्लाहकारलाई जागिर दिनुहुन्न जसले लगानीका खराब निर्णयहरू गरेर आफ्नै धन उडाएको थियो । जसरी सुगठित शरीर नभएको प्रशिक्षकसँग व्यायाम गर्नुले तपाईंको आत्मविश्वास बढाउँदैन, त्यसरी नै "मेरो देखासिकी गर" भन्ने एक अधर्मी, स्वार्थी एल्डरलाई पछ्याउनेहरू थोरैमात्र हुन्छन् । तपाईं ख्रीष्टमा जति वृद्धि हुनुभएको छ तपाईंले अरूलाई त्यतिसम्म मात्र वृद्धि गराउन सक्नुहुन्छ ।

अध्याय ३ ले शिक्षणको कामको चर्चा गरेको थियो । एल्डरहरूले बाइबलीय सत्यताको व्याख्या गर्दछन् र सैद्धान्तिक त्रुटिलाई खण्डन गर्दछन् । तर यदि शिक्षकको जीवन नै

उसको शिक्षासँग प्रष्टरूपमा नै देखिने तरिकाले बाझिन्छ भने नि ? सबैभन्दा अन्धाभक्तहरूले समेत सुन्न छोड्छन् । "मैले गरेजस्तो होइन, मैले भनेजस्तो गर" किसिमका प्रचारकहरूलाई मानिसहरूले धेरै सहँदैनन् । अझ खराब कुरा, परमेश्वरका जनका पाखण्डी शिक्षकहरू परमेश्वरको सामु उभिनुपर्दछ । याकूबले ठीकै चेताउनी दिएका छन्, "हे मेरा भाइहरूहो, धेरैजना गुरु नहोओ; यो जानेर कि हामीले झन् बढी दण्ड पाउनेछौं" (याकूब ३:१) ।

तर एक पास्टरले साँचो शिक्षालाई असल जीवनयापनसँग मिलाउँदा उसलाई भक्त बगालको कहिल्यै पनि अभाव हुँदैन । रेले हाम्रा अन्तरिम पास्टरको रूपमा गर्नुभएको शिक्षण सेवकाइको बारेमा सोच्दाखेरि एउटा प्रवचन सधैं याद आउँदछ । इस्टरको हप्तामा, रेले यूहन्ना १३ बाट येशूले चेलाहरूको खुट्टा धुनुभएको बारेमा सिकाउनुभयो । सर्वप्रथम, यो एउटा उत्कृष्ट प्रवचन थियो । रेले येशूको सेवकपदको बारेमा प्रष्टरूपमा र प्रेरणादायी तरिकाले सिकाउनुभयो । येशूको सेवकपद त्यो खुट्टा धुवाइमा मात्र होइन, तर पापहरू पखालेर हटाउनको लागि उहाँले क्रूसमा मृत्युवरण गर्नुभएको घटनामा पनि देखियो । रेले हाम्रो झुण्डलाई सुसमाचारको प्रकाशमा एकअर्काप्रति त्यस्तै नम्र सेवा गर्न आह्वान गर्नुभयो ।

दोस्रो, र सायद अझ महत्वपूर्ण कुरा, म त्यो प्रवचन सम्झन्छु किनभने मैले सेवकपदसम्बन्धी शब्दहरू सुन्दाखेरि मैले ती प्रचारकमा पनि नम्रता, सेवा र स्वबलिदान देखें । रेको अबिरल क्रिश्चियन जीवनले मलाई उहाँको सन्देश सुन्न बाध्य पाऱ्यो ।

अध्याय ४ मा, हामीले बाटो बिराएका सदस्यहरूलाई फर्काएर ल्याउने एल्डरको ठूलो जिम्मेवारीको बारेमा चर्चा गर्‍यौं । यो एउटा सम्वेदनशील काम हो किनभने चर्चदेखि बरालिएका सदस्यहरू प्रायः कमजोर र चोटैचोटले भरिएका हुन्छन् । फलस्वरूप, तिनीहरूले अरूलाई भरोसा गर्न प्रायः कठिन हुन्छ । त्यसैले विवादास्पद चरित्र भएको गोठालाले अनुगमन गर्दाखेरि हराएको भेडाले सम्भवतः भरोसा गर्दैन । एल्डरले आफैलाई निरन्तर हेरचाह गर्न सक्दैन भने उसले एउटा भेडालाई "हेरचाह" गर्ने कामलाई त्यो भेडाले कसरी गम्भीररूपमा लिन सक्दछ र ?

हामी यसलाई एक कदम अगाडि लैजान सक्दछौं । यदि पास्टरको कपटीपना चर्चभन्दा बाहिर पनि थाहा हुन्छ भने त्यसले अरूलाई शनिबार चर्चमा भेला हुनमा पनि बाधा पार्दछ । "योबाहेक, बाहिरकाहरूबाट पनि उनले असल नाम पाएको हुनुपर्छ; नत्र त उनी निन्दा र शैतानको पासोमा पर्लान्" (१ तिमोथी ३:७) ।

अध्याय ५ मा, दृढ विश्वासका साथ तर नम्रताका साथ अगुवाइ गर्नुबीचको तनावसँग हामीले सङ्घर्ष गर्‍यौं । फेरि पनि, धर्मी चरित्र नै मुख्य कडी हो । जसरी पत्रुसले भने, "तिमीहरूका बीचमा भएको परमेश्वरको बगाललाई रेखदेख गर्दै गोठाला गर,....परमेश्वरको सम्पत्तिमाथि हक नचलाओ, तर बगालका निम्ति नमुनाहरू बन" (१ पत्रुस ५:२-३) । उदाहरण हुनुचाहिँ नतर्साउने व्यक्ति हुनु हो । एल्डरहरू येशूजसरी जिउँदा र तिनीहरूले उहाँले जसरी प्रेम गर्दा तिनीहरू अहङ्कारी वा हैकम चलाउने भनी चिनिँदैनन् । बरू, तिनीहरूले येशूले बनाइदिनुभएको नम्रता धारण गर्दछन्

जसले तिनीहरूलाई नैतिक अधिकार दिन्छ र चर्चले त्यसलाई सहर्ष स्वीकार गर्दछ। अगुवाइ गर्न नै चाहने हो भने एल्डरहरूले उदाहरणद्वारा अगुवाइ गर्नुपर्दछ।

अन्त्यमा, हामीले अध्याय ६ मा धेरैजना एल्डरहरू हुने विषयमा चर्चा गर्‍यौं । निरीक्षकहरूले व्यक्तिगतरूपमा मात्र होइन तर समूहको रूपमा पनि उदाहरण देखाउँदछन्। तपाईंको एल्डर समूहलाई लघु चर्चको रूपमा सोच्नुहोस्। गोठालाहरूले अन्तरक्रिया गर्ने, समस्याहरू समाधान गर्ने, एकताको निम्ति मेहनत गर्ने र मिलेर चुनौतीहरूको सामना गर्ने तरिका त सारा चर्चले होडबाजी गर्ने ज्वलन्त नाटक हुनुपर्दछ। एउटा एल्डर समूह सामूहिकरूपमा यसो भन्न सक्षम हुनुपर्दछ, "हामीले मिलेर ख्रीष्टको देखासिकी गरेझैं हाम्रो देखासिकी गर्नुहोस्।"

एकपटक मैले हाम्रो चर्चमा बाइबलीय अगुवापनबारे पढाएँ। त्यो कक्षाकै एउटा अंशको रूपमा, हामी एल्डरको चलिरहेको बैठकमा "स्थलगत भ्रमण" गर्न गयौं । पछि, त्यो कक्षाका सदस्यहरूले त्यो अनुभवको बारेमा एकअर्कालाई बताए । ती एल्डरहरूले एकअर्काप्रति देखाएका प्रेम, नम्रता र दयाको साथसाथै चर्चका सदस्यहरूको निम्ति प्रार्थना गर्दा तिनीहरूले देखाएका साँचो वास्ताको बारेमा ती विद्यार्थीहरूले चर्चा गरे । उक्त कक्षाका कतिजनाले त त्यो बैठकमा एल्डरहरूबाट कुनै भिन्दै कुरा, उच्च शक्तिशाली, सामूहिक र भयभीत पार्ने कुनै कुरा देख्ने अपेक्षा गरेका रहेछन्। त्यसको विपरीत, तिनीहरूले एल्डरहरूका प्रतिक्रियाहरूमा कुनै भिन्दै कुरा भेट्टाए जुन येशूजस्तै देखिन्थ्यो। त्योचाहिँ हाम्रा निरीक्षकहरूको निम्ति एउटा असल रात थियो।

कसरी धार्मिकताको जीवनरक्त एल्डरले गर्ने हरेक काममा बग्नुपर्दछ भन्ने के तपाईं देख्नुहुन्छ ? तर यदि कोही एल्डरले प्रभुप्रति अनाज्ञाकारी भएर आफ्नो इमानदारितामा सम्झौता गर्दछ भने उसको सेवकाइ मर्दछ। प्रभु येशूसँगको एक एल्डरको हिँडाइ त्यो धागो हो जसमा उसको कार्य विवरणका सबै मोतीहरू झुण्डिन्छन् । त्यो धागो काट्नुहोस् र ती मोतीहरू भुइँमा झरेर जताततै छरिन्छन् । एक एल्डर निपुण, अनुभवी र चामत्कारिक होला, तर यदि उसले येशूलाई राम्रोसँग झल्काउँदैन भने उसको अपरिपक्वताले अन्ततः उसको दानलाई ओझेलमा पारिदिनेछ । एक एल्डरको परिचयले उसको व्यवहारलाई श्रेय र शक्ति प्रदान गर्दछ । त्यसले चाहिँ किन बाइबलले एल्डरहरूको निम्ति यति गहन योग्यता प्रस्तुत गर्दछ भन्ने कुरा व्याख्या गर्दछ जुन कुरा हामीले अध्याय १ मा देख्यौं । साथै ती योग्यताहरू खास गरी अनुकरणीय चरित्रमाथि केन्द्रित हुनुका कारणहरू पनि त्यसले व्याख्या गर्दछ। एक एल्डर "निर्दोष" हुनुपर्दछ (१ तिमोथी ३:२) । उसको सम्पूर्ण सेवकाइ त्यसमाथि निर्भर हुन्छ ।

## तपाईंको जीवनको ख्याल गर्नुहोस्

एल्डरहरू चर्चको लागि उदाहरणहरू हुनुपर्दछ भन्ने कुरा अत्यन्त महत्वपूर्ण हो, तर हामी एल्डरको कार्यविवरणमा अर्को एउटा महत्वपूर्ण कर्त्तव्य नथपीकन यो अध्यायलाई टुङ्ग्याउन सक्दैनौं: हरेक एल्डरले पवित्रता, प्रेम र आत्मिक परिपक्वतालाई निरन्तर खोजिरहनुपर्दछ । येशूले जसरी अगुवाइ गर्नको निम्ति एल्डरहरू बढीभन्दा बढी येशूजस्तै देखिनुपर्दछ ।

पावलले तिमोथीलाई यसो भने: "आफ्नो विषयमा र शिक्षाको विषयमा होसियार रह, तिनीहरूमा लागिरह; किनकि यसो गर्नाले तिमीले आफैलाई र तिम्रा कुरा सुन्नेहरूलाई पनि बचाउनेछौ" (१ तिमोथी ४:१६)। त्यो एउटा आश्चर्यजनक भनाइ र एउटा ठूलो जिम्मेवारी हो। पावल भनिरहेका थिए कि पास्टरले आफ्नो जीवन र शिक्षणप्रति ध्यान दिएर आफ्नै प्राण र अरूका प्राणहरूको मुक्तिमा परमेश्वरले दिनुभएको भूमिका निभाउँदछन्।

शिक्षणको भागचाहिँ हाम्रो लागि कम अचम्भलाग्दो होला। मानिसहरूले बाइबलबाट सिकाइने सुसमाचार सुनेर उद्धार पाउँदछन्, त्यसैले यदि चर्चको अगुवाले आफ्नो शिक्षालाई त्रुटिरहित बनाउन मेहनत गर्दछ भने त्यो शिक्षणचाहिँ परमेश्वरको उद्धार दिलाउने अनुग्रहको लागि एउटा माध्यम बन्न सक्दछ।

तर गोठालाको जीवनको बारेमा नि ? उसको जीवनप्रति र "वचनमा, चालचलनमा, प्रेममा, आत्मामा, विश्वासमा, शुद्धतामा.... नमुना" हुने (पद १२) परिचयप्रति ध्यान दिएर, उसले आफ्नै मुक्तिमा र उसको झुण्डका मानिसहरूको मुक्तिमा केही भूमिका खेल्दछ। परमेश्वरका आत्माले चर्चका अन्य मानिसहरूको मुक्ति गराउनको निम्ति कसै गरी एक निरीक्षकको सुव्यवस्थित जीवनलाई चलाउनुहुन्छ। त्यसकारण, नमुना देखाउनु र देखासिकी गर्नु ऐच्छिक कुरा होइनन्। ती त हामीले स्थानीय चर्चमा मिलेर आत्मिक प्रगति गर्ने तरिकाको मुख्य भाग हुन्।

त्यसैले एल्डर दाजुभाइ हो, सबैभन्दा बढी त तपाईंको जीवनको ख्याल राख्नुहोस्। यदि तपाईंले पावलसँगै "मैले ख्रीष्टको

देखासिकी गरेझैं मेरो देखासिकी गर" भन्ने आशा राख्नुहुन्छ भने (१ कोरिन्थी ११:१) पहिला तपाईंले तिनीसँगै यो घोषणा गर्नुपर्दछ, "म मेरो शरीरलाई मुक्का लाउँछु र वशमा ल्याउँछु, नत्र ता अरूलाई प्रचार गरेर कुनै हिसाबले म आफैचाहिँ बेकम्मा ठहरिनेछु" (१ कोरिन्थी ९:२७)।

तपाईंको प्राणलाई र तपाईंका बेकम्मा तुल्याउने प्रवृत्तिहरूलाई जानिराख्नुहोस्। तपाईंको हृदयको भित्ताका कमजोर ठाउँहरूबारे सचेत रहनुहोस् जहाँ परीक्षाहरूले आक्रमण गर्न पुग्दछन्। पापसँग निरन्तर लडाइँ गरिरहनुहोस् र त्यसलाई भेट्टाउने बित्तिकै पवित्र आत्माको शक्तिले त्यसलाई मार्नुहोस् (रोमी ८:१३)। पवित्र आत्मासँग हिँड्नुहोस् (गलाती ५:१६) ताकि शरीरका कामहरू ओइलाऊन् र पवित्र आत्माको फल पाकोस् (पदहरू १९-२३)। परमेश्वरको वचनले तपाईंको मन नयाँ पारोस् ताकि तपाईंले निरन्तर नयाँ शरीर धारण गर्न सक्नुहोस् (एफिसी ४:२२-२४)। तपाईंको शरीरलाई दिनहुँ जिउँदो बलिदानको रूपमा अर्पण गर्नुहोस् (रोमी १२:१-२)।

## सुसमाचारलाई अगाडि बढाउनुहोस्

तपाईं एल्डर हुनुभएको हुनाले तपाईं अन्तिम लक्ष्यमा पुग्नुभयो भन्ने नठान्नुहोस्। त्यो त ठीक उल्टो पो हो: चर्चको निरीक्षक हुनुले त तपाईंले येशूको देखासिकी गर्ने कार्यमा अगाडि बढ्न तपाईंलाई थप हौसला दिनुपर्दछ।

तपाईंको झुण्डले एक धर्मी एल्डरलाई मात्र होइन, तर एक वृद्धिरत एल्डरलाई पनि देख्नुपर्दछ। पावलले तिमोथीलाई भने कि

तिमोथीले आफ्नो जीवनप्रति ध्यान दिनेमात्र होइन, तर सार्वजनिक सुधार पनि गर्नुपर्दथ्यो: "यी कुराहरूमाथि मनन गर; यिनीहरूमा लागिरह, र तिम्रो प्रगति सबैकहाँ देखा परोस्" (१ तिमोथी ४:१६)। के यो रोचक होइन र ? तपाईंको झुण्डले सिद्धता होइन प्रगति देख्नुपर्दछ। येशूले सिद्धतालाई ढाकिसक्नुभएको छ। तपाईं ख्रीष्टमा कति वृद्धि हुनुभएको छ भन्ने कुरालाई मात्र होइन, तर त्यत्तिकै महत्वपूर्ण पक्ष, तपाईं अझै वृद्धि भइरहनुभएको छ भन्ने सत्यतालाई पनि चर्चले देखासिकी गर्नुपर्दछ।

अर्को शब्दमा, सुसमाचारले तपाईंको जीवनलाई अझै पनि रूपान्तरण गरिरहेको चर्चले देख्नुपर्दछ। तपाईंले पनि नियमितरूपमा पापको पश्चात्ताप गर्नुहुन्छ भनी भेडाहरूले जान्नुपर्दछ। तपाईंको प्राणमा येशूको पुनर्जीवनको पराक्रम आओस् भनी तपाईंले प्रार्थनामा पुकारा गर्नुभएको तिनीहरूले सुन्नुपर्दछ। तपाईंले दिनहुँ बाइबल पढ्नुहुन्छ र प्रार्थना गर्नुहुन्छ भनी तिनीहरूले जान्नुपर्दछ। अनि तपाईं चर्चले नियुक्त गरेको महासन्त हुनुभएको कारणले होइन, तर दिनहुँ मन्ना नखाईकन तपाईंले हरेक दिन परीक्षाको सामना गर्ने वा प्रभुको सेवा गर्ने शक्ति पाउनुहुन्न भन्ने कुरा तपाईंले सिक्नुभएको हुनाले तपाईं त्यो कार्य गर्नुहुन्छ।

सुसमाचारमा आधारित प्रगतिको नमुना देखाएर तपाईंले चर्चका सदस्यहरूलाई आफूभन्दा अघिल्तिर हेर्न लगाउनुहुन्छ: तपाईंले तिनीहरूको नजर येशूतिर लगाइदिनुहुन्छ जसको स्वरूपमा नै हामी रूपान्तरित हुँदैछौं।

## ८

# बगालको निम्ति अन्तरबिन्ती गर्नुहोस्

अगाडिका सात अध्यायहरूमा हामीले एल्डरहरूको कामको बाइबलीय विवरणलाई केलाएर हेर्‍यौं। उक्त कार्यविवरणको सारांश बनाउने प्रयासमा, हामीले भनेका छौं कि चर्चका सदस्यहरूलाई गोठालो गरेर बढीभन्दा बढी ख्रीष्टजस्तै परिपक्व बनाउनु नै एल्डरको काम हो । तैपनि, हामी यो पनि भन्न सक्दछौं कि एल्डरहरूलाई येशूले जसरी स्थानीय चर्चहरूको गोठालो गर्न को लागि बोलाइएको छ ।

एल्डरले गर्ने मेहनतहरूले येशूले चेलाहरूप्रति गर्नुभएको सेवकाइका धेरैवटा नमुनाहरूलाई पछ्याउँदछन् । येशूले परमेश्‍वरको वचन सिकाउनुभयो; एल्डरहरूले त्यही वचन सिकाउँछन् । येशू हराएकाहरूलाई खोज्न र उद्धार गर्नको लागि स्वर्गबाट आउनुभयो; त्यसैगरी एल्डरहरूले बरालिएकाहरूलाई खोज्दछन्, कहिलेकाहीँ आफैलाई हानि पुर्‍याएर पनि । प्रभु येशूले परमेश्‍वरको स्वरूपलाई सिद्धरूपमा प्रकट गर्नुहुन्छ; एल्डरहरूले यस्तो तरिकाले येशूको नक्कल गर्न खोज्दछन् जसले तिनीहरूलाई चर्चका सदस्यहरूको सामु उदाहरण बनाइदिन्छ । येशूले जसरी सिकाएर, अगुवाइ गरेर, खोजेर, सेवा गरेर र नमुना देखाएर एल्डरहरूले येशूले जस्तै गरी चर्चहरूको गोठालो गर्दछन् ।

तर हामी कुनै कुरा बिर्सिरहेका छौं । एल्डरहरूले येशूको सेवकाइको अर्को "आधा भाग" को पनि नक्कल गर्नुपर्दछ। येशूले जसरी गोठालो गर्नु भनेको येशूले जसरी प्रार्थना गर्नु हो:

> तर उहाँको कीर्ति झन् बढ्ता गरी चारैतिर फैलियो; अनि ठूला-ठूला भीडहरू सुन्नको लागि र उहाँद्वारा आ-आफ्ना रोगबाट निको पारिनको लागि भेला भए। अनि उहाँ सुनसान ठाउँहरूमा जानुहुन्थ्यो, र प्रार्थना गर्नुहुन्थ्यो। (लूका ५:१५-१६)

यी पदहरूले येशूले कष्ट भोग्नुभएको समयसम्म उहाँले गर्नुभएको सेवकाइको सारांश प्रदान गर्दछन् । हामी उक्त सारांशको पहिलो अर्धभाग अर्थात् उहाँको सार्वजनिक सेवकाइसँग परिचित छौं, किनभने सुसमाचारका पुस्तकहरूले यसको बारेमा धेरै नै व्याख्या गर्दछन्। येशूले सिकाइरहनुभएको, आश्चर्यकर्महरू गरिरहनुभएको र मानिसहरूका माझमा सेवा गरिरहनुभएको हामी बारम्बार देख्दछौं ।

तर उक्त सारांशको अर्को आधा भागको बारेमा नि, जसले कसरी येशू प्रार्थना गर्नको लागि एकान्तमा "प्राय:" जानुभयो भनी व्याख्या गर्दछ ? हामीलाई त्यो पक्षको बारेमा त्यति धेरै थाहा छैन, विशेषगरी यसकारणले कि सुसमाचारका लेखकहरूले येशूको प्रार्थनाको जीवनबारे धेरै विस्तृतरूपमा बताएका छैनन् । तर हामीले ध्यान दियौं भने येशूको सेवकाइको यो कम चर्चा गरिएको तर अभिन्न पक्षका झलकहरू बारम्बार पाउन सकिन्छ। लूकाकै लेखोटहरूमा हेरौं त:

- येशूले आफ्नो बप्तिस्माको समयमा प्रार्थना गर्नुभयो, जति

बेला स्वर्ग उघ्रियो, पवित्र आत्मा ओर्लिआउनुभयो र पिता बोल्नुभयो (३:२१-२२) ।

- येशूले प्रार्थना गर्नकै लागि होला, एउटा उजाडस्थानमा गएर कपर्नहुममा सेवकाइको अति व्यस्त दिन सुरु गर्नुभयो (४:४२; सन्दर्भ ५:१६) ।
- उहाँले बाह्रजना प्रेरितहरू चयन गर्नुभन्दा अघिल्लो रातभरि बाहिर गएर प्रार्थना गर्नुभयो (६:१२) ।
- येशूले ती चेलाहरूसँग गोप्यरूपमा प्रार्थना गर्नुभयो (९:१८), अनि प्रार्थना गर्नको लागि पत्रुस, याकूब र यूहन्नालाई डाँडामा पनि लैजानुभयो, जहाँ नै तिनीहरूले उहाँको रूप परिवर्तन भएको देखे (९:२८) ।
- येशूले गर्नुभएको अन्तरबिन्तीको उदाहरण देखेर चेलाहरूले प्रार्थना गर्न सिकाइदिन उहाँसँग बिन्ती गरे (११:१), त्यसैले उहाँले तिनीहरूलाई प्रभुको प्रार्थना दिनुभयो ।
- उहाँले तिनीहरूलाई "सदैव प्रार्थना गर्न र निरुत्साहित नहुन" प्रेरणा दिनको निम्ति अटल विधवाको दृष्टान्त भन्नुभयो (१८:१) ।
- क्रूसमा टाँगिनुभन्दा केही घण्टा अगाडि येशूले पितासँग बिन्ती गरेर गेतसमनीमा परीक्षाको सामना गर्नुभयो (२२:३९-४४) ।
- लूकाकै अर्को पुस्तक, प्रेरितको पुस्तकमा, येशू स्वर्ग प्रस्थान गर्नुभएपछि प्रेरितहरू "प्रार्थनामा एकैमनको भएर लागिरहे" (१:१४) ।
- चर्च स्थापना र आकारमा वृद्धि भएपछि, प्रेरितहरूले थाहा

पाए कि झुण्डका व्यावहारिक खाँचोहरूको हेरविचार गर्दाखेरि प्रार्थनाको समय हराइगयो । त्यसैले तिनीहरूले चर्चको वृद्धिरत प्रशासनिक खाँचोहरू सम्हाल्नको लागि सातजना पुरुषहरू नियुक्त गर्ने प्रस्ताव राखे (६:१-३) । त्यसरी फेरि पाएको समय र शक्तिलाई ती प्रेरितहरूले के गर्नेथिए ? तिनीहरूले भने, "हामी त प्रार्थनामा र प्रचारको सेवामै लागि पर्नेछौं" (पद ४) ।

प्रेरितहरूले येशूको नमुनालाई अर्थात् प्रचार र प्रार्थना गर्ने दुई-पत्रे सेवकाइलाई अगाडि बढाए ।

प्रेरितहरू र प्रभु येशूले समेत यति जानीबुझीकन प्रार्थना गर्नमा आफ्नो अति धेरै शक्ति लगाउनुभएको देख्दा के तपाईंलाई अनौठो लाग्दछ ? के पितासँगको वार्तालापले येशू र उहाँका प्रेरितहरूको जस्तै तपाईंको पनि जीवन र सेवकाइलाई चिनाउँदछ ?

## प्रार्थनामा जिउनु

हाम्रो प्रार्थना गर्ने बानी येशूले पितासँग गर्नुभएको व्यक्तिगत सङ्गतिको नमुनाले प्रेरित हुने मात्र होइन, गोठालो गर्ने अति व्यस्त कामले त्यो बानीलाई अगाडि धकेल्नु पनि पर्दछ । पास्टरीय सेवकाइले तपाईंलाई कुनै न कुनै तरिकाले घुँडा टेक्न लगाउन सक्दछ ।

म आशा गर्दछु कि यतिखेर तपाईंले एउटा झुण्डको निरीक्षण गर्ने पक्षलाई सकारात्मक भयका साथ हेर्नुहुन्छ । त्यो काम थकाउने हुन सक्दछ । मानिसहरूलाई सिकाउने, सल्लाह दिने,

सुधार्ने, खोज्ने र अगुवाइ गर्ने कामले धेरै समय लिन्छ र प्राणलाई नै थकित तुल्याउन सक्दछ । अनि पास्टरीय सेवकाइ जति धेरै गरिए तापनि त्यो सेवकाइमा गर्न सकिने काम सदैव नै अझ धेरै हुन्छ । एक एल्डरले सदैव अर्को एक कल फोन गर्न, अर्को व्यक्तिलाई चेलापनमा हुर्काउन, वा अरू कसैलाई खाना खानको लागि निम्तो दिन सक्दछ । एउटा गोठालाले पूरा भयो भन्ने शब्दलाई कसरी परिभाषित गर्दछ ?

एल्डरहरू सजिलैसँग सल्लाहकार ढाँचातर्फ फर्कनु कुनै अचम्भको कुरा होइन । केही घण्टासम्म कुनै टेबलको वरिपरि बस्न, केही नीतिहरूबारे छलफल गर्न र केही रायहरू सङ्कलन गर्न अति नै सजिलो हुन्छ । "पूरा भयो" तब भनिन्छ जब बैठकलाई पछि सारिन्छ । तर जब तपाईं मानिसहरूप्रति पास्टरीय सेवकाइ गर्नुतर्फ लाग्नुहुन्छ, चाहे तपाईं तबली सेवक हुनुहोस् चाहे साधारण निरीक्षक, तपाईंले आफ्नो समय, शक्ति, ज्ञान र दानका कमीहरू प्रष्टरूपमा देख्नुहुन्छ । आशा गरौं, त्यो अवस्थाले तपाईंलाई परमेश्वरसँग सहायताको निम्ति पुकारा गर्न लगाओस् । एल्डरहरूको लागि, प्रार्थना गर्नु त एउटा कर्त्तव्यमात्र हुँदैन, यो त जीवित रहनको लागि एउटा महत्वपूर्ण रणनीति नै हो ।

तर कामको क्षेत्रले मात्र एल्डरहरूलाई प्रार्थना गर्नतर्फ धकेल्नुपर्ने होइन, यो त उक्त कामको लक्ष्य पनि हो । हामीले अध्यायमा २ मा देखेका थियौं, एल्डरहरूले चर्चका सदस्यहरूलाई परिपक्व बनाउने लक्ष्य राख्दछन्, तैपनि कसैलाई पनि आत्मिकरूपमा उन्नति गराइदिने कुनै शक्ति तिनीहरूमा हुँदैन । निरीक्षकहरूले

बाइबल सिकाउन सक्दछन्, तर तिनीहरूले मानिसहरूलाई त्यो शिक्षालाई हृदयदेखि नै पालन गर्न सक्ने बनाउन भने सक्दैनन् । एक एल्डरले झगडा गरिरहेका सदस्यहरूलाई पुनर्मिलाप गर्ने अर्ती दिन सक्दछ, तर उसले कुनै पनि पक्षलाई क्षमा दिने बनाउन सक्दैन । परमेश्वरले एल्डरहरूलाई एउटा लक्ष्य दिनुभएको छ जुन परमेश्वर स्वयंले मात्र पूरा गर्न सक्नुहुन्छ । जसरी पावलले गोठालोको आराधना गर्ने कोरिन्थको चर्चको बारेमा स्मरण गराए: "मैले रोपेँ, अपोल्लोसले पानी लगाए, तर परमेश्वरले बढाउनुभयो । यसकारण न त रोप्ने केही हो, न त पानी हाल्ने, तर परमेश्वरले नै हुनुहुन्छ जसले बढाउनुहुन्छ" (१ कोरिन्थी ३:६-७) ।

हाम्रो आत्मिक असक्षमताले हामीलाई परमेश्वरसँग हाम्रा झुण्डहरूमा वृद्धि गराइदिने शक्तिको निम्ति पुकारा गर्न लगाउनुपर्दछ । एलियाजस्तै, हामीले वेदीको मर्मत गर्न र बलिदान तयार पार्न सक्दछौं, तर परमेश्वरले नै मानिसहरूका हृदय र जीवनमा उहाँका आत्माको आगो पठाइदिनुपर्दछ (१ राजा १८:३०-३९ हेर्नुहोस्) ।

एल्डरको अति खट्नुपर्ने काम र मानवीयरूपमा सफलता हासिल गर्न असम्भव हुने कार्यविवरणको शर्तले उसलाई स्वर्गतिर फर्केर सहायता माग्न लगाउन सक्दैनन् भने एकपटक ऐनामा हेर्नुले त्यो काम पूरा गर्नुपर्दछ । आफ्नो बारेमा एक रति भए पनि सचेत हुने एल्डर यो कुरा जान्दछ कि पाप गर्ने उसका आफ्नै प्रवृत्तिहरूले उसको सेवकाइलाई डुबाइदिन सक्दछन् । उसले

बाइबल खोल्दछ र उसको हृदय अब्राहामको धोका, दाऊदको कामवासना, एलियाको निराशा, हिजकियाहको घमण्ड र पत्रुसको धोकामा झल्किएको देख्दछ । अनि त्यतिले पनि पुगेन भने उसले पढ्दछ कि त्यहाँ एउटा सिंह छ जो थुमाको लालसा गर्दै घुमिहिँड्छ (१ पत्रुस ५:८) । एक एल्डरले आफू तिर्खाएको, घाइते, हराएको, शिकार गर्न खोजिएको भेडा हो भनी महसुस गर्दा उसले असल गोठालाको सहायताको निम्ति भ्या-भ्या गर्दछ ।

हो, येशूको उदाहरणले हामी एल्डरहरूलाई प्रार्थना गर्न लगाउँदछ । तर पास्टरीय सेवकाइका मागहरू र हाम्रा आफ्नै कमजोरीहरूले पनि हामीलाई त्यो असम्भव काम पूरा गरिदिनको लागि प्रभु येशूसँग बिन्ती गर्न लगाउनुपर्दछ । निरीक्षकहरूले येशूले जसरी गोठालो गर्न सकौं भनेर मात्र प्रार्थना गर्दैनन्, तर हामी प्रार्थना गर्दछौं किनभने हामीद्वारा र हामीप्रति गोठालो काम गर्नको लागि हामीलाई येशू चाहिन्छ । एक एल्डरको सेवकाइको जीवन प्रार्थनामा रहेको हुन्छ ।

## प्रार्थनाको अभ्यास गर्नु

एल्डरको प्रार्थनाले ओतपोत भएको सेवकाइ कस्तो देखिन्छ ? येशूद्वारा अभिप्रेरित र जिम्मेवारीहरूद्वारा व्याकुल बनाइएका एल्डरहरूले प्रार्थनाको मात्रालाई कसरी बढाउँदछन् ?

प्रार्थनालाई तपाईंको पहिला नै अति व्यस्त भइसकेको समयतालिकामाथि थुपारिदिइएको एउटा अतिरिक्त क्रियाकलापको रूपमा नसोच्नुहोस् । बरू, यसलाई त त्यो काम गर्ने प्रणालीको रूपमा सोच्नुहोस् जसमा एल्डरका सबै एप्सले काम गर्दछन् ।

जसरी पावलले भने, "निरन्तर प्रार्थना गर" (१ थेसलोनिकी ५:१७)। प्रार्थना तब उत्कृष्ट हुन्छ जब त्यो परमेश्वरमाथि भरोसा गरिने एउटा अबिरल अवस्थाको मौखिक बाढी नै हुन्छ। चरित्रजस्तै, प्रार्थना पनि एल्डरले गर्ने हरेक कुरा भएर बग्नुपर्दछ। यो त नियमित आत्मिक श्वासप्रश्वासजस्तो हुनुपर्दछ जसले पवित्र आत्माको जीवनलाई हाम्रा जीवन र मेहनतहरूमा ल्याइदिन्छ।

यहाँ अन्तरबिन्तीलाई तपाईंको एल्डरको कामको लुगामा बुन्ने चारवटा सम्भावित विधिहरू छन्।

## सार्वजनिक प्रार्थना

सार्वजनिक अगुवापनको कुनै पनि क्षणलाई प्रार्थना गर्ने बहानाको रूपमा प्रयोग गर्ने प्रयास गर्नुहोस्। प्रार्थना गर्न मौका खोज्ने व्यक्ति बन्नुहोस्। चाहे तपाईंले प्रभुभोज दिन लाग्नुभएको होस्, बाइबल अध्ययनमा सिकाउन लाग्नुभएको होस्, सेवकाइको तालिम सेमिनारमा बोलिरहनभएको होस्, चाहे चर्चको बैठक सञ्चालन गरिरहनुभएको होस्, त्यो क्षणमा तपाईंको अधिकारलाई प्रयोग गरेर तपाईंसँग भेला भएको समूहको तर्फबाट प्रार्थना गर्नुहोस्। समस्या समाधान गर्ने सामूहिक क्रियाकलापमा चर्चका अन्य सदस्यहरूसँग हुनुहुँदा यसो भन्नुहोस्, "सायद हामी रोकिनुपर्छ होला र परमेश्वरसँग सहायता माग्नुपर्दछ होला।" तपाईंले प्रार्थना गर्न पाउनुहुन्छ कि भनेर तपाईंको झुण्डको कुनै पनि भेलामा सोध्नुभयो भने कसैले पनि कहिल्यै पनि विरोध गर्नेछैन।

प्रार्थनाको आफ्नै महत्व त छँदैछ, तर सार्वजनिक भेलाहरूमा अन्तरबिन्तीलाई पनि समावेश गर्नुले तपाईंलाई प्रार्थना गर्ने तरिका नमुनासहित मानिसहरूलाई सिकाउने मौका दिन्छ। त्यसैले तपाईंले भेला भएका सदस्यहरूको तर्फबाट प्रार्थना गर्नुहुँदा हृदयदेखिको, सन्तुलित प्रार्थना प्रदर्शन गर्ने प्रयास गर्नुहोस् । झुण्डमा रहेका व्यक्तिगत खाँचोहरूको निम्ति मात्र होइन, तर अन्य चर्चहरूको लागि र तपाईंको क्षेत्रमा अरू चर्चहरू पनि स्थापित होऊन् भनी अवश्य प्रार्थना गर्नुहोस् । तपाईंको देशमा हुन लागेको चुनावको लागि मात्र होइन, तर विश्वभरि नै सुसमाचारको काम होस् भनी प्रार्थना गर्नुहोस् । दैनिक भोजनको लागि प्रार्थना गर्नुहोस्, तर परमेश्वरको राज्य आओस् र उहाँको इच्छा पूरा होस् भनेर पनि प्रार्थना गर्न नबिर्सनुहोस् । अनि बाइबलमा उल्लेखित अधिकांश प्रार्थना सुरु भएकै तरिकाले तपाईंका प्रार्थनाहरू सुरु गर्ने प्रयास गर्नुहोस्, जस्तै, परमेश्वरको चरित्र र कामहरूको महिमा गर्दैः "तपाईंको नाम पवित्र होस्" (मत्ती ६:९) । परमेश्वरको अनुग्रहले, तपाईंले बाइबलीय नमुनाहरूको नक्कल गर्नुहुँदा ती मानिसहरूले तपाईंका प्रार्थनाहरूको नक्कल गर्नेछन् ।

सार्वजनिकरूपमा प्रार्थना गर्नुहुँदा तपाईंले प्रार्थना गर्ने तरिकाको नमुनामात्र देखाउनुभएको हुँदैन, तपाईंले परमेश्वरमाथि निर्भर भएको व्यवहार पनि देखाउनुहुन्छ । यदि आत्मिक अगुवाले "हामीलाई परमेश्वरको सहायता चाहिन्छ" भन्दछ भने उसले चेलाहरूलाई एउटा शक्तिशाली सन्देश दिन्छ । यसरी परमेश्वरमाथि निर्भर हुने सार्वजनिक प्रार्थना हैकम नजमाईकन अगुवाइ गर्ने अझै अर्को तरिका पनि हो ।

सेमिनारीमा छँदा मैले मेरेडिथ क्लाइन नाम गरेका प्राध्यापकको मातहतमा रहेर अध्ययन गरेँ। मैले उहाँको कक्षा शुरु गर्ने बेलामा उहाँ सेवानिवृत्त हुनै लाग्नुभएको थियो। बाइबलीय ईश्वरशास्त्रको क्षेत्रमा उहाँको विद्वता देखेर उहाँको प्रशंसा गरिन्थ्यो। बाइबलको समग्र कथा आपसमा कसरी मेल खान्छ भन्ने कुरा बुझ्न र व्याख्या गर्नमा उहाँ अति जोशिलो हुनुहुन्थ्यो। उहाँको वृहद् ईश्वरशास्त्रीय रूपरेखाले मलाई मेरो बाइबललाई सिङ्गो कथाको रूपमा पढ्न सहायता गऱ्यो। त्यसले मलाई प्रभावितमात्र तुल्याएन: तर डा. क्लाइनले त उहाँको प्रार्थना गराइद्वारा मलाई प्रभावित तुल्याउनुभयो।

उहाँले हरेक कक्षा प्रार्थना गरेर सुरु गर्नुहुन्थ्यो। उहाँको आवाज सुक्खा, खस्रो, केही मात्रामा मधुरो थियो जुन सार्वजनिकरूपमा अन्तरबिन्ती गर्ने कामको निम्ति त्यति सुहाउँदो थिएन। अनि उहाँले लामो प्रार्थनाहरू गर्नुहुन्थ्यो। डा. क्लाइनीले प्राय: दश मिनट वा बढी नै प्रार्थना गर्नुहुन्थ्यो। तैपनि परमेश्वरसँगको उहाँको वार्तालाप अति रोचक हुन्थ्यो। उहाँले प्रार्थना गर्दा, उहाँले आफूमा भएको बाइबल र ईश्वरशास्त्रको गहिरो ज्ञानलाई परमेश्वरको आराधना र श्रद्धामा ढाल्नुभएको जस्तै हुन्थ्यो। एक उच्च बौद्धिक व्यक्तिले आफूलाई परमेश्वरको महानताको सामु नम्र तुल्याइरहेको, परमेश्वरले येशूमा गर्नुभएको उद्धारको कामको लम्बाइ र चौडाइमा आनन्द मनाइरहेको म देख्दथेँ। ती साना वृद्ध मानिसले कक्षापिच्छे मेरो हृदयमा उहाँले जसरी नै परमेश्वरलाई जान्ने र उहाँसँग कुरा गर्ने लालसा उत्पन्न गराइदिनुभयो। उहाँले आफ्नो सार्वजनिक मञ्चलाई आफ्ना विद्यार्थीहरूका जीवनमा

ठूलो प्रभाव पार्ने गरी सार्वजनिकरूपमा प्रार्थना गर्ने मौकाको रूपमा चलाउनुभयो ।

थोरैजना एल्डरहरू वा पास्टरहरूसँग मात्र डा. क्लाइनको जस्तो गहिरो विद्वता हुन्छ । तर चर्चका निरीक्षकहरू सबैसँग सार्वजनिक स्थानहरू हुन्छन् जसलाई हृदयदेखिको, बाइबलीय प्रार्थना गर्नको लागि अनुग्रहका साथ अपहरण गर्न सकिन्छ। अनि त्यसको लागि पीएचडी चाहिँदैन ।

## प्रेष्विटर प्रार्थना

प्रार्थनालाई तपाईंको "प्रेष्विटर प्रार्थना" को अंश र भाग बनाउनुहोस् (प्रेष्विटर चाहिँ एल्डर अर्थ दिने अर्फै अर्को शब्द हो) । यो त कसैलाई सभाको "सुरु" र "अन्त्य" प्रार्थनाद्वारा गरिदिन अनुरोध गर्नुभन्दा पनि अगाडि बढ्ने समय हो । तपाईंहरू भेला हुनुहुँदा एकसाथ बसेर अन्तरबिन्ती चढाउने समय छुट्ट्याउनुहोस् । वास्तवमा, त्यसलाई वैठकको एजेन्डामा पहिलो विषय बनाउनुहोस् ।

साथै, वैठककै क्रममा बिनातयारीका प्रार्थनाहरू घुसाउन स्वतन्त्र हुनुहोस् । हाम्रा एल्डरहरूका बैठकहरूमा बबले त्यसो गर्ने तरिकाको म प्रशंसा गर्दछु । कतिपटक, हामीले गहन विषयहरूबारे छलफल गर्नुपर्दछ, जस्तै चर्चको कुनै सदस्यको विषयमा हृदयविदारक अवस्था वा प्रष्ट विकल्पहरू नभईकन गर्नुपर्ने कठिन निर्णयहरू । बबले प्रायः आफ्नो हात उठाउनुहुन्छ र भन्नुहुन्छ, "के हामी केहीबेर रोकिएर यसबारे प्रार्थना गर्न सक्दछौं ?" कठिन निर्णयहरू गर्नुचाहिँ मैले माथि उल्लेख गरेका

ती एल्डर एपहरूमध्ये एक हो, तर परमेश्वरमाथि निर्भर हुने प्रार्थना नै सबै काम गर्ने प्रणाली हो ।

तपाईंका एल्डरहरूका बैठकहरूलाई र तपाईंका सङ्गी एल्डरहरूलाई रूपान्तरण गर्ने एउटा सरल तरिकाचाहिँ एकसाथ बसेर तपाईंको चर्चको सदस्यताको सूचिबारे क्रमबद्ध तरिकाले प्रार्थना गर्नु हो । तपाईंहरूले त्यसो गर्नुहुँदा तपाईंका सदस्यहरूले तिनीहरूको निम्ति अरूले गरिदिने अन्तरबिन्तीबाट आउने आन्तरिक आशिष्हरूमात्र पाउँदैनन्, तर तपाईं र अन्य एल्डरहरूले आफूलाई चर्चको यान्त्रिक पक्षमाथि भन्दा चर्चका सदस्यहरूमाथि पुनः ध्यान केन्द्रित गर्नुहुन्छ । कोठा तातो बनाउने नयाँ यन्त्रमा कति खर्च गर्ने वा नगरको कुनै क्लबलाई चर्चको भवनमा कार्यक्रम गर्न दिने कि नदिने विषयमा वादविवाद गर्नुभन्दा चर्चका सदस्यहरूको निम्ति अन्तरबिन्ती गर्नुचाहिँ बढी सन्तोषजनक काम भएको एल्डरहरूले पाउनेछन् ।

मेरो चर्चका एल्डरहरूले यो सबै काम गर्न यसरी प्रयास गरेका थिए । म यसलाई तपाईंका एल्डरहरूका बैठकहरूमा प्रार्थनाको संरचना बनाउन सकिने एउटा तरिकाको रूपमा प्रस्तुत गर्दछु, तर यसलाई एकमात्र वा उत्कृष्ट तरिकाको रूपमा भने होइन । हाम्रा एल्डरहरू हरेक महिना औपचारिकरूपमा दुईपटक भेला हुन्छन् । महिनाको पहिलो मंगलबार हामी “प्रार्थना” सभा र तेस्रो मंगलबार “व्यावसायिक” सभा राख्दछौं । हाम्रा व्यावसायिक सभाहरूमा पनि बृहद्रूपमा नभए पनि हामी प्रार्थना गर्ने प्रयास गर्दछौं ।

प्रार्थना सभामा, हामी चर्चमा थाहा भएका खाँचोहरू प्रस्तुत गर्दछौं, हामी एल्डरहरूकै खाँचोहरू पनि । त्यसपछि बाँकी समयमा ती विषयहरूबारे र चर्चको सदस्यताको सूचिबाट धेरै नै व्यक्तिहरूको निम्ति प्रार्थना गर्दछौं । एल्डरहरूको प्रार्थना सभाचाहिँ सम्भवतः हाम्रो चर्चका सबैभन्दा मनपर्ने क्रियाकलापहरूमध्ये एक हो ।

एउटा अन्तिम विचारः तपाईंका सङ्गी एल्डरहरूलाई उपवास प्रार्थनाको विशेष समय बिताउनको लागि निम्तो दिने विषयमा सोचविचार गर्नुहोस् । हाम्रा एल्डरहरूले हाम्रो चर्चको जीवनमा कठिन क्षणहरूको सामना गर्दा हामी कहिलेकाहीँ एक हप्तासम्म उपवास प्रार्थना गर्दछौं । विभिन्न एल्डरहरूलाई उपवास बस्ने दिनहरू तोकिदिइन्छ ताकि हप्तैभरि उपवास बसियोस् । हामीले यस्तो अझ बारम्बार गर्नुपर्दछ ।

## व्यक्तिगत प्रार्थना

"व्यक्तिगत" प्रार्थना भन्नाले एक्लै प्रार्थना गर्नु भन्न खोजिएको होइन (हामी यसबारे "निजी प्रार्थना" अन्तर्गत चर्चा गर्नेछौं) । मैले त सदस्यहरूसँग व्यक्तिगतरूपमा बसेर प्रार्थना गर्नु पो भन्न खोजेको हुँ ।

फेरि, यो प्रार्थनाचाहिँ तपाईंको एल्डरले गर्नुपर्ने कामहरूको सूचिमा थप्नुपर्ने अर्को क्रियाकलाप होइन । बरू, यो त तपाईंको नियमित गोठाले कामको अंश हुनुपर्दछ । तपाईंले हरेकपटक चर्चको कुनै सदस्यसँग कुरा गर्नुहुँदा, व्यक्तिगतरूपमा त्यहीँ र त्यति बेला नै उसको वा उनको निम्ति प्रार्थना गर्ने प्रयास

गर्नुहोस् । तपाईंहरूले आपसमा कुराकानी गर्नुभएका विषयहरूलाई लिनुहोस् र तिनलाई परमेश्वरको सामु चढाउनुहोस्, चाहे तपाईं कफी पिउनको लागि कसैसँग भेट्घाट गरिरहनुभएको होस्, चाहे तपाईंको घरमा खाना खाएपछि कुराकानी गरिरहनुभएको होस् । शनिबारको सेवापछि तपाईं चर्चबाहिर उभिरहनुभएको छ र कुनै सदस्यले फिक्री वा कष्टको कुनै विषय बताउँदछ भने पनि त्यहीँ नै रोकिएर "के म यसको बारेमा अहिले नै प्रार्थना गर्न सक्दछु ?" भनेर सोध्ने प्रयास गर्नुहोस् । त्यसरी सोध्दाखेरि मलाई कसैले पनि अस्वीकार गरेको छैन ।

साथै, तपाईंको एल्डर समूहले याकूब ५:१४-१५ लाई व्यवहारमा उतार्ने एउटा तरिका पत्ता लगाउनुहोस्:

> "के तिमीहरूको बीचमा कोही बिरामी छ ? उसले मण्डलीका एल्डरहरूलाई बोलाओस्; अनि उनीहरूले प्रभुको नाममा उसलाई तेल घसेर उसका निम्ति प्रार्थना गरून् । अनि विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले उसलाई उठाउनुहुनेछ; अनि यदि उसले पापहरू गरेको भए तापनि उसलाई ती क्षमा हुनेछन् ।"

यी पदहरूले धेरैवटा रोचक प्रश्नहरू उब्जाउँदछन्, जस्तै, "के तपाईंले तेल प्रयोग गर्नुपर्दछ ?" "बिमारी र पापबीच के सम्बन्ध हुन्छ ?" र "एल्डरले बिरामीको निम्ति गरिदिने प्रार्थना क्षमादानसँग कसरी सम्बन्धित हुन्छ ?" यहाँ मेरो लक्ष्य यो पदको विस्तृत उल्था दिनु होइन । बरू, यतिमात्र सोध्नु हो, "के तपाईं र तपाईंका सङ्गी एल्डरहरूले कहिल्यै याकूबले भने जसरी

बिमारीहरूको निम्ति प्रार्थना गर्नुहुन्छ ?"

हाम्रा एल्डरहरूले यो कुराको अभ्यास गरेका छन् र धेरैजनाले भनेका छन् कि योचाहिँ तिनीहरूको एल्डर सेवकाइका महत्वपूर्ण कामहरूमध्ये एक हो । परमेश्वरले काम गर्नुभएको हामीले देखेका छौं । कहिलेकाहीँ परमेश्वरले बिरामी सदस्यहरूलाई केही समयको लागि धेरै नै आराम दिनुभएको छ । केही अवस्थाहरूमा, परमेश्वरले आश्चर्यजनक चङ्गाइहरू दिनुभएको जस्तो देखिन्छ जसले चिकित्सकहरूलाई अचम्भित तुल्याउँदै टाउको कन्याउन लगाएका छन् । अन्य अवस्थाहरूमा, परमेश्वरले शरीरमा कुनै चङ्गाइ दिनुभएको त मलाई थाहा छैन, तर त्यो बिरामी सदस्यले अगाडि बढ्नको लागि आत्मिकरूपमा सुरक्षा पाएको छ ।

मैले यो लेखिरहँदा, मेरो बुबा क्यान्सरसँग लडिरहनुभएको छ । उहाँ र मेरी आमा चर्चका सदस्य हुनुहुन्छ । उहाँहरूले प्रार्थना गरिदिनको लागि एल्डरहरूलाई बोलाउनुभयो र एल्डरहरूले आएर उहाँको निम्ति प्रार्थना गरिदिए । चङ्गाइको निम्ति गरिएको त्यो प्रार्थनाको जवाफ परमेश्वरले कसरी दिनुहुनेछ भनी हामी अहिलेसम्म त जान्दैनौं । तर म भन्नेछु कि लगभग एक दर्जनजति भक्त पुरुषहरूले मेरा बुबाआमाको बैठक कोठामा आएर मेरी आमा र बुबाको निम्ति परमेश्वरसँग आ-आफ्ना हृदय पोखाउँदै प्रार्थना गरेका अनुभवचाहिँ मेरा बुबाआमाको लागि र ती पुरुषहरूको लागि एउटा महत्वपूर्ण क्षण थियो ।

## निजी प्रार्थना

अन्त्यमा, तपाईंले व्यक्तिगतरूपमा परमेश्वरसँग अन्तरबिन्ती

गर्ने र सञ्चार गर्ने समय छुट्ट्याउनु नै पर्दछ। आशा गरौं, यहाँसम्म आइपुग्दा, एक एल्डरको रूपमा तपाईंलाई निजी प्रार्थनाको ठूलो खाँचो छ भन्ने कुरा अकाट्यरूपमा प्रष्ट छ । यदि तपाईं आफै प्रभुसँग नजिक रहेर जिउनुहुन्न भने तपाईंले बाटो बिराउनुहुनेछ र आफूसँग भेडाहरूलाई पनि लैजानुहुनेछ ।

अब तपाईंको जीवनमा निजी प्रार्थनालाई अवश्य जोर दिनुहोस् । दिनहुँ, कहीं, कसै गरी समय छुट्ट्याउनुहोस् । यात्रा गर्दा, कुकुरलाई घुमाउन लैजाँदा, फूल गोड्दा वा यताउति हिँड्दा प्रार्थना गर्नुहोस् । तपाईंको साथमा सदस्यहरूको सूचि पनि बोक्नुहोस् र फुर्सद भएको समयमा हरेक व्यक्तिलाई परमेश्वरको सामु सम्झनुहोस् ।

निजी प्रार्थना र प्रभु येशूसँग उहाँको वचनद्वारा सङ्गति गर्ने काम पास्टरहरूको माझमा सबैभन्दा बेवास्ता गरिएको एउटा बानी होला । तैपनि, योचाहिँ हाम्रा जीवन र सेवकाइहरूमा आत्मिक जीवन्तता कायम राख्नको निम्ति सबैभन्दा प्रमुख व्यवहारहरू हुन् । येशूका साना गोठालाहरू बजेट, इमेल र नीतिहरूमा समर्पित भएझैं प्रार्थनामा समर्पित भइदिए हाम्रा स्थानीय बगालहरूमा के हुन्थ्यो होला ?

## प्रार्थना सभामा सामेल हुनुहोस्

हामीले यो अध्यायको सुरुमा येशूको प्रार्थना गर्ने बानीको बारेमा चर्चा गऱ्यौं। उहाँको सार्वजनिक सेवकाइ प्रार्थनाले भरिएको र अगाडि बढाइएको थियो । एल्डरहरूले येशू (र प्रेरितहरू) को नमुनालाई हेर्नुपर्दछ र उहाँजस्तै हुन चाहनुपर्दछ ।

तर हामीले याद गर्नुपर्ने येशूको प्रार्थनाको सेवकाइको अर्को पक्ष पनि छः येशूले अझै पनि प्रार्थना गरिरहनुभएको छ ।

येशू जीवित हुनुहुन्छ र हाम्रा प्रधान पूजाहारीको रूपमा आफ्ना जनहरूको निम्ति अन्तरबिन्ती गर्दै पिताको दाहिने बाहुलीपट्टि विराजमान हुनुहुन्छ (रोमी ८:३४; हिब्रू ७:२५) । हाम्रा वकिल येशूले हाम्रो पक्षमा पितासँग कुरा गर्नुहुन्छ (१ यूहन्ना २:१) । क्रूसमा चढ्नुभन्दा केही घण्टाअगाडि, येशूले प्रार्थना गर्नुभयो कि पिताले चेलाहरूलाई यहूदाजसरी पतन हुनदेखि जोगाऊन् (यूहन्ना १७:११-१५) । अनि येशूले हाम्रो पक्षमा पितासँग कुरा गर्नुहुँदा उहाँका जनहरू परमेश्वरको अनुग्रहले निरन्तर सुरक्षित राखिन्छन् ।

त्यसैले एल्डरहरूले आफ्ना चर्चहरूको निम्ति प्रार्थना गर्दा येशूको नक्कल गरिरहेका मात्र हुँदैनन्, तर येशूसँग सामेल भइरहेका पनि हुन्छन् । साना गोठालाहरूले मूल गोठालासँग मिलेर भेडाको रक्षा गरिदिन र तिनीहरूलाई सुरक्षितरूपमा घर लैजान एकै स्वरमा बिन्ती गर्दछन् ।

# निष्कर्ष

## गोठालो गर्नुको अनन्त महत्त्व

स्थानीय झुण्डमा एल्डरको रूपमा सेवा गर्नु त एउटा ठूलो मौका र जिम्मेवारी हो किनभने त्यसको एउटा अनन्त महत्व हुन्छ। त्यो काम तर्साउने किसिमको, कतिपटक त असम्भवजस्तो देखिन्छ । तैपनि त्यो काम तपाईंले सबै कुरा खन्याउनको योग्य हुन्छ, किनभने तपाईंले त रगतले किनिएका परमेश्वरका जनहरूको पो हेरचाह गरिरहनुभएको र तिनीहरूको अनन्त भलाइ तथा परमेश्वरको अनन्त महिमाको निम्ति काम गरिरहनुभएको हुन्छ ।

त्यसैले सङ्गी तथा हुनेवाला एल्डरहरूको लागि, म गोठालोपनको यो अनन्त महत्वको प्रकाशमा दुई अन्तिम विचारहरू तपाईंहरूलाई छोड्न चाहन्छु । एउटाचाहिँ चेताउनी हो र अर्कोचाहिँ प्रतिज्ञा हो ।

सर्वप्रथम, चेताउनीः राम्रोसँग गोठालो गर्नुहोस्, किनभने तपाईंले लेखा दिनुपर्दछ । हामीले हिब्रूको पुस्तकमा अध्ययन गरेका यी वचनहरू सम्झनुहोस्:

> तिमीहरूका अगुवाहरूको आज्ञापालन गर, र आफूलाई उनीहरूको अधीनतामा सुम्प; किनकि हिसाब दिनुपर्नेहरूले

जस्तो गरी उनीहरू तिमीहरूका प्राणहरूका निम्ति जागा रहन्छन्; र यो काम उनीहरूले दुःख मान्दै होइन, तर आनन्दसाथ गरून्; किनकि यसबाट तिमीहरूलाई केही फाइदा हुँदैन । (हिब्रू १३:१७)

यो खण्डले खास गरी चर्चका सदस्यहरूलाई अर्ती दिन्छ, तर त्यसभित्रै टाँसिएका निरीक्षकहरूको निम्ति त्यहाँ एउटा चेताउनी छ । एल्डरहरू, "लेखा दिनुपर्ने व्यक्तिहरूझैं" चनाखो रहनुहोस् । चर्च प्रभु येशूको हो । उहाँले ती भेडाहरू किन्नुभएको हो । एल्डरहरू त तिनीहरूको "जिम्मा दिइएका" व्यक्तिहरूका गोठालाहरूमात्र हुन् (१ पत्रुस ५:३) । पास्टरहरूले मालिकको बगाललाई कस्तो व्यवहार गर्दछन् भनी उहाँलाई नै जवाफ दिनेछन् । हामीले उहाँकी दुलहीसँग कस्तो व्यवहार गर्दछौं भनी उहाँकी दुलहीलाई जवाफ दिनेछौं । के हामी उहाँको सत्यता, उहाँको पूर्ण सत्यता र केवल उहाँको सत्यता सिकाउँदछौं ? के हामी उहाँको भेडालाई उहाँले जसरी नै प्रेम गर्दछौं ? हामी दुर्व्यवहार गर्दछौं कि नम्र व्यवहार गर्दछौं ? हामी हाम्रा दाजुभाइ र दिदीबहिनीलाई येशूतर्फ अगुवाइ गर्दछौं कि तिनीहरूले उहाँलाई पछ्याउने प्रयास गर्दा ठेस लाग्ने ढुङ्गाको व्यवहार गर्दछौं ?

तर त्यहाँ एउटा अनन्त प्रतिज्ञा पनि छः राम्रोसँग गोठालो गर, किनभने एउटा मुकुट हासिल गर्नुपर्नेछ । पत्रुसले आफ्ना सङ्गी एल्डरहरूलाई नम्र, उदाहरणीय गोठालो गर्न अर्ती दिएपछि यो प्रतिज्ञा दिए: "अनि मुख्य गोठाला देखा पर्नुहुँदा, तपाईंहरूले महिमाको नओइलिने मुकुट पाउनुहुनेछ" (१ पत्रुस ५:४) ।

हामीले हरेक हप्ता काम गर्ने र चिन्ता गर्ने धेरै विषयहरू त नीरस हुन्छन् । उपदेशक हामीलाई स्मरण गराउँदछन् कि हाम्रो कष्ट र उपलब्धी व्यर्थ हुन्छ। हामी जम्मा गर्दछौं र निर्माण गर्दछौं, केवल अरूलाई छोडिजानको लागि । तर फलदायी गोठालोपनको लागि दिइने पुरस्कार त कहिल्यै पनि बिग्रँदैन । तपाईंले हरेक हप्ता अरू के काम गर्नुहुन्छ जसले नओलिइने मुकुट दिलाउने प्रतिज्ञा गर्दछ ?

दाजुभाइ हो, तपाईंहरूले एल्डर हुने र मूल्य चुकाउने विषयमा सोचविचार गर्नुहुँदा, असल तथा विश्वासयोग्य दासहरूको लागि राखिएको अनन्त महिमालाई पनि नबिर्सनुहोस् ।

> अनि पृथ्वीको धूलोमा सुत्नेहरूमध्ये धेरैजना – कतिजनाचाहिँ अनन्त जीवनको निम्ति, तर कतिजनाचाहिँ शर्म र अनन्त घृणाको निम्ति बिउँझनेछन् । अनि जो-जो समझदार छन्, उनीहरू आकाश-मण्डलको चमकझैं हुनेछन्; अनि जसले धेरैलाई धार्मिकतातिर फर्काउँछन्, उनीहरू ताराहरूझैं सदासर्वदा चम्किरहनेछन् । (दानियल १२:२-३)

# नोटहरू

**परिचय: "म एक एल्डर हुँ । अब के ?"**

१. मैले साधारण शब्दलाई "स्वयंसेवक" वा "बेतलबी" भन्ने सामान्य अर्थमा प्रयोग गरिरहेको छु । तलबी सेवक र साधारण विश्वासीबीच भिन्नता हुन्छ भन्ने देखाउनको लागि मैले यो शब्द प्रयोग गरिरहेको छैन । त्यसको विपरीत, यो पुस्तकले यो तर्क गर्नेछ कि एक बेतलबी एल्डर र एक तलबी पास्टर वा सेवकको एउटै भूमिका हुन्छ, यद्यपि चर्चले पास्टरलाई चाहिँ तलब दिने निर्णय गरेको हुन्छ ताकि उसले त्यो काममा धेरै बढी समय दिन सकोस् ।

२. एल्डर, निरीक्षक, गोठालो र रेखदेख गर्नु शब्दहरूलाई निम्न खण्डहरूमा कसरी एकअर्काको स्थानमा प्रयोग गरिन्छ भन्ने कुरा याद गर्नुहोस्: प्रेरित २०:१७,२८; तीतस १:५-७; १ पत्रुस ५:१-५ ।

**अध्याय १: यत्तिकै मानिलिने नगर्नुहोस्**

१. थबिती अन्याब्विले, फाइन्डिङ्ग फेथफुल एल्डर्स एण्ड डिकन्स् (ह्विटन, इलिनोईः क्रसवे, २०१२), ५७ ।

२. यो वाक्यांशलाई एकै समयमा धेरै पत्नी राख्ने कामविरुद्धको प्रतिबन्धको रूपमा लक्षित गरिएको थियो भन्ने कुरा असम्भव जस्तो देखिन्छ किनकि "एउटै पुरुषको स्त्री" वाक्यांशलाई

ती विधवाहरूलाई जनाउन प्रयोग गरिएको छ जो चर्चको सहायता पाउनको योग्यका हुन्छन् (१ तिमोथी ५:९), साथै निश्चितरूपमा ग्रीक-रोमी संसारमा एकै समयमा धेरै पतिहरू राख्ने चलन नै थिएन । यसरी बहुविवाहको भावार्थलाई पूरै हटाएपछि, उक्त वाक्यांशलाई यसरी बुझ्नुपर्दछः (१) शाब्दिकरूपमा, कहिल्यै पनि पुनः विवाह नगरेको, चाहे विवाहविच्छेद गरेको होस् चाहे विधवा भएको होस्; वा (२) साङ्केतिकरूपमा, "विश्वासयोग्य विवाहित जोडी भएको" जस्तै अर्थ बुझाउने । म पछिल्लो उल्थाको पक्षमा छु । थप छलफलको लागि, जर्ज नाइट थर्डको यो पुस्तक हेर्नुहोस्: The Pastoral Epistles: A Commentary on the Greek Text (Grand Rapids: Eerdmans, 1992), 157-58.

३. यो अत्यन्तै विवादास्पद विषय हो भन्ने मलाई थाहा छ, र दुर्भाग्यवश, मेरो दृष्टिकोणलाई समर्थन गर्ने थोरै तर्कहरूको सङ्क्षिप्त सङ्केतमात्र म दिन सक्दछु । योसम्बन्धी खण्डहरू र समस्याहरूको बारेमा पूर्ण जानकारी लिनको लागि वेन ग्रूडमको यो पुस्तक हेर्नुहोस्: Evangelical Feminism and Biblical Truth: An Analysis of More than 100 Disputed Questions (Colorado Springs, CO: Multnomah, 2004).

## अध्याय २ः भेडाजस्तै गन्ध आउने हुनुहोस्

१. यो अवधारणाको बारेमा सहायता गर्ने छलफलको लागि अलेक्ज्यान्डर स्ट्राउकको यो पुस्तक हेर्नुहोस्: Biblical Eldership: An Urgent Call to Restore Biblical Church Leadership (Littleton, CO: Lewis and Roth, 1995), 45-50.

२. कोलिन मार्शल तथा टोनी पेइनको यो पुस्तक हेर्नुहोस्: The Trellis and the Vine: The Ministry Mind-Shift That Changes Everything (Kingsford, NSW, Australia: Matthias Media, 2009).

## अध्याय ४: बरालिएकाहरूलाई सही बाटोमा ल्याउनुहोस्

१. चर्चको सदस्यताको बारेमा धेरै जानकारी लिनको लागि जोनाथन लीमन्को यो पुस्तक पढ्नुहोस्: Church Membership: How the World Knows Who Represents Jesus (Wheaton, IL: Crossway, 2012).

## अध्याय ५: अधिकार नजमाईकन अगुवाइ गर्नुहोस्

१. रोचक कुरा, मत्ती २०:२५ मा चलाइएको "अधिकार जमाउनु" अर्थ दिने ग्रीक शब्दचाहिँ पत्रुसले चलाएकै शब्द हो (१ पत्रुस ५:३) । ती पदहरूबाहेक, उक्त शब्द मर्कूस १०:४२ (मत्तीकै समानान्तर खण्ड) र प्रेरित १९:१६ मा देखापर्दछ ।

२. मार्क डेभरको यो पुस्तकमा उल्लेख गरिएको छ: Polity: Biblical Arguments on How to Conduct Church Life (Washington, DC: Nine Marks Ministries, 2001), 195.

## अध्याय ६: मिलेर गोठालो गर्नुहोस्

१. अलेक्ज्यान्डर स्ट्राउकको यो पुस्तक हेर्नुहोस्: Biblical Eldership: An Urgent Call to Restore Biblical Church Leadership (Littleton, CO: Lewis and Roth, 1995), 28.

IX 9Marks

Buiding Healthy Churches

## के तपाईंको चर्च स्वस्थ छ ?

९ चिन्हहरू चर्चका अगुवाहरूलाई बाइबलिय दर्शन र व्यवहारिक श्रोतहरूले सुसज्जित गरेर स्वस्थ चर्चहरूद्वारा परमेश्वरको महिमा राज्यहरूमा प्रकट गर्नको लागि अस्तित्वमा छ ।

हाम्रो अभिप्राय, हामी चर्चहरूलाई स्वास्थ्यको ९ चिन्हहरूमा वृद्धि गर्न सहायता गर्न चाहन्छौं जो धेरै अवस्थाहरूमा वेवास्था गरिन्छ :

१ व्याख्यात्मक प्रचार
२ बाइबलिय ईश्वरशास्त्र
३ सुसमाचारको बाइबलिय समझ
४ रूपान्तरणको बाइबलिय समझ
५ प्रचारको बाइबलिय समझ
६ चर्च सदस्यता
७ बाइबलिय चर्च अनुशासन
८ बाइबलिय चेलापन
९ बाइबलिय चर्च अगुवापन

९ चिन्हमा, हामी लेख, किताब, किताबका समिक्षा, र अनलाइन जर्नलहरू लेख्दछौं । चर्चहरू परमेश्वरको महिमा प्रकट गर्नको लागि सुसज्जित होउन् भन्ने हेतुले हामी सम्मेलनहरूको आयोजना, अन्तर्वाताको रेकर्ड, र अरु श्रोतहरूको उत्पादन गर्दछौं ।

३० भन्दा धेरै भाषाहरूमा सामाग्री पाउनको लागि हाम्रो वेबसाइटमा जानुहोस् र निस्शुल्क अनलाइन जर्नलहरूका लागि साइन अप गर्नुहोस् । हाम्रा अरु भाषाहरूका वेबसाइटको सूची तल उल्लेखित छ, र हामीहरू यसमा अझै थपिरहेका छौं :

English – 9Marks.org